## अध्याय-एक

# परिचय

### १.१ परिचय

नेपाली साहित्यमा कलम चलाउँदै आएका साहित्यिक स्रष्टा केदार न्यौपानेको जन्म वि.सं. २००६ मङ्सिर १८ गते भोजपुर जिल्लाको गोगने भन्ने ठाँउमा पिता पं. गणेशप्रसाद र माता उमादेवीका कोखबाट भएको हो । (शोधनायकसित कुराकानीको आधारमा) बुबा हजुरबुबाहरू पण्डित हुँदा उनलाई शिक्षाबाट वञ्चित गरिने सम्भावना नै थिएन । दाइ दैवज्ञराज न्यौपानेको अनुवर्ती भएर प्रारम्भमा संस्कृत र पछि औपचारिक ढङ्गले स्थानीय विद्येश्वर संस्कृत विद्यालयबाट माध्यामिक शिक्षा प्राप्त गरे । सोही विद्यालयको हस्तलिखित पत्रिका **मनोरञ्जन** मा वि.सं.२०२० सालमा **खोलाको भूत** शीर्षकको कविता प्रकाशन गरी आफ्नो साहित्यिक यात्रालाई सार्वजनिक गरे । विद्यालयीय शिक्षापछि उच्च शिक्षाका लागि पिण्डेश्वर क्याम्पस धरानमा रहने क्रममा सोही क्याम्पसबाट प्रकाशित 'नेपाल; पीपल'मा वि.सं.२०२३/०२४ सालमा **नानीहरूसित** र **भ्याउको ठाँटीमा** कविताहरूको प्रकाशनबाट आफ्नो सार्वजनिक यात्रालाई अगाडि बढाए । वि. सं. २०२३ सालमा विभिन्न पत्रपत्रिकामा देखा परेर पनि अध्ययन अध्यापन र प्रशासनमा बढी व्यस्त भएका कारण सिर्जना प्रकाशनलाई निरन्तरता दिन सकेनन् । नेपाली साहित्यमा एम. ए. गरेर वि.सं. २०३१ सालदेखि निरन्तर प्राध्यापन पेसामा संलग्न न्यौपानेले त्रिभुवन विश्वविद्यालयबाट पाठ्यक्रम विकास केन्द्र, चिकित्साशास्त्र अध्ययन संस्थान, विश्वविद्यालय अनुदान आयोग आदि संस्थाबाट विभिन्न लघु अनुसन्धानहरू गरिसकेका छन् । सिर्जना सँगसँगै फाटफुट समीक्षा क्षेत्रमा पनि कलम चलाउँदै आएका न्यौपानेको **समीक्षा सुमन** (२०६२) समीक्षात्मक कृतिका रूपमा प्रकाशनमा आइसकेको छ (शुभेच्छु, २०६४:७, पृ.८८) । उनका कलम प्राविधिक शब्दार्थवली र केही शब्दकोश सम्पादनमा समेत संलग्न गराएको देखिन्छ । सरल स्वभाव र मिलनसार व्यक्तित्व रहेका न्यौपाने सिर्जनातर्फ

कविता, गीत र गजलमा सफल सर्जकका रूपमा देखापरेका छन् भने एकाङ्की, लेखन, निर्देशनमा पनि उनको अनुभव रहेको कुरा अवगत हुन्छ । उनले आफ्ना रचनाहरूलाई चार दशकसम्म सिरानी लाएर सुत्नु हुने थिएन । ढिलै भए पनि यी कृतिहरू प्रकाशन हुनुले उनको अन्तरमुखी स्वभावलाई तोड्दै नेपाली साहित्यका एक कुशल सर्जकका रूपमा चिनाएको कुरा सुखद् रहेको छ । उनका कविताले समाजका, राष्ट्रका मात्र नभएर विश्व परिवेशका विविध क्षेत्रलाई समेटेको छ । कविले स्थानीय, आध्यात्मिक, सांस्कृतिक, भौगोलिक परिवेशदेखि लिएर विश्व परिवेशसम्म विचरण गरेका छन् । कवितामा प्रकृतिको र मानव बीचको तादात्म्य सम्बन्ध  देखाउन खोजिएका छन् ।

केदार न्यौपानेको परिचय नेपाली साहित्यमा कुनै एक विधामा मात्रै सीमित छैन, उनलाई कवि, बालकवि, गीतकार, समीक्षा, एकाङ्कीकार, पत्रिका स्तम्भ, लेखक, सम्पादक, अनुसन्धाता तथा साहित्यिक संस्था परिचालक, समाजसेवक जस्ता विविध परिचयबाट चिन्न सकिन्छ । उनले विभिन्न पत्रपत्रिका समेत सम्पादन गरेको पाइन्छ । जस्तैः देउराली, घामछायाँ, अङ्कुर, नेपाल प्राध्यापक संघका बुलेटिनहरू आदि । उनी थुप्रै पत्रिकामा स्तम्भकार पनि रहेका छन् । उनका  प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् :

१. कविता कृति

(क) **चिरन्तन** कवितासङ्ग्रह - २०६४

(ख) **सपना देख्नेहरूका लागि** कवितासङ्ग्रह - २०६४

२. सहलेखन

(क) 'Economics statics र Mathematics' लगभग १०,००० शब्दार्थवली,

३. समालोचना

(क) **समीक्षा- सुमन २०६२ (भाग १ र २)**

४. गीतसङ्ग्रह तर्फ

(क) **हिउँको छायाँमुनि गीतसङ्ग्रह** (२०६४)

५. सिद्धान्त

(क) अनुवाद - विज्ञान

(ख) कोषविज्ञान - प्राविधिक शब्दार्थवली,

## १.२ समस्या कथन

प्रस्तुत शोधपत्रमा **साहित्यकार केदार न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषयक शोधपत्रमा निम्नलिखित समस्याहरू रहेका छन् :

(क) साहित्यकार केदार न्यौपानेको जीवनीका पाटाहरू के -कस्ता रहेका छन् ?

(ख) साहित्यकार केदार न्यौपानेका व्यक्तित्वका पाटाहरू के-कस्ता छन् ?

(ग) साहित्यकार केदार न्यौपानेको कृतित्व के कस्तो रहेको छ ?

(घ) साहित्यकार केदार न्यौपानेका साहित्यिक योगदान के कस्ता रहेका छन् ?

## १.३ शोधको उद्देश्य

**साहित्यकार केदार न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषयको यस शोध पत्रमा निम्नलिखित प्राज्ञिक उद्देश्यहरूको प्रतिपादन गर्नु रहेको छ :

(क) साहित्यकार केदार न्यौपानेको जीवनीका विभिन्न पाटाहरूको अध्ययन गर्नु,

(ख) साहित्यकार केदार न्यौपानेको व्यक्तित्वका पाटाहरूको निर्क्यौल गर्नु,

(ग) साहित्यकार केदार न्यौपानेका कृतिको अध्ययन विश्लेषण गर्नु ,

(घ) केदार न्यौपानेको साहित्यिक योगदानको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार केदार न्यौपाने बहुआयामिक व्यक्तित्वका धनी हुन् । उनीद्वारा लिखित साहित्यिक कृतिहरूको अध्ययन पश्चात् विभिन्न विद्धान्हरूबाट समीक्षा भएको पाइन्छ ।

तारानाथ शर्मा (शर्मा, २०४८ पृ.३२८-३३०) ले **समसामयिक साझा कविता**मा कविता सङ्कलन गरेर प्रकाशन गर्ने क्रममा उक्त पुस्तकको भूमिकामा कवि केदार न्यौपाने राम्रा-राम्रा प्रतीकहरूको सहायता लिएर वैचारिक, तर्कशीलताका साथ कविता लेख्ने र व्यक्तित्वको चित्रण भन्दा विचारको प्रतिपादनमा बढी एकोहोरिने प्रवृत्ति भएका सफल कविका रूपमा स्थापित कवि हुन् भनेका छन् ।

राष्ट्रकवि माधव घिमिरे (२०६४) ले **हिउँको छायाँमुनि** गीती सङ्ग्रहको भूमिकामा कवि केदार न्यौपाने सरल भैकन पनि उनका गीतमा धेरै मार्मिकता झल्किएको पाइन्छ । मूलतः प्रेम प्रणयका संयोगात्मक, वियोगात्मक स्थितिको

उद्घाटन, देशभक्ति साथै सामाजिक विसङ्गतिमा न्यौपानेको कलम दगुरेको छ, भनेका छन् ।

तारानाथ शर्मा **नेपाली साहित्यको इतिहास** मा अत्याधुनिक नेपाली कवितालाई झन् झन् स्तरीयता दिँदै रहरलाग्दा अभिव्यक्ति गर्ने आशालु रचनाकार हुन् केदार न्यौपाने (२००६) । यी जाँगरिला आलोचकलाई बिर्सन नसक्ने तथ्य औँल्याएका छन् । (शर्मा, २०३९, पृ. २४३)

रमेश शुभेच्छुले **कवि केदार न्यौपाने र उनका सिर्जनात्मक कृतिहरू** (अनुसन्धानमूलक तथा साहित्यिक विशेषाङ्क, वर्ष -२, अङ्क ७, २०६४ कात्तिक पृ. ९४, राष्ट्रिय मासिक) शीर्षक अन्तर्गत कवि केदार न्यौपाने गद्य, गीति र पद्य तीन ओटै शैलीमा समानान्तर ढङ्गले कविता रचना गर्न सक्ने प्रतिभावान् कवि हुन् भन्दै उनका कविताहरूको विश्लेषण गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान, **सपना देख्नेहरूका लागि (वि.सं. २०६४)** कविता सङ्ग्रहको भूमिकामा **केदार न्यौपाने र उनका गद्य कविता** शीर्षक राखी कृष्णचन्द्र सिंह प्रधान भन्दछन्, 'कवि न्यौपाने प्रकाशन र चर्चा परिचर्चामा अनाशक्त छन् । उनका यस सङ्ग्रहमा सङ्कलित कविता रचनाको समयसीमा निकै लामो भए पनि यहाँका कविताले नेपालमा विकसित पछिल्ला घटनाक्रमलाई बढी लक्ष्य गरेका छन्' भनी आफ्नो विचार उल्लेख गरेका छन् ।

प्रह्लाद पोखरेल **कवि केदार न्यौपानेका कवितात्मक प्रवृत्ति** शीर्षकमा देश र लोकतन्त्र प्रतिको गहिरो संवेदनशीलता, मानवता र प्राणीप्रतिको अपार ममता, दुःखी र पीडितप्रतिको मार्मिक सहानुभूति र प्रकृति चराचर जगत्प्रतिको स्वभाविक प्रेमका साथ इमानदारीको अटुट आराधना कवि केदार न्यौपानेका कवितात्मक प्रवृत्ति हुन् । न्यौपानेका प्रायः कविताहरू उनको जीवनशैलीका निकट भेटिन्छन् भन्ने कुरा उल्लेख गरेका छन् (पोखरेल, २०६४, पृ. ६९) ।

महेश प्रसाई **जीवन जस्तै कविता, कविता जस्तै जीवन** शीर्षकमा काव्य चेतना र जीवन व्यवहारमा अलिकति पनि फरक नदेखिनु हुने कवि न्यौपाने कवितामा पनि सरल जीवन चरित्रमा पनि त्यतिकै मिजासिलो हुनुको कारण उहाँको जीवन र

कवितामा परस्पर सामञ्जस्य छ, विरोधाभाष छैन । कविता उच्चकोटीको लेखेर भौतिक व्यवहारमा थोरै लालसासित हार्नेहरूका अघिल्तिर उहाँ कविताजस्तै जीवन र जीवन जस्तै कविता हुनुहुन्छ भनी प्रशंसा गरेका छन् ।

ठाकुर पराजुली **चिरन्तन कविता सङ्ग्रह**को (वि.सं.२०६४) भूमिकामा भन्छन्, कवि न्यौपाने नेपाली आँट र नेपाली अठोटका जिउँदा जाग्दा उदाहरण हुन् । यी कविताहरूमा राष्ट्रिय परिप्रेक्ष्यका सर्वाङ्गीण पक्षमा पुन निर्माणको अपेक्षा तथा देशबासीको दक्षतालाई उनले सरल र सरस अभिव्यक्तिमार्फत प्रकट गरेका छन् । यस्ता कर्मठ प्रतिभाको हामी सबैले कदर गर्नुपर्छ ।

रमेश शुभेच्छु **चिरन्तन कविता सङ्ग्रह**को (वि. सं.२०६४) **एउटा पाठकीय आलेख** लेखमा उनी भन्दछन्, 'उनले आफ्ना रचनाहरूलाई चार दशकसम्म सिराने लाएर सुत्नु हुने थिएन । ढिलै भए पनि यी कृति प्रकाशन हुनुले उनको अन्तरमुखी स्वभावलाई तोड्दै नेपाली साहित्यका एक कुशल सर्जकका रूपमा चिनाएको कुरा सुखद् रहेको छ' भनी प्रस्ट पारेका छन् ।

कृष्ण प्रसाई **नेपाली समसामयिक कविताहरू** पुस्तकका रूपमा केदार न्यौपानेको **सयपत्रीको बोट र धानको बाला**, म र मेरो देश कविता छापिएको छ । उनका ती कविताहरूमा बिम्वात्मक प्रस्तुति भएको पाइन्छ र ती कविताले एकता र राष्ट्रबोधको सन्देश दिएको छ भनी भन्दछन् ।

यसरी विभिन्न विद्वान्हरूले उनका कविताहरूका बारेमा सामान्य समीक्षा गरे तापनि सूक्ष्म र सर्वपक्षीय खोज अनुसन्धान भने भएको पाइँदैन ।

## १.५ शोधको औचित्य र महत्व

आधुनिक नेपाली साहित्यमा कलम चलाउने साहित्यकार केदार न्यौपाने एक उल्लेखनीय साहित्यकार हुन् । यिनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन अनुसन्धान गरी वास्तविकता पत्ता लगाउनु र उनका कृतिहरूको विश्लेषण समेत गरी साहित्यकार केदार न्यौपानेलाई साहित्यिक क्षेत्रका माध्यमबाट पाठक माझ चिनाउनु र भावी पुस्तालाई न्यौपानेका बारेमा तथा उनको साहित्यिक योगदानका बारेमा यथार्थ एवम् वस्तुगत जानकारी गर्नु नै यस शोधकार्यको औचित्य रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

साहित्यकार केदार न्यौपानेको जीवनी र व्यक्तित्वको जानकारी गराउँदै उनको कृतित्वको अध्ययन गर्नु यस शोधको कार्यक्षेत्र हो र उनको साहित्यिक यात्राको सुरुदेखि हालसम्मका कृतिहरूको विवरण प्रस्तुत गरी **चिरन्तन** कविता सङ्ग्रहको यथायोग्य किसिमले विश्लेषण गर्नु यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्रलाई विश्वसनीय र प्रमाणिक एवम् पूर्णता दिने क्रममा सामग्री सङ्कलनका लागि खासगरी पुस्तकालयीय विधिलाई नै स्वीकार गर्दै अगाडि बढाइएको छ । यसका लागि सम्बद्ध पुस्तक र पत्रपत्रिकाको अध्ययन गर्दै स्वयम् कवि न्यौपाने र उनका परिवार आफन्तसँग अन्तर्वार्ता पद्धतिको प्रयोग गरिएको छ । यसका साथै न्यौपानेका निकटका व्यक्तिहरूलाई भेट गरी लिखित र मौखिक रूपमा आवश्यक अन्तर्वार्ताका माध्यमबाट यथासम्भव जानकारी प्राप्त गरी आवश्यक सामग्री र सूचना सङ्कलन गरिएको छ । शोधनायकसित सम्बद्ध कृति प्राथमिक सामग्री र सन्दर्भ कृति द्वितीयक सामग्री रहेका छन् ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको रूपरेखा र संरचनालाई व्यवस्थित प्रभावकारी बनाउनका लागि निम्नलिखित अध्यायमा विभाजन गरिएका छन् :

**अध्याय एक** : शोध परिचय,

**अध्याय दुई** : साहित्यकार केदार न्यौपानेको जीवनीको अध्ययन,

**अध्याय तीन** : साहित्यकार केदार न्यौपानेको व्यक्तित्वको अध्ययन,

**अध्याय चार** : साहित्यकार केदार न्यौपानेका कृतित्वको अध्ययन

**अध्याय पाँच** : केदार न्यौपानेको काव्य प्रवृत्ति र प्राप्तिको अध्ययन

**अध्याय छ** : उपसंहार एवम् निष्कर्ष ।

उल्लिखित अध्यायका शीर्षकलाई पनि आवश्यकता अनुसार विभिन्न उपशीर्षकमा विभाजन गरी साहित्यकार केदार न्यौपानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र मूल्याङ्कन पश्चात् शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थहरूको सूची समेत प्रस्तुत गरिएको छ ।

# अध्याय-दुई

# साहित्यकार केदार न्यौपानेको जीवनीको अध्ययन

## २.१ परिचय

मानिसको जीवनको अनेकौं आयाम नै जीवनी हो । कुनै पनि व्यक्ति जन्मेर उसको मृत्युसम्म जुन कार्य गर्दछ वा कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखाइ वा उसले जीवनभरि गरेका काम कुराहरूको इतिहास नै जीवनी हो । जीवनी साहित्यलाई इतिहासकै एक अंश मान्न सकिन्छ (श्रेष्ठ र शर्मा, २०५९ पृ.१७०) ।

जीवनीलाई जीवन चरित्र पनि भनिन्छ । जीवनको अङ्ग्रेजी पर्यायलाई लाइफ अर्थात् बायोग्राफी पनि भनिन्छ । जीवनीमा व्यक्तिको जीवनमा घटेका घटनाहरू तथा चरित्र, पेसा, संस्कार आदि महत्वपूर्ण अंशहरू दिएर उसले समाजमा दिएको योगदान लेखी त्यसको मूल्याङ्कन पनि गरिएको हुन्छ (बराल र एटम्, २०६६ पृ.३०४) जीवनी लेखनमा कल्पनाभन्दा वस्तुगत तथ्यको सर्वाधिक महत्व हुन्छ । जीवनी त्यस्ता विशेषतः महान् व्यक्ति जसले समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् तिनैको लेखिन्छ ।

त्यस्तै बाल्यकालदेखि नै साहित्य सिर्जनालाई निरन्तर रूपमा अगाडि बढाउँदै आएका साहित्यकार केदार न्यौपाने नेपाली साहित्य क्षेत्रका एक उज्ज्वल नक्षत्र हुन् । साहित्यका विविध विधामा सफलतापूर्वक कलम चलाउँदै आएका न्यौपाने यसका अतिरिक्त विश्वविद्यालय सेवामा निरन्तर जुटिरहेका छन् । साहित्य र शिक्षा सेवामा आफ्नो छुट्टै पहिचान बनाउन सफल न्यौपानेका जीवनवृत्तको अध्ययन गर्नु यस अध्यायको मुख्य विशेषता रहेको छ ।

## २.२ जन्म र जन्मस्थान

नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने कोसी अञ्चलमा अवस्थित दुर्गम पहाडी जिल्ला भोजपुरको गोगने गाउँमा वि.सं. २००६ साल मङ्सिर १८ गते मंगलबारको दिन आमा उमादेवी न्यौपाने र पिता गणेशप्रसाद न्यौपानेका काइँला छोराका रूपमा

जन्मिएका केदार न्यौपाने साहित्यिक फाँटका स्रष्टा हुन् । उनको न्वारनको नाम दुर्गा प्रसाद न्यौपाने हो, जसअनुसार राशि मीन हुन आउँछ । (शोधनायकसँगको वार्तालापबाट) कवि न्यौपानेका तीन दाजु, एक भाइ र एक बहिनी छन् । हाल उनी काठमाडौँ नयाँ बानेश्वरमा बसोबास गर्दछन् । आफ्नो जन्मस्थान गोगनेमा यिनको सम्बन्ध सुमधुर रहिरहेकै छ (शोधनायकसँग गरेको कुराकानीबाट) ।

कवि केदार न्यौपाने नेपाली साहित्यको कविता, गीत, गजल, हाँस्यव्यङ्ग्य, एकाङ्की, नाटकजस्ता सृजनशील विधा र समीक्षा एवम् अनुवाद विधामा कलम चलाउनुका साथै समाजसेवामूलक कार्य र सफल प्राध्यापकका रूपमा समेत चिरपरिचित छन् । कवि न्यौपानेको आगमन नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय पक्षको रूपमा रहेको छ ।

## २.३ पुर्ख्यौली

साहित्यकार कवि केदार न्यौपानेको भनाइअनुसार उनका पुर्खाहरू पनि भोजपुरकै हुनुहुन्छ । उहाँको बाजे छविलाल न्यौपाने हुनुहुन्छ । केदार न्यौपानेका बुबा गणेश प्रसाद न्यौपानेको जन्म १९५४ मा भयो । सानैदेखि सामान्यतः कृषि व्यवसाय र पुराण वाचन र ज्योतिषसम्बन्धी काममा संलग्न उच्च घरानियाँ संस्कार र विद्धत् परम्परामा विकसित न्यौपाने वंशमा उहाँका बाजे विख्यात पण्डित हुनुहुन्थ्यो भने बुबा चाहिँ पण्डितका साथै विज्ञान र ज्योतिषशास्त्रमा पनि निपुण हुनुहुन्थ्यो ।

## २.४ बाल्यकाल

मध्यम वर्गीय ब्राह्मण परिवारमा जन्मिएका केदार न्यौपानेको बाल्यकाल आफू जन्मिएको ठाउँ भोजपुरको गोगने गाउँमै व्यतित भएको देखिन्छ । बुबा बाजेहरू परम्परागत खेतिपाती व्यवसायी र पण्डित भएकाले उनको परिवारले आर्थिक समस्याको खासै सामना गर्नु परेन । शिक्षित परिवारमा जन्मिएका कारण अभिभावकहरूबाट शिक्षा, स्वास्थ्य, खानपान आदिमा न्यौपानेको विशेष ख्याल राखिन्थ्यो । आफ्ना अभिभावकहरूका रेखदेखमा हुर्किएका न्यौपाने सानै उमेरदेखि मिलनसार, तीक्ष्ण बुद्धि र सबै साथी-सङ्गीहरूलाई समान व्यवहार गर्ने भएका कारण सबै साथीहरूले उनलाई उत्तिकै मन पराउँथे । उनलाई २,४ वर्षकै उमेरमा मावली

हाल खोटाङ जिल्लाको कुभिण्डे गा.वि.स.को पोखेल परिवारमा लगी पूरै तीन वर्ष उही हजुर बा, हजुरआमा, मामा र सानिमाहरूको संरक्षणमा राखियो । आमा उमादेवी न्यौपानेको मातृवात्सल्य एवम् पिता गणेशप्रसाद न्यौपानेको उचित रेखदेखका साथै दाजुभाइ र बहिनीका साथमा सुमधुर प्रेमलाई बढाउँदै पारिवारिक स्नेह र ममतामा बडो रमाइलोसँग न्यौपानेको बाल्यकाल बितेको थियो (केदार न्यौपानेसँगको कुराकानीबाट) ।

कवि न्यौपानेका जेठी आमा विष्णुमायाका कोखबाट दुई दाजुहरूको जन्म भएपछि उहाँको निधन भएका कारण न्यौपानेका आमा उमादेवी (कान्छी) को कोखबाट दोस्रो सन्तानका रूपमा कवि न्यौपानेको जन्म भयो । उनी आफ्नी माता दोस्रा र पिताका काइँला सन्तान हुन् । बुबा हजुरबुबाहरू पण्डित नै हुनाले उनीलाई सानैदेखि राम्रो संस्कार सिक्ने मौका भयो ।

कवि न्यौपाने प्रायः घरमा बसे तापनि विद्यालयमा हुने गर्मी, जाडोको लामो विदामा मावली घर जहाँ आफू सानामा प्रेमपूर्वक हुर्केको खोटाङको कुभिण्डे पनि जाने गर्दथे । त्यस्तो समयमा उनका आफ्नै हजुरबुबा, हजुरआमा र मामा, सानी आमाहरूले उनलाई कहिलेकाहीँ वल्लो गाउँ पल्लो गाउँ घुमाउने गर्दथे । यसरी मावलीको न्यानो मायामा हुर्किएका न्यौपाने उमेरको प्रारम्भ विन्दुमा उनीमा सुरक्षा र संरक्षणको भावना विकास भयो । न्यौपानेका परिवारमा पनि गाईवस्तु पाल्ने चलन थियो । विद्यालय छुट्टी भएको बेला उनी गाईवस्तु चराउने कामका लागि नजिकैको ठूला खर्क र वनमा जानुका साथै जङ्गली फलफूल जस्तैः काफल, बयर, ऐसेलु आदि टिपेर खाने गरेको बुझिन्छ ।

परिवारका अधिकांश सदस्यहरू साक्षर र बौद्धिक एवम् परम्परागत आदर्श, संस्कार बोकेको गाउँ भएकाले बाल्यकालदेखि नै सभ्य समाजसँगको सङ्गतले गर्दा कवि न्यौपानेमा बाहिरी कुसङ्गतको प्रभाव पर्ने कुरै भएन । यसरी प्राकृतिक सौन्दर्यले भरिपूर्ण, चारैतिर हरियाली, स्वच्छ वातावरण, अनुकूल हावापानी, स्वस्थ समाज, आधुनिक भौतिक विकासका पूर्वाधारहरूबाट वञ्चित ऐतिहासिक जिल्ला भोजपुरको गोगनेमा न्यौपानेको बाल्यकाल आनन्दानुभूति, सुखमय वातावरणमा राम्रैसँग व्यतीत भएको थियो (शोधनायकसँगको कुराकानीका आधारमा) ।

## २.५ शिक्षा-दीक्षा

शिक्षा-दीक्षाको कुरा गर्दा ज्ञान आर्जन गर्नु अर्थात् कुनै गुरुहरूबाट ज्ञान सिक्नु वा मन्त्र पढ्नु भन्ने बुझिन्छ । (नेपाली बृहत् शब्दकोश, पृ. ६५२,२०५०) विद्यालय, महाविद्यालय आदिमा र घरैमा पनि नियमित रूपले अध्ययन गर्ने, गराउने वा पढाइ अथवा ज्ञान दिने-लिने काम जो सुनेर, हरेर वा अन्य प्रकारले समाज र प्रकृतिमार्फत ग्रहण गरिने सैद्धान्तिक तथा व्यावहारिक विषयको बोध गर्नु गराउनुलाई नै शिक्षा-दीक्षा भनिन्छ (ऐजन, पृ. १२६०) ।

मानवीय जीवनमा शिक्षा अपरिहार्य हुन्छ । शिक्षित परिवारका बालबालिकाहरूले पढाइ लेखाइमा राम्रो अवसर पाउने र अशिक्षित परिवारका बालबालिकाहरूले त्यो अवसरबाट केही वञ्चित हुनुपर्ने अवस्था पनि आउन सक्छ तर केदार न्यौपानेलाई आफ्ना हजुर बुबा, बुबाहरू नै पण्डित हुनाले त्यो समस्या परेन तापनि गाउँको चलन अनुसार खेतीपातीमा संलग्न हुनुपर्दा केही अप्ठ्यारो परिस्थितिहरू छिचोलेर आफ्नो शैक्षिक यात्रा अगाडि बढाए । उनले आफ्नो सहोदर दाजु दैवज्ञराज न्यौपाने र बुबा गणेश प्रसाद न्यौपानेबाट प्रेरणा प्राप्त गरी मावली घरमा अक्षराम्भपछि औपचारिक ढङ्गले षडानन्द संस्कृत पाठशाला, दिङलामा लगभग एक वर्ष बसी प्रवेशिका तहको परीक्षा पास गरे (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

विद्यालयीय शिक्षापछि उच्च शिक्षाका लागि पिण्डेश्वर क्याम्पस धरान आए । यसपछि उच्च शिक्षाका लागि काठमाडौँ आई त्रि.वि.बाट आचार्य दोस्रो वर्षसम्मको अध्ययन गरी त्रि.वि. बाटै नेपाली विषयमा एम. ए. उत्तीर्ण गरे । हाल विद्यावारिधि (पी.एच.डी.) को अध्ययन पूरा भई शोधग्रन्थ तयार पारी अन्तर्वार्ताको क्रममा रहेको बुझिन्छ (केदार न्यौपानेसँगको कुराकानीका आधारमा) ।

यसरी कवि न्यौपाने पारिवारिक सहयोग विभिन्न व्यक्ति, व्यक्तित्वहरूको प्रेरणा र प्रभाव अनि आफ्नो परिश्रमी मिहिनेती तथा लक्ष्यमा पुग्न जस्तोसुकै परिस्थितिसँग जुध्न सक्ने स्वभाव भएका कारणहरूले गर्दा नै शिक्षा क्षेत्रमा सफलता पाउन सक्षम छन् ।

### २.५.१ लेखन यात्रा तथा प्रेरणा र प्रभाव

प्रत्येक व्यक्तिलाई समाजका अन्य व्यक्तिहरूका विभिन्न क्रियाकलाप र व्यवहारले प्रभाव पार्नु स्वाभाविक हो । अग्रज वा प्रतिष्ठित व्यक्तित्वको विचार र

चिन्तनले जोसुकैलाई पनि प्रभावित पार्न सक्छ । समाजका हरेक क्षेत्रका व्यक्तिहरूको प्रभाव र प्रेरणाले गर्दा प्रत्येक व्यक्तिले आफ्नो जीवनको मार्गचित्र कोर्दै आफ्नो उद्देश्यसम्म पुग्न सफल हुन्छ । वस्तुतः केदार न्यौपानेले पनि साहित्य लेखन सिर्जनाका क्रममा समाजका विभिन्न व्यक्तिहरू, वातावरण, परिवेश, परिस्थिति आदिबाट प्रशस्त प्रेरणा र प्रभाव ग्रहण गरेको देखिन्छ । केदार न्यौपानेले आफू जन्मेको ठाउँ भोजपुरकै स्थानीय परिवेशका साथै आफ्नै सहोदर दाजु दैवज्ञराज न्यौपानेबाट पहिलो प्रत्यक्ष प्रेरणा पाएका हुन् भने अप्रत्यक्ष रूपमा लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, गोपालप्रसाद रिमाल आदि मूर्धन्य साहित्यिकारका रचना श्रवण र पठनले पाएका हुन् । अक्षरै नचिनी गाउँछ गीत नेपाली...कण्ठ आउथ्यो । सो राष्ट्रकविको गीत रहेछ पछि थाहा पाइयो भन्ने भनाइ न्यौपानेको छ । पठनपाठनको क्रममा अघि बढ्दै जाँदा स्थानीय अग्रज र समकालिक साहित्यकारहरू ज्ञानमणि नेपाल, परशु प्रधान, शैलेन्द्र साकार, कृष्ण जोशी, मेघराज मञ्जुल आदिको साहित्यिक सर सङ्गत, विभिन्न साहित्यिक पत्र पत्रिका र राष्ट्रिय स्तरमा विशिष्ट ख्याति कमाएका हरिभक्त कटुवाल, भूपि शेरचनलगायत दर्जनौं सफल स्रष्टाहरूको प्रभावले हालसम्मको साहित्यिक व्यक्तित्व उच्च हुनुमा उत्प्रेरित भएको पाइन्छ । भोजपुर गोगनेमा अवस्थिति विद्येश्वर संस्कृत मा.वि. र धरानको पिण्डेश्वर क्याम्पस पुस्तकालय एवम् फ्रेन्डस क्लबको परिवेश पनि नजानिँदो पाराले साहित्य लेखनतर्फको अभिरुचिलाई मलजल गरेको उनको भनाइ छ । वि.सं. २०२० सालमा विद्येश्वर संस्कृत विद्यालयबाट हस्तलिखित पत्रिकामा प्रकाशित **खोलाको भूत** शीर्षकको कविता प्रकाशन गरी उनले आफ्नो साहित्यिक लेखन यात्राको प्रथम पाइलो चाले भने धरानको पिण्डेश्वरबाट प्रकाशित पत्रिकाहरू नेपाल, पीपलबाट यो यात्रालाई अगाडि बढाए ।

## २.६ दाम्पत्य जीवन र पारिवारिक स्थिति

सामान्यतः विवाह भनेको संसारको सृष्टिको सुरुदेखि नै मानवका लागि स्वीकारिने अनिवार्य संस्कार हो । कवि केदार न्यौपानेको विवाह पनि खोटाङ जिल्लाको इन्द्रेनीपोखरी गा.वि.स.निवासी मधुसुदन भट्टराईको सुपुत्री सरिता भट्टराईसँग २०१८ सालमा मागी विवाह भएको थियो । विहे गर्दा उनी १४ वर्षका र धर्मपत्नी सरिता

भट्टराई १३ वर्षकी थिइन् । उनीहरूको विवाह मा.वि. अध्ययनकै समयमा भएको थियो । एक अर्काको भावना बुझ्ने यी जोडीबाट तीन सन्तानको सिर्जना भएको छ । आफ्ना सन्तानको भविष्यप्रति सदा चिन्तिन रहने यी दम्पती अझै आफ्ना सन्ततिको शिक्षा, स्वास्थ्य र हेरविचारमा निरन्तर लागिरहेका छन् । वि.सं. २०२७ सालमा उनको प्रथम सन्तानको रूपमा पुत्र दीपकले जन्म लिए । त्यससमय आमा सरिता २३ वर्षकी थिइन् भने बाबु केदार न्यौपाने २४ वर्षका थिए । यसपछि २०३४ सालमा दोस्रो सन्तानका रूपमा पुत्र मोहनको जन्म भयो भने तेस्रो सन्तानका रूपमा २०४० सालमा राजीवको जन्म भयो ।

यसरी समष्टिमा भन्नुपर्दा केदार न्यौपानेको पारिवारिक एवम् वैवाहिक जीवन सरल, सहज र सन्तुलित रूपमा व्यतीत भइरहेको छ ।

## २.७ आर्थिक अवस्था

भौतिक जगत्मा बाँच्नका लागि आर्थिक अवस्थाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जीवन जीउने माध्यमका रूपमा अर्थोपार्जन अपरिहार्य मानिन्छ । पूरातनवादी विचारमा जो व्यक्ति आर्थिक रूपमा सम्पन्न छ उसलाई समाजले माथिल्लो दर्जामा राख्ने र उनीहरूलाई तल्ला वर्गका मानिसले मान सम्मान दिने मान्यता रहँदै आएको छ । तत्कालीन समयमा आर्थिक रूपमा सम्पन्न र माथिल्लो वर्गका मानिसहरूलाई मुखिया उपनाम दिइन्थ्यो । समाजमा मुद्दा मिलाउनेदेखि लिएर हरेक सामाजिक कार्यमा मुखियाको प्रमुख हात रहन्थ्यो । यिनीहरू त्यस समाजमा शोषक तथा सामन्ती पनि हुन सक्थे । केदार न्यौपानेको परिवार पनि मध्यम वर्गको ब्राह्मण परिवार र आर्थिक रूपमा तुलनात्मक रूपले सबल भएकाले गाउँलेहरूले पण्डित बा, मुखिया भनेर नै पुकार्थे । तर पनि त्यस परिवारमा शोषक तथा सामन्ती सोच पटक्कै थिएन । समाजमा बस्ने हरेक वर्ग र व्यक्तिहरूलाई समान व्यवहार गर्ने, गरिब तथा तल्लो वर्ग, दीन दुःखीहरूको सेवा गर्ने, सामाजिक कार्य गर्नेलाई हौसला दिई सहयोग गर्ने, केदार न्यौपाने परिवारको स्वभाव थियो । जसले गर्दा उनीहरूलाई अगाडि बढ्न प्रेरणा मिलेको पाइन्छ ।

केदार न्यौपानेको परिवारको आर्थिक अवस्था आरम्भदेखि नै ठिकै थियो । उनी आफूलाई धनी वा गरिब दुवै मान्दैनन् । तापनि पुर्ख्यौली अंश केही नलिईकन

काठमाडौँ आएका न्यौपानेले आफ्नै क्षमताले आफूलाई पुग्ने सम्पत्ति जुटाएका छन् । उनले आर्थिक लाभका लागि कतै कहीँ लगानी गरेका छैनन् । जति लगानी गरेका छन् आफ्नै सन्तानको पढाइको लागि मात्र गर्न सकेको बताउँछन् । मध्यम वर्गीय आर्थिक अवस्था भएका कवि न्यौपानेलाई आफ्ना सन्तानले समेत आ-आफ्नो बाटो पक्रेलान् भन्ने विश्वास लिएका छन् र परिश्रमपूर्वक जीउनुलाई नै उनी जीवनको सफलता ठान्दछन् (केदार न्यौपानेले दिएको जानकारी अनुसार) ।

## २.८ पेशागत संलग्नता

केदार न्यौपानेको पेशागत संलग्नतालाई हेर्दा प्रमाणपत्र तह र स्नातक तहको अन्तिम वर्षको परीक्षा दिइसकेपछि केही महिना गाउँकै विद्यालयमा स्वयम् सेवकको रूपमा शिक्षा प्रदान गरेको, नेपाल आदर्श मा.वि. गणबहालमा लगभग १ वर्ष (वि.सं.२०३०) अध्यापन, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कीर्तिपुरमा प्राध्यापन (वि.सं.२०३१), वि.सं.२०३२ सालदेखि त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्ज क्याम्पसमा प्राध्यापन पेशामा रहँदा विभिन्न परियोजना, केन्द्र, अस्पताल, आदिमा सम्पादक, संयोजक रही शिक्षणका अतिरिक्त अनुवाद, लेखन, सम्पादन र समाज सेवामूलक कार्यमा योगदान दिएको पाइन्छ ।

यसैगरी वि.सं.२०३६ सालदेखि पेशागत संघ सङ्गठनमा संलग्न भई प्राध्यापक वर्गको हित संरक्षणमा नेतृत्वदायी भूमिका पनि निर्वाह गर्दै आएको देखिन्छ । आफू प्राध्यापन व्यवसायमा रहँदा रहँदै त्रिभुवन विश्वविद्यालयको अनुमति लिई क्याम्पस, स्कुल, स्थापनामा संलग्न भएकाले शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । जस्तैः वि.सं. २०४७ सालमा सामूदायिक क्याम्पस, वानेश्वरको संस्थापक भई प्राज्ञिक क्षेत्रमा लामो समय शैक्षिक, प्रशासनिक नेतृत्व दिएको पाइन्छ भने उनको आवास आसपासमा रहेका विभिन्न स्कुल, कलेज, क्लब, सामूदायिक संघ संस्थामा विभिन्न पदीय दायित्वका साथै सल्लाहकारको भूमिका निर्वाह गरेको पाइन्छ । यस्तै त्रिभुवन विश्वविद्यालयको नियमलाई पालना गरी बेतलबी काजमा रहेर सामुदायिक कलेजको क्याम्पस प्रमुखमा समेत केही वर्ष सेवा गरेर हाल पाटन संयुक्त क्याम्पसमा प्राध्यापन गर्दै नेपाली शिक्षण समितिको विभागीय प्रमुखको जिम्मेवारी समेत निर्वाह गर्दै आएका न्यौपानेका सिर्जनाशीलता र कर्तव्यनिष्ठतामा अझै उत्तिकै ताजापन देखिन्छ (उहाँकै साथीसँग भएको अन्तर्वार्ताबाट) ।

## २.९ रुचि र स्वभाव

हरेक व्यक्तिमा आ-आफ्नै रुचि र स्वभाव हुन्छन् । यसलै व्यक्तिको व्यक्तित्व निर्माण गर्दछ । केदार न्यौपानेमा पनि आफ्नै किसिमको रुचि तथा स्वभाव रहेको देखिन्छ । न्यौपाने बाल्यकालदेखि नै साहित्य सिर्जनातर्फ रुचि राख्ने हुनाले विद्यालय स्तरमा नै विभिन्न, साहित्यिक कार्यक्रमहरूमा कविता वाचन गर्ने र नाटक अभिनय, लेखन, निर्देशनमा भाग लिने गर्दथे । जसले गर्दा अहिले उनलाई एउटा सफल साहित्यकार हुन सहयोग पुग्यो । कवि न्यौपानेलाई खानापिनामा कुनै खास सोख छैन तापनि हरिया सागको तरकारी भने विशेष मन पराउँछन् । अम्मलप्रति कुनै रुचि नभएका न्यौपाने मानव सेवालाई नै धर्म मान्दछन् ।

केदार न्यौपाने समाजका विभिन्न सामाजिक कार्यहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न रहँदै आइरहेका छन् । न्यौपानेको प्रमुख रुचि समाज सेवा भएको बताउँछन् । साहित्य तथा प्रशासनिक क्षेत्रको सेवाबाट विभिन्न व्यक्ति, व्यक्तित्वका समस्याहरूसँग परिचित हुने मौका पाएका न्यौपाने कसैलाई चित्त नदुखाउने, नराम्रो काम सकभर नहोस् भन्ने र आफूसँग सहयोग माग्न आउने जति सबैलाई सक्दो दुःख निवारण गर्न रुचाउने स्वभाव, सहयोगी भावना न्यौपानेमा पाइन्छ । आध्यात्मिक चिन्तनमा पनि उत्तिकै विश्वास गर्ने न्यौपाने बाल्यकालमा जस्तो बेलाबेलामा ब्रत बस्ने काम भने अहिले गर्दैनन् तापनि वैचारिक उपासनामा उनको रुचि छ । पोसाकका सन्दर्भमा सादा पोसाक मन पराउँछन् भने औपचारिक कार्यक्रममा राष्ट्रिय पोसाक र सुट दुवै पहिरिने बानी उनमा रहेको छ । उनीमा सानैदेखि सहनशील, धैर्य, अदम्य साहस, निर्भिक कर्तव्यपरायणता, इमान्दारिता कसैको दबाबमा रहेर काम गर्न नचाहने गुण रहेको छ (उहाँकै साथीसँग भएको अन्तर्वार्ताबाट) ।

उनी अत्यन्त मर्मस्पर्शी, संवेदनशील, कर्तव्यनिष्ठ, दूरदर्शी, दयालु, साह्रै मिलनसार कसैको दुःख हेर्न नसक्ने शिल्प व्यवहार र कुशल स्वभावका छन् । बालककालमा साथीहरूसँग प्रसस्तै डण्डीबियो खेलेका न्यौपानेले कहिलेकाहीँ खोपी र आक्कल झुक्कल गुच्चा अनि भलिबल पनि खेले जसबाट साहित्यकार न्यौपाने खेलप्रेमी पनि हुन् भन्ने बुझिन्छ ।

यसरी उनी विश्व साहित्यका ठूलठूला पुस्तकका ठेली पल्टाएर पढ्नुका साथै साहित्य सिर्जनामा कलम समातेर र सङ्गीतमा आफूलाई समाहित गरेर आफूलाई साहित्यभित्र भुलाउने प्रयत्न गर्दछन् ।

## २.१० साहित्यिक लेखन

यसमा कवितालाई विशेष महत्व दिने न्यौपानेले गीत र अन्य गजल, बालसाहित्य, नाटक, समीक्षामा पनि हात हालेको पाइन्छ । हाल यात्रा संस्मरणमा उनी सक्रिय भएको कुरा उनीसँगको निकटताबाट बुझिन्छ । जुनसुकै विधामा कलम चलाए तापनि जीवनको सकारात्मक पक्षमा जोड दिने न्यौपानेले सामाजिक मर्यादा र मानवीय आदर्शप्रति सकारात्मक दृष्टि राखेको पाइन्छ । भाषा शैलीमा सरल र आलङ्कारीक दुवै किसिमका अभिव्यक्तिले अवस्थाअनुसार ठाउँ पाएको देखिन्छ । उनका अधिकांश रचनाले माटो र मुटुको सम्बन्धलाई दर्शाउँदै राष्ट्रिय चिन्तनबाट अन्तर्राष्ट्रिय भावनाको शिखरलाई आरोहण गरेको देखिन्छ ।

## २.११. जीवनदर्शन, विश्वास र मान्यता

मध्यम वर्गीय ब्राह्मण परिवारमा जन्मिएका केदार न्यौपाने बाल्यकालदेखि नै परिश्रमी, मिहनेती हुने पाठ सिक्दै र गर्दै आएका हुनाले आफ्नो जीवनको केही समय समाज सेवामा लाग्नु पर्छ भन्ने मान्यताले गर्दा समाज सेवामा आफूलाई संलग्न गराएको देखिन्छ । उनी समाजलाई न्याय गरे आफूलाई पनि राम्रै फल मिल्ने विश्वास राख्दछन् । सबै मानिसको जीवनप्रति आ-आफ्नो धारणा हुन्छ भने जस्तै न्यौपाने पनि जीवन भनेको संघर्षशील भएको र यस संघर्षशील जीवनलाई सफलतापूर्वक व्यतीत गर्दै र जीवनमा आइपरेका समस्याहरूलाई समाधान गर्दै अगाडि बढ्न सक्नु जीवन हो भन्ने मान्यता राख्दै रचनात्मक संघर्षमय जीवनप्रति विमुख भएर होइन त्यसलाई सहर्ष स्वीकार गर्दै जानुपर्ने आदर्शवादी भावना भएका व्यक्ति हुन् । न्यौपाने जीवन भोगाईसँग संघर्ष गर्दा, कहिलेकहीँ परम्जन्म र पूर्वजन्ममा पनि विश्वास गर्नुपर्ने स्थिति हुँदोरहेछ भन्छन् । ईश्वरप्रति उत्तिकै आस्था र विश्वास राख्ने साहित्यकार न्यौपाने जीवन भोगाइका क्रममा मानिसले अदृश्य शक्तिलाई केही समय दिनुपर्छ भन्ने मान्यता अनुरूप बिहान उठ्ने बित्तिकै भगवान्को जय-पाठ ध्यानमा आफूलाई व्यतीत गराउने र यसबाट दैनिक जीवनमा सकारात्मक उर्जा प्राप्त हुने विश्वास राख्छन् । भगवान्को आस्थासँगसँगै मानव जीवन र जीवनका भावनालाई प्राथमिकता दिनुपर्छ भन्ने अवधारणा पनि उनमा रहेको छ । न्यौपानेको जीवन दर्शन मानवतावादी मानिन्छ । मानव भएर जन्म लिएपछि मानव जगत् राष्ट्र, राष्ट्रियताको निम्ति राम्रो

काम गर्नु नै मानव धर्म हो भन्ने केदार न्यौपाने साहित्यलाई जीवनको दर्पण मान्दछन् । जीवन भोगाई, छर-छिमेकका घटना आदि वास्तविक यथार्थ र अनुभवलाई नै साहित्यमा समेट्ने भएकाले जीवनसँग साहित्य कहिल्यै अलगिन सक्दैन । त्यसैले नै साहित्यलाई जीवनको दपर्ण नै मानिने धारणा साहित्यकारमा रहेको छ ।

त्यस्तै आफ्ना श्रद्धेय पति केदार न्यौपानेका बारेमा उनकी धर्मपत्नी सरिता न्यौपाने भन्छिन्-'श्रीमान् एक लगनशील, कर्तव्यनिष्ठ र आधुनिक विचारधारा भएका व्यक्ति हुन् । उनमा मानिसमा हुनुपर्ने हरेक गुण विद्यमान छ र अझ त्यसमा पनि भाषा साहित्यप्रतिको भक्ति र समाज सेवाको समर्पण विशेष गुणको रूपमा रहेको छ ।' न्यौपाने केही भावुक छन् तर पनि पारिवारिक सुख र सौन्दर्यका साथै छोराछोरी र श्रीमतीप्रति स्नेही, ममतामय बाबुको रूपमा सधैँ हसिलो भइरहन्छन् । पारिवारिक सुख र समुन्नत परिवारका लागि पति, पत्नीका बीच एक अर्कामा सहयोग आदान प्रदान आवश्यक हुन्छ । उक्त साथ सहयोग आफूले सधैँ पाइरहेको र भविष्यमा पनि पाउने विश्वास उनकी धर्मपत्नी सरिता न्यौपानेको रहेको छ । 'श्रीमान्को हरेक इच्छा, आकाङ्क्षा अनि श्रीमान्सँग जोडिएका हरेक सुखद्-दुःखद् घटनाहरूमा समान सहभागिता जनाउनु एउटी हिन्दू नारीको परम् कर्तव्य हो ।' सरिता केदार न्यौपानेको हरेक सफलतामा आफ्नो प्रमुख हात रहेको बताउँछिन् । जीवनका हरेक पाइलाहरूमा साथ दिइरहेका सरिता न्यौपाने आफ्ना पति जतिसुकै व्यस्त रहे तापनि पारिवारिक हितका निम्ति समय निकाल्न सक्छन् । यो उनको आफ्ना परिवारप्रतिको जिम्मेवारी हो भन्छिन् (कवि केदार न्यौपानेको धर्मपत्नी सरिता न्यौपानेसँगको कुराकानीबाट) ।

## २.१२ लेख आरम्भ

केदार न्यौपानेले विद्यार्थी अवस्थादेखि नै साहित्य लेखन प्रारम्भ गरेका हुन् । विद्यालय र क्याम्पसमा हुने विभिन्न साहित्यिक गतिविधिमा संलग्न हुँदै आएका न्यौपाने वि.सं. २०२० सालमा नै **खोलाको भूत** शीर्षकको कविता प्रकाशन गरी आफ्नो साहित्यिक यात्रालाई सार्वजनिक गरे । विद्यालयीय शिक्षापछि उच्च शिक्षाका लागि पिण्डेश्वर क्याम्पस धरानमा रहने क्रममा सोही क्याम्पसको मुखपत्र **पीपल**मा वि.सं. २०२३ सालमा **नानीहरूसित** कविता प्रकाशनबाट आफ्नो सार्वजनिक यात्रालाई अगाडि बढाए । वि.सं. २०२३ सालमा पत्रपत्रिकामा देखा परेर पनि अध्ययन अध्यापन र प्रशासन सञ्चालनका क्रममा सिर्जना र प्रकाशनलाई निरन्तरता दिन सकेनन् ।

नेपाली साहित्यमा एम. ए. गरेर वि.सं. २०३१ सालदेखि निरन्तर प्राध्यापन पेसामा संलग्न न्यौपानेले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, विश्वविद्यालय अनुदान आयोग, त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थानजस्ता संस्थाबाट विभिन्न लघु अनुसन्धानहरू गरिसकेका छन् । सिर्जना सँगसँगै फाट्टफुट्ट समीक्षा क्षेत्रमा पनि कलम चलाउँदै आएका न्यौपानेको **समीक्षा-सुमन** (२०६२) समीक्षात्मक कृति जेठो कृतिका रूपमा प्रकाशनमा आइसकेको छ । उनको कलम प्राविधिक शब्दार्थवली र केही शब्दकोश सम्पादनमा समेत संलग्न रहेको देखिन्छ । उनको सिर्जनातर्फ कविता र गीतमा सफल सर्जकका रूपमा देखा परेका छन् । केही व्यस्तताको बाबजुद पनि निरन्तर रूपमा साहित्य सङ्गीतको क्षेत्रमा लागिरहेका साहित्यकार केदार न्यौपानेका सिर्जनात्मक रचनाहरू विभिन्न दैनिक, साप्ताहिक, मासिक, वार्षिक पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् भने कलमलाई निरन्तर लेखन क्षेत्रमा दौडाइरहने न्यौपानेको प्रथम प्रकाशित पुस्तकाकार कृति **हिउँको छायाँमुनि** (गीति सङ्ग्रह, २०६४) हो ।

### २.१२.१ प्रकाशित पुस्तकाकार कृति तथा गीति एल्बमहरूको सूची

साढे चार दशक अगाडि वि.सं. २०२० तिरदेखि आफ्नो साहित्यिक यात्रा सुरु गरेका भए पनि निकै पछाडि आएर मात्र न्यौपानेका सिर्जनाहरूले पुस्तकाकार कृतिको रूपमा जन्मने अवसर पाएका हुन् । साहित्यिक लेखनको प्रारम्भमा कविता र हास्य व्यङ्ग्यका क्षेत्रमा कलम चलाएका भए पनि पछि गीति सङ्ग्रह, कविता विधामा बढी आकृष्ट हुन पुगेका न्यौपानेको हालसम्म **एउटा गीत सङ्ग्रह, दुई वटा कविता सङ्ग्रह, समीक्षा-सुमन भाग १ र २, एक अनुवाद-विज्ञान** प्रकाशित भइसकेका छन् । फुटकर रूपमा विभिन्न पत्र-पत्रिकामा प्रकाशित भए पनि न्यौपानेका कविताहरूले पुस्तकाकार कृतिको रूपमा जन्मने अवसर ढिलै भएको पाइन्छ । यसमा उनी व्यस्तता र समयको अभावले कविता सङ्ग्रह छिटो प्रकाशित हुन नसकेको बताउँछन् । उनका हालसम्म प्रकाशित भएका पुस्तकार कृति, गीति सङ्ग्रह र समीक्षा एल्बमहरू यस प्रकार छन् ।

(१) **हिउँको छायामुनि गीतसङ्ग्रह** (२०६४)

(२) **चिरन्तन** कवितासङ्ग्रह (२०६४)

(३) **सपना देख्नेहरूका लागि** कवितासङ्ग्रह (२०६४)

(४) **समीक्षा-सुमन**-२०६२ (भाग १ र २)

(५) **अनुवाद - विज्ञान** (२०६२)

### २.१२.२. भ्रमण

मानिस चिन्तनशील र घुमन्ते प्राणी हो । त्यसैले भ्रमण शब्दले एक ठाउँबाट अर्को ठाउँमा वा एक देशबाट अर्कोदेशमा जाने आउने भन्ने जनाउँछ । यसमा कुनै लक्ष्य विना कोही पनि मानिस एक ठाउँबाट अर्को ठाउँमा जाँदैन । त्यसैले केदार न्यौपानेले पनि शैक्षिक, प्रशासनिक काम वा साहित्यिक यात्राको सिलसिलामा देश तथा विदेशको भ्रमण गरेको देखिन्छ । नेपालको इलाम, पोखरा, पाल्पा र भोजपुर जिल्ला मन पराउने न्यौपाने नेपालको प्रायः जिल्ला भ्रमण गरिसकेका छन् । यसैगरी न्यौपानेले विभिन्न गोष्ठी, सेमिनार, सम्मलेनहरूमा भाग लिन विश्वका विभिन्न देशहरू जस्तैः थाइल्याण्ड, भारत, संयुक्त राज्य अमेरिका आदि ठाउँहरूमा भ्रमण गरी त्यहाँको अध्ययन गर्ने मौका पाएका थिए । न्यौपानेले उक्त भ्रमणको अनुभवबाट पनि आफ्ना सिर्जनाहरूलाई सबल र सशक्त रूप दिन मद्दत मिलेको कुरा स्पष्ट हुन आउँछ (केदार न्यौपानेले दिएको जानकारी अनुसार) ।

### २.१२.३. मान-सम्मान तथा पुरस्कारहरू

केदार न्यौपानेले शैक्षिक, प्रशासनिक क्षेत्रमा दिएको योगदान तथा उनले प्रस्तुत गरेका कार्य कुशलता र नेपाली साहित्यको क्षेत्रमा समर्पित भएर गरेका योगदानले नै विभिन्न मान-सम्मान र पुरस्कारद्वारा सम्मानित भएका छन्, जस्तै :

१. शिक्षा पुरस्कार (शिक्षा मन्त्रालय, २०५७ तथा २०६४)
२. दीर्घसेवा पदक (त्रि.वि. २०५७)
३. एम्बेसडर फर पिस (शान्तिदूत २०५९)
४. नेपाल प्रज्ञा प्रतिष्ठान (२०३६)
५. चिकित्साशास्त्र अध्ययन संस्थान (साल ?)
६. बानेश्वर क्याम्पसबाट पुरस्कार तथा सम्मान (२०६४)
७. सिम्पल आर्ट (वि.सं. २०६०) आदि सङ्घ संस्थाहरूबाट पुरस्कार तथा सम्मान ।
८. देउराली क्लबबाट सम्मान (२०६५)
९. त्रि.वि. प्राध्यापक सङ्घ, महाराजगञ्ज क्याम्पस एकाई, सम्मान पत्र (२०६४)
१०. गोदावरी एलमोनाइ एशोसिएसनबाट प्रमाण पत्र (२०३३)

११. साहित्यिक पत्रकार संघ, प्रमाण पत्र, २०२९

१२. श्री पञ्चकुमारी सामाजिक गुठीबाट सम्मान पत्र, २०५९

### २.१२.४ जीवनका अविस्मरणीय क्षण

जीवन यापनको क्रममा विभिन्न घुम्तीहरू पार गर्दै जाँदा कतै सुखको अनुभूति त कतै दुःखको अनुभूति हुनु स्वाभाविक नै हो । कवि न्यौपानेको जीवनमा पनि यस्ता दिनहरू आएका छन् । जीवन सुख र दुःखको संगम हो दुःखले मान्छेलाई उदास बनाउँछ भने सुखले उत्साहित पार्छ । तर जे भए पनि सुख र दुखको सञ्चय गर्ने बानी छैन भन्छन् न्यौपाने तापनि राम्रो सिर्जना भएपछिको क्षण र आफ्ना सन्तती एवम् विद्यार्थीहरूको सफलताले चाहिँ विशेष आनन्द मिल्छ भने उनीहरूको असफलतामा उनलाई बढी दुःख लाग्छ (शोधनायकसँगको कुराकानीका आधारमा) ।

कवि न्यौपानेको जीवनमा धेरै मोडहरू देखा परेका छन् । तैपनि अन्त्यमा साहित्यिक क्षेत्रलाई नै मलजल गरी माया गर्दै हुर्काइ रहेका छन् ।

### २.१३ प्रशासनिक-सामाजिक सङ्घ संस्थाहरूमा संलग्नता

साहित्यकार केदार न्यौपाने विभिन्न प्रशासनिक-सामाजिक सङ्घ संस्थाहरूमा आबद्ध हुँदै आएका छन् । साथै उनले विभिन्न काव्य गोष्ठीहरूमा सहभागी भई आफ्ना कविता सङ्गीतमय लयमा गाउनुका साथै गोष्ठीमा निर्णायक मण्डलको भूमिका पनि निर्वाह गर्दै आएको पाइन्छ (ऐजन) ।

न्यौपाने संलग्न रहेका केही सङ्घ संस्थाहरू र कार्यको विवरण यस प्रकार छ :

१. संस्थापक क्याम्पस प्रमुख, बानेश्वर क्याम्पस, शान्तिनगर, काठमाडौँ ।

२. बी.पी. स्मृति स्वास्थ्य प्रतिष्ठान, बी.पी. स्मृति अस्पताल साहित्यिक पत्रकार सङ्घ, प्राध्यापक सङ्घ जस्ता सामाजिक, साहित्यिक, स्वास्थ्य, शिक्षा र पेसागत सङ्घ -संस्थाहरूको केन्द्रीय तथा एकाइस्तरमा अध्यक्ष, महासचिव एवम् सदस्य भई कार्य गरेको ।

३. विभिन्न सङ्घ-संस्था र शैक्षिक प्रतिष्ठानमा संस्थापक, संरक्षक, सञ्चालक, अध्यक्ष, उपाध्यक्ष एवम् सदस्य भई कार्य गरेको ।

४. त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, विश्वविद्यालय अनुदान आयोग र त्रि.वि. चि.शा. अ. संस्थानबाट लघु अनुसन्धानहरू सम्पन्न (ऐजन) ।

## २.१४ अन्तर्राष्ट्रिय/क्षेत्रीय तालिम कार्यशालाहरूमा सहभागिता

केदार न्यौपानेले विभिन्न प्रशासनिक तथा सामाजिक सङ्घ-संस्थाहरूमा आबद्ध हुनुका साथै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तालिम कार्यशालाहरूमा समेत सहभागिता जनाई सकेका छन् । न्यौपाने सहभागी भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तालिम कार्यशालाहरू यस प्रकार रहेका छन् :

१. स्वास्थ्य शिक्षा सामग्री केन्द्र (WHO को रिजनल सेन्टर) द्वारा सञ्चालित दिल्ली र बैंकक्को अवलोकन तालिम, २०४४ (२ हप्ता) ।

२. चिकित्साशास्त्र अध्ययन संस्थान, परिवार स्वास्थय परियोजना, शिक्षक प्रशिक्षण गोष्ठी, २०३८।८।२६ (२ हप्ता) ।

३. First National Workshop on Reseach Methods in Health Science, T.U. and World Health Organization, (१ हप्ता) ।

४. अनिवार्य नेपाली विशेष अभिमुखीकरण कार्यशाला गोष्ठी, त्रि.वि., २०३९।२।२७ देखि २०३९।३।१० सम्म

५. अनिवार्य नेपाली विषय शिक्षकहरूको दोस्रो राष्ट्रिय अधिवेशन-१ हप्ते कार्यशाला गोष्ठी विशेषज्ञ, पाठ्यक्तम विकास केन्द्र, अनिवार्य नेपाली विषय समिति, २०४७।५।२४ देखि २९ गतेसम्म, काठमाडौँः कीर्तिपुर ।

## २.१५ वैचारिक निष्ठा

मान्छेमा जीवनलाई आफ्नै ढङ्गले बुझ्न सक्ने अवस्थाको जन्म त्यतिबेला हुन्छ, जहाँबाट उसले सही विचारलाई आत्मसात् गर्न सक्छ । स्वतन्त्रता, प्रजातन्त्र र व्यक्तिगत मानव अधिकारप्रति निष्ठावान् रही मान्छेको सामाजिक असितŒjलाई जोगाउने र उच्च स्थानमा राख्ने मुख्य अस्त्र हो भन्ने कुरा न्यौपानेले अवलम्बन गरेको वैचारिक निष्ठाबाट थाहा पाउन सकिन्छ (शोधनायकसँगको कुराकानीका आधारमा) ।

## २.१६ निष्कर्ष

पूर्वी पहाडी जिल्ला भोजपुरको रमाइलो गाउँ गोगनेमा वि.सं.२००६ सालमा जन्मेको साहित्यकार केदार न्यौपानेको जन्मदेखि हालसम्मको अवस्थालाई अध्ययन गर्दा पारिवारिक पृष्ठभूमि बलियो रहेको पाइन्छ । सम्पन्न परिवार, शिक्षित अभिभावकको निगरानीमा भरण पोषण भएका कवि न्यौपानेले आफ्नो जीवनको अमूल्य समय व्यक्तित्व विकास, पारिवारिक संरचना, आर्थिक अवस्था सुधार, नेपाली साहित्य र समाज सेवामा अपर्ण गरेका छन् । न्यौपाने विभिन्न साहित्यिक र समाजसेवी पुरस्कारबाट विभूषित पनि भएका छन् । साहित्यमार्फत समाजलाई सही मार्ग अबलम्बन गराउने उनको लक्ष्य सकारात्मक देखिन्छ । कवि केदार न्यौपानेको जन्म भोजपुरको गोगनेमा पिता गणेशप्रसाद र माता उमादेवीका काइँला सन्तानको रूपमा भएको हो । उनका चार दाजुभाइ र एक बहिनी छन् ।

कवि न्यौपानेको बाल्यकाल पारिवारिक माया ममतापूर्ण वातावरणमा बित्यो । उनको अक्षराम्भ मावली घरबाट प्रारम्भ भएको साहित्यिक लेखनको मुख्य प्रेरणा भने आफ्ना दाजु दैवज्ञराज न्यौपानेबाट नै भएको हो । औपचारिक शिक्षाको लागि भोजपुरकै स्थानीय विद्येश्वर मा.वि. बाट नै पास गरेका हुन् । यसपछि उच्च शैक्षिक योग्यता बढाउने उद्देश्यले यिनी पिण्डेश्वर क्याम्पस धरानतर्फ लागे । यसपछि त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा एम. ए. गरेर वि.सं. २०३१ सालदेखि निरन्तर प्राध्यापन पेसामा संलग्न न्यौपानेले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, विश्वविद्यालय अनुदान आयोग, त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थानजस्ता संस्थाबाट विभिन्न लघु अनुसन्धानहरू गरिसकेका छन् । सिर्जनासँगसँगै फाट्टफुट्ट समीक्षा क्षेत्रमा पनि कलम चलाउँदै आएका न्यौपानेको **समीक्षा-सुमन** (२०६२) समीक्षात्मक कृति जेठो कृतिका रूपमा प्रकाशनमा आइसकेको छ । उनको कलम प्राविधिक शब्दार्थवली र केही शब्दकोश सम्पादनमा समेत संलग्न रहेको देखिन्छ । उनको **हिउँको छायामुनि** (२०६४) एक मात्र गीति सङ्ग्रह हो भने **सपना देख्नेहरूका लागि** र **चिरन्तन** दुई ओटा कविता सङ्ग्रहहरू एकै सालमा प्रकाशित भएका छन् ।

जीवन यापनको क्रममा विभिन्न मोडहरू पार गर्ने क्रममा कतै सुखको अनुभूति त कतै दुःखको अनुभूति हुनु स्वाभाविक नै हो । कवि न्यौपानेको जीवनमा पनि यस्ता दिनहरू आएका छन् । तर न्यौपाने सुख र दुःखको सञ्चय गर्ने बानी नभएको

बताउँछन् । तर पनि राम्रो सिर्जना भएपछिको क्षण र आफ्ना सन्तती एवम् विद्यार्थीहरूको सफलताले आनन्द मिल्छ भने उनीहरूको असफलतामा उनलाई दुःख लाग्छ ।

कवि न्यौपानेको जीवनमा धेरै मोडहरू देखा परेको पाइन्छ । तै पनि अन्त्यमा साहित्यिक क्षेत्रलाई नै मलजल गरी माया गर्दै हुर्काएको पाइन्छ । त्यसकारण आज उनी एक सफल कवि, गीतकारका साथै कुशल प्रशासक र महान् समाजसेवीका रूपमा स्थापित भइसकेका छन् ।

## अध्याय-तीन

# साहित्यकार केदार न्यौपानेको व्यक्तित्वको अध्ययन

### ३.१ परिचय

कुनै पनि व्यक्तिको वैयक्तिक विशेषता वा निजीपन नै व्यक्तित्व हो । जसको आधारमा ऊ समाजमा परिचित हुन्छ । यसका लागि प्रतिभा, लगनशीलता, क्षमता, बौद्धिकता र विचारका विविध आधार नै व्यक्तित्वको निर्माण गर्ने आवश्यक कारक तत्व हुन् भन्न सकिन्छ । एउटा व्यक्तिले जीवनमा साहित्यकार, वैज्ञानिक, समाजसेवी, प्रशासक, खेलाडी, राजनीतिज्ञ, दार्शनिक आदि व्यक्तित्व आर्जन गर्न सक्छ । व्यक्तित्व आर्जन गर्ने पद्धति, विधि र तरिका भने फरक फरक हुने गर्दछ । प्रत्येक मान्छेको आ-आफ्नो व्यक्तित्व हुन्छ र आ-आफ्नो निजत्व हुन्छ । प्रायः व्यक्तिको आन्तरिक तथा बाह्य गरी व्यक्तित्वको दुई पाटा हुन्छन् । शारीरिक रूपमा देखिने पहिलो व्यक्तित्व बाह्य व्यक्तित्व हो भने मानसिक रूपमा निर्मित भएको व्यक्तित्व नै आन्तरिक व्यक्तित्व हो । आन्तरिक व्यक्तित्वको आभूषणले नै व्यक्तित्वको महिमा, स्थान उच्च तहमा पुऱ्याउने कार्य गरेको हुन्छ । केदार न्यौपानेको व्यक्तित्वको निर्माण उपर्युक्त तथ्यका आधारमा भएको मान्नुपर्ने आवश्यकता देखिन्छ । वस्तुतः केदार न्यौपानेको व्यक्तित्वको निर्माणका लागि आवश्यक विविध पक्ष रहेका छन् । व्यक्तित्व भनेको व्यक्तिका गुण, अवगुण उसले हासिल गरेको सामाजिक मान-मर्यादा व्यक्तिनिष्ठ आन्तरिक र बाह्य यावत् पक्षको प्रस्तुतिकरण गर्ने परिचायक पनि हो । यसलाई कुनै पनि निश्चित प्रकार र एउटा कोणमा मात्र राखेर हेर्न सकिँदैन तापनि व्यावहारिक सुविधाका लागि विभिन्न आधारहरूमा मानवीय व्यक्तित्वको वर्गीकरण गरिएको पाइन्छ । व्यक्तित्वको निर्धारणमा वंशानुक्रम, जैविक र सामाजिक तत्वको महत्वपूर्ण प्रभाव रहने गर्दछ । यस्ता जैविक निर्धारकहरूमा वंशानुक्रम, शारीरिक गठन, स्वभाव, शरीर रसायन र स्यानुमण्डलको विशेष प्रभाव पारिरहेको हुन्छ भने सामाजिक निर्धारकहरूमा जीवनका प्रारम्भिक वर्षको प्रभाव परेको हुन्छ । यसै गरी मानवीय व्यक्तित्वको निर्माणमा पारिवारिक रहनसहन, भेषभूषा, विचार र व्यवहार जस्ता साँस्कृतिक कुराहरूको पनि विशेष भूमिका रहन्छ ।

यसै गरी मनोवैज्ञानिक आधारमा मानवीय व्यक्तित्वलाई अन्तर्मुखी र बहिर्मुखी गरी दुई भागमा बाँडेर पनि हेर्न सकिन्छ । अन्तर्मुखी व्यक्तित्व सफल साहित्यकार तथा दार्शनिकमा पाइन्छ भने बहिर्मुखी व्यक्तित्व सफल प्रशासक, सामाजिक कार्यकर्तामा रहेको हुन्छ । यसप्रकार केदार न्यौपानेमा व्यक्तित्वका उपर्युक्त पक्षहरू मिश्रितरूपमा आएका छन् । पृष्ठभूमिमा साहित्यकार न्यौपानेका व्यक्तित्व निर्माणका पक्षलाई हेर्दा उनको पारिवारिक जीवन जगत् बीचका इतिहासको अध्ययन र विश्लेषण गर्नुपर्छ । केदार न्यौपाने मध्यम वर्गीय पारिवारिक परिवेशमा हुर्के बढेका व्यक्ति हुन् । शिक्षित परिवारमा जन्मेका हुनाले आफ्ना अभिभावकहरूको माया-ममता र मार्ग निर्देशनमा हिँड्ने मौका पाएकाले सही मार्ग निर्देशनमा हिँड्दा जस्तो र जसरी सुखद् अनि सफल जीवन बाँच्नका साथै व्यक्तित्वको विकास गर्न सकिन्छ त्यस्तै व्यक्तित्वको विकास केदार न्यौपानेको भएको छ । यसरी आर्जित न्यौपानेको व्यक्तित्वलाई मूल रूपमा विभिन्न किसिमले विभाजन गरी हेर्न सकिन्छ ।

### ३.२. साहित्यकार केदार न्यौपानेको बाह्य व्यक्तित्व

सामान्यतः कुनै मानिसको बाह्य व्यक्तित्व भनेको उनको शरीर, सङ्गठन, रूपरङ्ग, आकार, प्रकार र लबाइ-खबाइ एवम् बोली चालीका आधारमा प्रकट हुन्छ । यसै आधारमा केदार न्यौपानेको बाह्य व्यक्तित्वको अध्ययन गर्दा उनको शारीरिक र बाह्य रूपरङ्गको परिचय दिनु आवश्यक हुन्छ । झलक्क हेर्दा बाहिरी आवरणका रूपमा देखिने व्यक्तिमा निहित स्वरूपलाई नै बाह्य व्यक्तित्व भनिन्छ ।

हृष्टपुष्ट शरीर, गोरो वर्ण, हसिलो मुहार र लगभग ५ फिट ८ इन्चको शारीरिक लम्बाई, केही लामो नाक, सुहाउँदो निधार, फुल्न थालेको नरम कपाल, हसिलो र केही गम्भीर मुखाकृति भएका न्यौपानेको शारीरिक सौन्दर्य उच्च मध्यम कोटीको छ भने शारीरिक बनोट मझौला कदको रहेको छ । केही भावुक र गम्भीर प्रकृतिका जस्तो लाग्ने न्यौपानेको शरीर, रूप र वर्ण आकर्षक देखिन्छ । साथै उनको मृदुभाषी बोलीले उनको व्यक्तित्वलाई निखार दिन सक्षम भएको छ । ६१ वर्षको उमेरमा पनि हरेक क्षेत्रमा जस्तो साहित्यिक, सामाजिक, सम्पादकीय र राजनैतिक क्षेत्रमा बराबरी चासो देखाउने र त्यसको उत्थानका लागि विविध माध्यम अपनाउने व्यक्तित्व हुन् न्यौपाने । आफूले आँटेको र सोचेको काम पूरा गर्ने उनको बानी छ । बोलेको वचन

कसैगरी पूरा गर्ने उनको दृढ सङ्कल्पशील व्यक्तित्व रहेको छ (दीपक न्यौपानेसँग २०६९।३। ५ मा लिएको अन्तर्वार्ताबाट) ।

हालसम्म पनि उनलाई शारीरिक रोग केही नभएको बताउँछन् । स्वस्थ जीवन भएको र पारिवारिक सन्तुष्टि भएका व्यक्ति केदार न्यौपाने परिवारप्रति आफ्नो जिम्मेवारी बहन गर्न पनि त्यत्तिकै सफल भएका छन् । आदर्श पति र पिताका रूपमा उनलाई पाइन्छ ।

## ३.३ साहित्यकार केदार न्यौपानेको व्यक्तित्वका विविध आयामहरू

साहित्यकार केदार न्यौपानेको व्यक्तित्व बहुमुखी देखिन्छन् । यसैले उनका व्यक्तित्वका आयामहरू विविध छन् । उनका व्यक्तित्वलाई सामान्य किसिमले बाह्य र आन्तरिक दुई वर्गमा विभाजित गरिसकेपछि उनको समष्टि भाषा साहित्य र सेवाको सन्दर्भमा साहित्यकार व्यक्तित्व र साहित्येतर व्यक्तित्वको रूपमा वर्गीकरण गरेर देखाउन सकिन्छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

साहित्यकार केदार न्यौपानेको साधक र सिर्जनाशील व्यक्तित्वलाई नै साहित्यिक व्यक्तित्वको रूपमा मानिएको छ । उनको साहित्यिक व्यक्तित्व मुख्य रूपमा कवि, गीतकार, समीक्षा, अनुवाद र हास्य व्यङ्ग्यकारको रूपमा विस्तारित भएको देखिन्छ । विभिन्न स्थानीय साहित्यकारहरू र ग्राम्य परिवेशबाट प्रेरणा र प्रभाव ग्रहण गरेका न्यौपानेले १२/१३ वर्षको कलिलो उमेरदेखि नै साहित्यको क्षेत्रमा कलम चलाउन थालेका हुन् भने वि.सं. २०२० सालतिर प्रकाशित **खोलाको भूत** शीर्षकको उनको कविताबाट साहित्यिक स्रष्टाको सफल रूप सार्वजनिक हुन पुग्छ (शुभेच्छु, २०६४ पृ. ८७) । यसपछि विभिन्न पत्र पत्रिकाहरूमा फुटकर रूपमा आफ्ना साहित्यिक सिर्जनाहरू प्रकाशित गर्दै अगाडि बढेका केदार न्यौपानेको प्रथम पुस्तकाकार कृतिको रूपमा समीक्षा सुमन (वि.सं. २०६२) समीक्षात्मक कृति जेठो कृतिको रूपमा प्रकाशनमा आएको छ । यसरी न्यौपानेले हालसम्म दुई कवितासङ्ग्रह, एक गीति सङ्ग्रह र समीक्षा- सुमन (भाग १ र २), अनुवादका अतिरिक्त विभिन्न फुटकर रचनाहरू समेत प्रकाशित गरिसकेका छन् (शोधनायकसँगको कुराकानीबाट) ।

### ३.३.२ कवि व्यक्तित्व

साहित्यकार केदार न्यौपानेको एउटा प्रमुख साहित्यिक स्रष्टा व्यक्तित्वको रूपमा कवि व्यक्तित्वलाई लिइन्छ । किनकि साहित्यिक विधाहरूमा सबैभन्दा बढी न्यौपानेले कविता विधामा नै कलम चलाएका छन् । न्यौपानेको कवि व्यक्तित्व वि.सं. २०२० तिर **खोलाको भूत** कविताबाट आरम्भ हुन्छ । यहाँबाट निरन्तर रूपमा साहित्यका विभिन्न फाँटमा कलम चलाउँदै आइरहेका न्यौपानेका **पीपल** पत्रिकामा वि.सं. २०२३ सालमा **नानीहरूसित** कविता प्रकाशनबाट अझ आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाए । बीचमा चार दशकसम्म विविध अभावका कारण उनका सिर्जनाहरू प्रकाशनमा आउन सकेनन् (शर्मा ताना, समसामयिक साझा कविता, पृ. ३२९,२०४८) । उनका कविता विधाका रूपमा प्रथम प्रकाशित पुस्तकाकार कृति भने **चिरन्तन** कविता सङ्ग्रह र **सपना देख्नेहरूका लागि** कविता सङ्ग्रह (वि.सं. २०६४) मा प्रकाशित भएको हो । यसरी दुई कविता सङ्ग्रह प्रकाशित गरी आफ्नो प्रतिभा देखाइसकेका न्यौपानेका कवितामा प्रशासनिक-सामाजिक विकृति र विसङ्गतिको भण्डाफेर, प्रखर व्यङ्ग्य, कडा प्रतिशोधको भावना, सामाजिक पौराणिक-आध्यात्मिक -प्राकृतिक विषयवस्तुको प्रस्तुति, विम्ब प्रतीकहरूको प्रचुर मात्रामा प्रयोग, जीवनलाई हेर्ने नयाँ दृष्टिकोण, अभिव्यक्तिको नवीन प्रस्तुति, युगीन सचेतना, सरल, सहज र सम्प्रेष्य भाषाका माध्यमबाट वास्तविक यथार्थको अभिव्यक्ति राष्ट्रराग र देशप्रेम आदि विशेषता पाइन्छन् (शोधनायकसँगको कुराकानीका आधारमा) । केदार न्यौपानेका दुईवटा कविता सङ्ग्रहका अतिरिक्त फुटकर कविताहरू पनि प्रकाशित भएका छन् । यिनै कविताहरूलाई अध्ययन गर्दा उनको कवि व्यक्तित्व उल्लेख्य देखिन्छ ।

### ३.३.३ गीतकार व्यक्तित्व

साहित्यकार केदार न्यौपानेको साहित्यिक व्यक्तित्वको विविध पाटाहरूमध्ये गीतकार व्यक्तित्व पनि एउटा प्रमुख पाटो हो । साहित्यको अन्य विधा कविता, समीक्षा र हास्य व्यङ्ग्यभन्दा धेरै पछाडि मात्र गीत साहित्यतर्फ कलम चलाउन थालेका न्यौपानेको **हिउँको छायाँमुनि** (२०६४) एक प्रकाशित गीत सङ्ग्रह हो । उनको एक गीत-सङ्ग्रह र फाट्टफुट्ट पत्रिकामा पनि तीन चारवटा गीति कविताहरू

प्रकाशित भएका छन् । हाल आएर न्यौपाने एउटा सफल गीतकारको रूपमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन् (घिमिरे, २०६४ पृ.'क', सरलभैकन पनि मार्मिक) ।

यसरी एक गीत सङ्ग्रह र फाट्टफुट्ट गीति कविताहरू पत्रिकाहरूमा प्रकाशित गरी न्यौपानेले आफ्नो गीतकार व्यक्तित्वलाई साकार रूप दिन सक्षम भएको देखिन्छ ।

## ३.४ साहित्येतर व्यक्तित्व

साहित्यसँग सम्बद्ध नरही समाजका विभिन्न कार्यहरूका आधारमा देखिने व्यक्तित्व साहित्येतर व्यक्तित्व हो । केदार न्यौपानेको साहित्येतर व्यक्तित्व पनि उल्लेख्य रूपमा रहेको छ । उनी साहित्यिक कार्यहरूको अतिरिक्त साहित्येतर कार्यहरूमा पनि उत्तिकै सक्रिय रहेकाले उनको साहित्येतर व्यक्तित्वको विभिन्न पाटाहरूको उल्लेख गर्नु सान्दर्भिक देखिन्छ :

### आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भावात्मक कुरा हो । अनुमानित गरेर यसको परिचय दिनुपर्ने भएको हुनाले र साधारणतया सबैजसो मान्छेका धेरथोर शील, स्वभाव, चिन्तन-मनन् स्वयम् आचरण प्रवृत्ति मिल्दाजुल्दा नै देखिने भए पनि यो व्यक्ति अनुसार फरक-फरक किसिमको हुनु स्वभाविकै हो । बाह्य व्यक्तित्व भौतिक ढाँचाका साथै उसका क्रियाकलापहरूका आधारमा स्वतः निर्मित हुँदै जान्छ भने आन्तरिक व्यक्तित्व निर्माणमा ऊ स्वयम्को निजी कर्महरूबाट भएको अन्तर विकासबाट विकसित हुने गर्दछ । अर्थात् आन्तरिक व्यक्तित्व भित्री गुणसँग सम्बन्धीत हुन्छ । अतः व्यक्तित्व निर्माणमा ऊ वरिपरिको समाज एवम् सम्पूर्ण परिवेशले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । साथै आर्थिक स्तर, सामाजिक धरातल, पारिवारिक रहनसहन, पेसा, धर्म, लिङ्ग, व्यवसाय आदिले यसमा यथेष्ट प्रभाव पारेको हुन्छ । जसले गर्दा आन्तरिक व्यक्तित्व नै वास्तविक रूपमा मानव मूल्य हो । केदार न्यौपानेको आन्तरिक व्यक्तित्वलाई नियाल्दा उनी बहुमुखी प्रतिभावान् र सघन व्यक्ति देखिन्छन् । उनी अत्यन्त मिलनसार, सरल, शान्त, स्वच्छ र निश्चल भावना भएका व्यक्ति हुन् । सकारात्मक सोच राख्नुपर्छ भन्ने मान्यता बोक्ने न्यौपाने आवश्यकता भन्दा बढी धेरै

नबोल्ने, कहिलेकाहीँ ख्याल ठट्टा गर्न पनि पछि नपर्ने, तटस्थ, सत्यवादी, आफ्ना इष्टमित्र र सहपाठीहरूसँग राम्रो व्यवहार गर्ने अरूको दुःखमा आफ्नै दुःख सम्झने र स्वाबलम्बी व्यक्तित्वको रूपमा न्यौपानेको आन्तरिक व्यक्तित्व अभिव्यक्त भएको पाइन्छ । (केदार न्यौपानेसँगको प्रत्यक्ष कुराकानीबाट) आफूसँग परिचित जोसुकैसँग पनि नम्रतापूर्वक मीठो बोली वचन गरी सबैसँग आत्मीय व्यवहार गर्न सक्ने गुण उनमा निहित छ । न्यौपाने दया र करुणाको प्रतिमूर्ति जस्तै लाग्ने उनको स्वभावबाट प्रस्टिन्छ । त्यत्तिकै परिश्रमी कुनै काम सुरु गरेपछि त्यसलाई निरन्तरता दिएर नसिध्याउञ्जेल लागिरहने तथा अरूको सामू आफ्ना कुराहरू स्पष्टसँग राख्ने गर्छन् ।

जीवनका ६१ औ वसन्तपार गरिसकेका न्यौपाने सुन्दर स्वस्थ हुनुका साथै युवा नै देखिन्छन् । उनी आफ्ना पारिवारिक दायित्वप्रति औधी जिम्मेवार हुनुका साथै साहित्य साधनमा निरन्तर संलग्न रहँदै आएका छन् । यसप्रकार उनको आन्तरिक व्यक्तित्वको अवलोकन गर्दा उनमा इमानदारिता, कर्तव्यपरायणता, सकारात्मकता, यथार्थवादिता, निर्भिकता, निडर तथा अदम्य साहस जस्ता आन्तरिक विशेषताहरू पाइन्छ ।

### ३.४.१ सामाजिक व्यक्तित्व

सामाजिक व्यक्तित्व भन्नाले समाजप्रति गरेका क्रियाकलापका आधारमा उसलाई चिन्नु हो । सबै मानिसले सामाजिक दायित्वप्रति आफूलाई चाहेर पनि समर्पित गर्न सकिरहेको हुँदैन । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक तथा सामूहिक हितका लागि कार्य गरेर समाजमा प्रतिष्ठित हुनुलाई नै सामाजिक व्यक्तित्वको रूपमा लिइन्छ । त्यस्तो व्यक्ति मात्र समाजप्रति निस्वार्थ भावनाले लाग्छन् जसले आफू बसोबास गरेको समाजको परिवर्तन, उन्नति र प्रगति चाहन्छन् । त्यस्ता सामाजिक परिवर्तनका बाहकहरू समाजलाई विकसित तुल्याउँदै आफू पनि समाजमा प्रतिष्ठित बनेर सम्मानित व्यक्तित्वको रूपमा परिचित भई मृत्युपश्चात पनि सधैं अमर बन्न चाहन्छन् । यस्तै समाजसेवी व्यक्तित्वको रूपमा केदार न्यौपानेलाई चिन्न सकिन्छ ।

सुन्दर समाजको विकसित रूपलाई साकार तुल्याउने मानिसहरू दुई प्रकारले समाजप्रति उत्तरदायी बनेका हुन्छन् । केही व्यक्तिगत रूपमा समाज सेवामा संलग्न हुन्छन् भने कोही चाहिँ सामूहिक वा संस्थागत रूपमा समाजोपयोगी कार्यमा लागेका

हुन्छन् । यस्ता समाजसेवीहरू मध्ये केदार न्यौपाने व्यक्तिगत तथा संस्थागत दुवै रूपमा नै सामाजिक सेवामा आबद्ध रहेका छन् ।

पुर्ख्यौली थलो भोजपुरको गोगनेमा जन्मिएको भए पनि हाल काठमाडौँको बानेश्वरमा स्थायी रूपमा बसोबास गर्दै आइरहेका न्यौपाने व्यक्तिगत सामाजिक सेवाका सन्दर्भमा काठमाडौँ उपत्यकाभित्र अनेकौं कार्यहरू गरिरहेका छन् । उनले गरिब, दुःखीहरूको सेवा गर्नुका साथै विकास निर्माणका कार्यहरूमा व्यक्तिगत रूपमा विभिन्न सहयोग र आवश्यक सुझावहरू दिँदै आएका छन् (शोधनायकसँगको कुराकानीबाट) ।

यसका अतिरिक्त बानेश्वर क्याम्पसका संस्थापक प्रमुख, बी.पी. स्मृति स्वास्थ्य प्रतिष्ठान, बी.पी. स्मृति अस्पताल साहित्यिक पत्रकार सङ्घ, प्राध्यापक सङ्घजस्ता सामाजिक, साहित्यिक, स्वास्थ्य, शिक्षा र पेसागत सङ्घ-संस्थाहरूको केन्द्रीय तथा एकाइस्तरमा अध्यक्ष, महासचिव एवम् सदस्य भई कार्य गर्नु भएको र विभिन्न सङ्घ-संस्था र शैक्षिक प्रतिष्ठानमा संस्थापक, संरक्षक, सञ्चालक, अध्यक्ष, उपाध्यक्ष एवम् सदस्य भई काम गर्दै आइरहेका छन् । विद्यार्थी अवस्थादेखि नै समाजको हक हितको निम्ति कार्य गर्दै आएका न्यौपानेले केही साहित्यिक पत्र पत्रिकाको सल्लाहकारका रूपमा पनि कार्य गरेका छन् । कुनै पनि सङ्घ-संस्थाहरूको मुख्य उद्देश्य समाज सुधार नै प्रमुख हो । ती सङ्घ संस्थाहरूले कुनै न कुनै रूपमा समाज सुधारको अपेक्षा राखेका हुन्छन् । न्यौपाने विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ, संस्था, रोटरी क्लब तथा लायन्स क्लबहरूमा आबद्ध भई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा समाज सेवा र मानव सेवा गरिरहेका छन् । यसरी उनको समाज सुधारक व्यक्तित्व स्पष्ट रूपमा देखिएको छ । एकातिर न्यौपानेले आफ्ना साहित्यिक रचनाहरूको माध्यमबाट समाज सुधारको चेतना जगाएका छन् भने अर्कातर्फ उनको व्यवहार पनि सधैँ समाजसापेक्ष सकारात्मक भएकाले उनी सफल समाजसेवी व्यक्तित्वको रूपमा परिचित छन् (शोधनायका साथीसँग लिएको अन्तर्वार्ताबाट) ।

### ३.४.२ धार्मिक तथा सांस्कृतिक व्यक्तित्व

केदार न्यौपाने धर्म र संस्कृतिप्रति आस्थावान् साहित्यकार हुन् उनले धर्म र संस्कृतिलाई जीवनको महत्वपूर्ण पक्षको रूपमा हेर्ने गरेको भेटिन्छ । धर्मले भौतिक

उन्नतिको साथै आन्तरिक सुख शान्तिको अनुभूति दिन्छ भन्ने कुरा न्यौपाने व्यक्त गर्दछन् । यसैबाट धार्मिक सुखानुभूति, व्यावहारिक जीवनमा कार्य सफलता, व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वलाई सत्मार्ग धारण गर्न सक्छ । धर्मको व्यावहारिक पक्ष संस्कृति हो । हरेक संस्कृतिको विचार पक्ष र आचार पक्ष हुने गर्दछ । यी दुई पक्षमा विचार पक्ष खाँदिलो, दरिलो र सशक्त छ भने आचार स्वतः ठीक हुन्छ भन्ने विचार राख्ने न्यौपाने तीर्थयात्रा, तीर्थाटन र मन्दिर संरक्षणमा रुचि राख्छन् । समाज सेवामा पनि भावनात्मक विकास र समुत्थान नैतिक चारित्रिक र आध्यात्मिक चेतनाको पक्ष अनिवार्य रूपमा समावेश गरिनु पर्दछ भन्ने उनको व्यक्तिगत धारणा रहेको छ । यसैगरी उनको धार्मिक तीर्थस्थलहरूको भ्रमणबाट पनि व्यक्तित्वको निर्माण पक्षमा धार्मिक तथा सांस्कृतिक व्यक्तित्वको प्रभाव परेको छ (न्यौपानेका धर्मपत्नी सरिता न्यौपानेसँगको जानकारी अनुसार) ।

### ३.४.३ राजनीतिक व्यक्तित्व

मानिस स्वतन्त्र रूपमा जन्मेर उसले आफ्नो विचारको स्वतन्त्र सदुपयोग गर्न पाउनु पनि मानव अधिकारमा आउने महत्वपूर्ण पक्ष हो । यसै अनुरूप केदार न्यौपानेले पनि आफ्नो व्यक्तित्व अनुसार विचारलाई आफ्नै ढङ्गले प्रस्तुत गरेको देखिन्छ । उनले समाजप्रतिको दायित्वलाई बोध गरेर सम्पूर्ण राजनीतिक व्यक्तित्वलाई समाज सुधारमा लाग्न सल्लाह दिने गरेका छन् । केदार न्यौपानेमा समाजसेवी विचार भएकाले यसै सिलसिलामा आफूलाई स्वतन्त्र समाजसेवी विचार भएको र वर्तमान समाजमा देखिएको असमानता र विकृतिपूर्ण राजनैतिक परिस्थितिले पनि आफू कुनै राजनीतिक दलहरूमा प्रत्यक्ष संलग्न नभएकोमा पूर्ण सन्तुष्टि नै रहेको बताउँछन् ।

साहित्यकार न्यौपाने स्कुलदेखि नै विद्यार्थी गतिविधिमा संलग्न भई प्रजातान्त्रिक हक अधिकार र शैक्षिक मर्यादाको विकासमा क्रियाशील रहेका थिए । वि.सं. २०२४/०२५ सालतिर धरान, पिण्डेश्वर संस्कृत महाविद्यालय हुँदा विद्यार्थी सङ्गठनको सभापति रहेर काम गर्नु भयो । यसपछि पूर्वाञ्चलको विद्यार्थी प्रतिनिधिको हैसियतले विद्यार्थी अधिवेशनमा काठमाडौं आई ने.वि. सङ्घको संस्थापक हुनुभयो । वि.सं. २०३६ सालमा नेपाल प्राध्यापक सङ्घको केन्द्रीय सदस्य, नेपाल प्राध्यापक

सङ्घ महाराजगञ्जमा क्याम्पस एकाइको अध्यक्ष पदमा निर्वाचित भई दुई पटकसम्म कार्य गर्नुभएको, त्रि.वि. प्राध्यापक सङ्घ महाराजगञ्ज क्याम्पस एकाइको अध्यक्ष, बानेश्वर क्याम्पसको संस्थापक प्राचार्य भई १९ वर्षसम्म कार्य गर्नुभएको देखिन्छ (शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट) ।

यसरी हेर्दा कवि न्यौपाने नेपाली भाषा, साहित्यको विकासमा मात्र कार्यरत नरहेर राजनीतितिर पनि उत्तिकै दत्तचित्त रहेको देखिन्छ ।

### ३.४.४ बहुभाषी व्यक्तित्व

साहित्यकार केदार न्यौपानेको मातृभाषा नेपाली हो । बोली वचन र साहित्यिक अभिव्यक्तिको भाषा पनि नेपाली नै हो । उनका साहित्यिक लेख रचनाहरू पनि नेपाली भाषामै लेखिएका छन् । त्यसैले नेपाली भाषा उनको अभिव्यक्तिको सर्वाधिक सशक्त माध्यम हो । नेपाली भाषाका अतिरिक्त उनले अरू भाषाको पनि अध्ययन गरेका छन् । न्यौपाने हिन्दी भाषाका साहित्यिक कृतिहरू पनि अध्ययन गर्न रुचाउनुका साथै यस भाषालाई पनि सम्मान गर्छन् । विद्यार्थी अवस्था देखि नै शिक्षा आर्जनको माध्यम संस्कृतलाई बनाएको र संस्कृतका प्रशस्तै कृतिहरू अध्ययन गरेकाले संस्कृतको पनि राम्रो जानकारी उनमा रहेको छ । उच्च शिक्षा अध्ययन गर्दा नेपाली र अङ्ग्रेजी दुवै भाषामा अध्ययन गरेका न्यौपानेले राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी आदिमा सहभागिता जनाउँदा अङ्ग्रेजी भाषा प्रयोग गर्नु पर्ने भएकाले उक्त भाषा अनिवार्य भए पनि यस भाषाको धेरै थोरै ज्ञान पहिले नै हासिल गरको कारण उनी सजिलैसँग अङ्ग्रेजी भाषा बोल्न र लेख्न सक्छन् । यसरी अभिव्यक्ति र सम्प्रेषणका दृष्टिले उनलाई बहुआयामिक व्यक्तित्वका धनी मान्न सकिन्छ ।

### ३.४.५ जागिरे व्यक्तित्व

बहुमुखी प्रतिभाको धनी केदार न्यौपानेलाई जागिरे व्यक्तित्वको रूपमा पनि चिन्न सकिन्छ । वि.सं. २०३० सालदेखि नै आदर्श मा.वि. गणबहाल हाइस्कुलमा र २०३१ सालदेखि २०३२ सालसम्म शिक्षाशास्त्र भोजपुरकै शिक्षकको रूपमा काम गर्न पुगेका न्यौपानेले वि.सं. २०३२ देखि २०६२ सम्म चिकित्साशास्त्र अध्ययन संस्थान

महाराजगञ्जमा काम गरे । साथै विभिन्न प्रोजेक्ट र अस्पतालको बेलफेयर सेन्टरमा पनि उनले सेवा गरे ।

यसैगरी वि.सं. २०६२ सालदेखि सामुदायिक कलेज वानेश्वरमा काजमा रहेर सेवा गर्दे आउनु भएका न्यौपाने हाल पाटन संयुक्त क्याम्पसमा सह-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ । यसर्थ न्यौपानेको जागिरे व्यक्तित्व यहाँबाट पनि स्पष्ट भएको छ ।

### ३.४.६ प्रेरक व्यक्तित्व

साहित्यकार केदार न्यौपाने आफूले पाएको अवसरलाई सही रूपमा सदुपयोग गरेर आफ्ना पाइला अगाडि बढाउने एक सफल व्यक्तित्वको रूपमा चिनिएका छन् । परिश्रमी, मिहनेती व्यक्तित्व भएकाले साहस र हिम्मतका साथै लगनशील भएर कर्म गर्दै आज हरेक क्षेत्रमा सफलताको शिखर चुम्न सफल भएका छन् । यही नै सबैका लागि प्रेरणाको स्रोत बनेको छ । उनको यो साहित्यिक क्षेत्रका सफलताहरूलाई सही रूपमा मूल्याङ्कन हुन सकेका खण्डमा उत्तरवर्ती साहित्य सर्जकमा लाग्न चाहनेहरूका लागि उनी प्रेरणाको स्रोत बन्न सक्ने कुरामा दुई मत छैन (प्रह्लाद पोखरेलसँग भएको कुराकानीबाट) ।

### ३.४.७ सम्पादक व्यक्तित्व

साहित्यकार केदार न्यौपानेले वि.सं. २०२४।०२५ सालदेखि निरन्तर घामछाया, देराउली, अङ्कुर, प्राध्यापक सङ्घका बुलेटिनहरू, हाम्रो साथी आदि पत्रिकाहरू र पुस्तकका रूपमा डाक्टर नभएमा, दुध खुवाउने आमालाई सहयोग, प्रमुखको भूमिका, बाल स्वास्थ्य, पोषण र स्वास्थ्य आदि पुस्तकहरूको सम्पादन गरेका छन् । लेखहरू प्रकाशनको तिथिमिति टिपोट गर्ने बानी नगरेका र लेखहरूको सङ्कलन गरी एकत्रित गर्ने बानी पनि नभएकोले छरिएका टिपोटहरू जम्मा गर्न असजिलो भएको बताए (शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट) ।

### ३.४.८ स्तम्भकार व्यक्तित्व

बहुमुखी प्रतिभाको धनी केदार न्यौपानेलाई स्तम्भकार व्यक्तित्वका रूपमा पनि चिन्न सकिन्छ । वि.सं. २०२५।०२६ सालदेखि निरन्तर स्वास्थ्य सम्बन्धि लेख, त्यसको आख्यानात्मक स्वरूपलाई निरन्तर प्रस्तुत गर्ने र बाल पत्रिकामा स्वास्थ्य सम्बन्धि

लेखहरू लेखी स्तम्भकारको भूमिका निर्वाह गरेको पाइन्छ साथै भूमिकाहरू पनि क्याम्पसका विभिन्न समूहबाट प्रकाशित हुने पत्रिका विद्यार्थीहरूका सिर्जनात्मक सङ्ग्रहहरूमा भूमिका लेखनको जिम्मेवारी वहन गरेको पाइन्छ (कवि केदार न्यौपानेले दिएको जानकारी अनुसार) ।

## ३.५. निष्कर्ष

मानिसले सुरुदेखि नै जीवनमा संघर्ष गर्दै आइरहेका हुन्छन् । उसले ती सुरुका दिनमा गरेका संघर्षहरू नै आफ्नो व्यक्तित्व निर्माण गर्ने आधार बन्दछ । झट्टहेर्दा गोरो वर्ण, हृष्टपुष्ट शरीर, लगभग पाँच फिट आठ इन्च शारीरिक लम्बाई, केही लामो नाक, हसिलो मुखाकृति, फुल्न थालेका नरम बाक्लो कपाल भएका साहित्यकार न्यौपाने सरल, शान्त, स्वच्छ र निश्छल प्रकृतिका लाग्छन् । त्यस्तै गरेर उनमा चाहिने भन्दा बढी नबोल्ने तर कहिलेकाहीँ ख्याल ठट्टा गर्न पनि पछि नपर्ने, सत्यको पृष्ठपोषक, वैदिक सनातन धर्म संस्कृतिप्रति आस्थावान्, स्वावलम्बी, स्वाभिमानी गुण न्यौपानेमा निहित रहेको पाइन्छ । त्यस्तै निडर, नम्र बोल्ने, आत्मीय व्यवहार, परिश्रमी, जुझारुजस्ता मानवीय स्वभाव पनि उनका व्यक्तित्वको मुख्य पाटो मान्न सकिन्छ । त्यसकारण साहित्यकार न्यौपानेको व्यक्तित्व मिश्रित रहेको छ भन्न सकिन्छ ।

साहित्यकार केदार न्यौपानेले पनि आफ्नो व्यक्तित्व निर्माण गर्ने क्रममा विभिन्न संघर्ष गर्दै आरोह अवरोहहरूका बाबजुद आफूलाई एउटा सफल साहित्यकार र सम्पादकीय रूपमा स्थापित गर्न सक्षम भए । उनले सम्पादकीय तथा साहित्यका क्षेत्रबाट मान, सम्मान, इज्जत, प्रतिष्ठा पाएका छन् । नेपाली साहित्यको फाँटमा आज एउटा सफल कवि, गीतकार, समीक्षा, अनुवादको रूपमा आफ्नो छुट्टै पहिचान बनाउन सफल न्यौपाने यसका अतिरिक्त समाजसेवाका क्षेत्रमा पनि उत्तिकै सक्रियताका साथ कार्य गरिरहेका छन् ।

# अध्याय-चार

# साहित्यकार केदार न्यौपानेको कृतित्वको अध्ययन

## ४.१ साहित्यकार केदार न्यौपानेको लेखन यात्राको चरण विभाजन

कुनै पनि कवि तथा साहित्यकारले आफ्ना लेख, रचनाहरू तयार गरेपछि त्यसलाई सधैँ चिरकालसम्म रहिरहोस् भन्ने चाहना राखेको हुन्छ । त्यसैकारण उसले आफ्ना रचनाहरूको पाण्डुलिपिलाई पुस्तकाकार रूप दिन चाहन्छ । यसरी तयार पारिएका कृतिहरू विभिन्न प्रयोजनका हिसाबले तयार गरिएका हुन्छन् । कसैले आफ्नो कृति पछि धेरै समयसम्म रहोस् भन्ने चाहन्छ त कसैले व्यापारिक दृष्टिले त्यसलाई बिक्री गरी धन आर्जन गर्ने उद्देश्य राखेको हुन्छ । तर जे उद्देश्यले कृतिहरू निर्माण गरे तापनि यसले भाषा र साहित्यको विकासमा ठूलो भूमिका खेलेको हुन्छ ।

पहिले-पहिले नेपाली भाषालाई पण्डित वर्गहरू 'भाखा' भनेर हियाउने गर्दथे । नेपाली भाषामा कुनै पनि साहित्य सिर्जना भएका थिएनन्, पछि भाषालाई उत्कृष्ट बनाउन साहित्यको ठूलो आवश्यकता पर्दछ भन्ने देखियो । वि.सं. १८०० देखि मात्र नेपाली भाषामा साहित्य सिर्जना हुन थाल्यो । आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, लेखनाथ पौड्यालजस्ता कवि लेखकहरूको उदय भयो । यस समय सम्ममा नेपालमा वि.सं. १९०८ मा नेपाल मनोरञ्जनयन्त्रालय (गिद्दे प्रेस) स्थापना भइसकेको थियो (पराजुली, २०५५ पृ. ३१६-३१७) । त्यसपछि मात्र नेपालमै पुस्तकहरू छापिन सुरु भयो । वि.सं. १९५९ मा गोरखापत्र छापाखाना र १९७० मा गोरखा भाषा प्रकाशिनी समिति खुल्यो । यसपछि विविध प्रतिबन्ध हुँदा हुँदै पनि विभिन्न साहित्यकारहरूका पुस्तककार कृतिहरू प्रकाशित हुन थाले । अहिले त यसको विकास निकै भएको पाइन्छ ।

यस्तै साहित्यिक यात्राकै क्रममा कवि केदार न्यौपाने लगभग चार दशकदेखि साहित्य सिर्जनामा लागिरहेका छन् । आफ्ना घर परिवार र वरपरको वातावरणबाट अध्ययनमा प्रेरणा पाएका न्यौपाने वि.सं. २०२० अर्थात् १३-१४ वर्षको कलिलो उमेरदेखि नै सिर्जना क्षेत्रमा प्रवेश गरेको तथ्यको चर्चा दोस्रो तथा तेस्रो अध्यायमा नै गरिसकिएको छ । वि.सं. २०२३ देखि औपचारिक रूपमा साहित्यिक क्षेत्रमा उदाएका

न्यौपाने हालसम्म आफ्नो साहित्य साधनाको तीन दशकभन्दा लामो समय पार गरिसकेका छन् । विभिन्न सामाजिक संघ-संस्थाहरूमा संलग्न रही जनताको हितको लागि कार्य गर्दै आइरहेका न्यौपाने साहित्य सिर्जनातर्फ पनि उत्तिकै सक्रिय भएर लागिरहेका छन् । आफ्नो जीवन यात्रामा भोगेका, अनुभव गरेका तीता मीठा अनुभव र सुख दुःखका क्षणहरूलाई लेखनका माध्यमबाट व्यक्त गर्ने न्यौपाने साहित्यिक फाँटका कविता, गीत, समीक्षा क्षेत्रमा चिरपरिचित छन् (शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट) । न्यौपानेको साहित्यका प्रवृत्तिगत घुम्ती वा मोडहरू निक्र्यौल, सीमाङ्कन, विवेचना र विश्लेषण गर्नु नै उनको साहित्य यात्राको निरूपण गर्नु हो ।

साहित्यकार न्यौपानेको चार दशक लामो साहित्यिक यात्रामा विभिन्न घुम्ती देखा परेका छन् । यसरी हेर्दा उनको साहित्यिक यात्रालाई मूलतः चार चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

(क) आभ्यासिक चरण (वि.सं. २०२०-२०२३)

(ख) प्रथम चरण (वि.सं. २०२३-२०३६)

(ग) द्वितीय चरण (वि.सं. २०३६-२०६२)

(घ) तृतीय चरण (वि.सं. २०६२-हालसम्म)

### (क) आभ्यासिक चरण (वि.सं. २०२०-२०२३)

केदार न्यौपाने वि.सं. २०२०-२०२३ देखि नै साहित्य साधनाको क्षेत्रमा लागेका व्यक्ति हुन् । साहित्यिक क्षेत्रमा रुचि भएका कारण नै १३-१४ वर्षको कलिलै उमेरमा उनले वि.सं. २०२० सालमा **मनोरञ्जन** नामक पत्रिकामा **खोलाको भूत** र राष्ट्र गौरवजस्ता कविता लेखे भने वि.सं. २०२३ तिर **पीपल र नेपाल** नामक पत्रिकामा **नानीहरूसित, भञ्ज्याङ** जस्ता केही कविता लेखी आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाए ।

### (ख) प्रथम चरण (वि.सं. २०२३-२०३६)

साहित्यकार केदार न्यौपानेको २०२३/०२४ सालतिर **पीपल र नेपाल** नामक पत्रिकामा प्रकाशित कविताबाट उनको साहित्य यात्राको आभ्यासिक चरण प्रारम्भ भएको थिए भने यस चरणमा उनले विभिन्न सामाजिक विकृति, राष्ट्रप्रेम, क्रान्तिकारी

भावनालाई प्रस्फुटित पार्ने किसिमका सिर्जनाहरू गरेको पाइन्छ तापनि यिनले विविध कारणवश आफ्ना रचनाहरू सार्वजनिक रूपमा प्रकाशित गर्न सकेनन् । सो बीचमा कविता, माधुर्य, मधुपर्क लगायतका साहित्यिक पत्रिका र गोरखापत्र, बालक विभिन्न पत्र पत्रिकामा प्रकाशि भएका छन् र विभिन्न विद्युतीय माध्यमबाट प्रसारणमा आएका छन् भने गोदावरी एल्मोनाइएशोसियन, राजकीय प्रज्ञा प्रतिष्ठान आदिबाट आयोजित महोत्सवमा एकाङ्की नाटकहरूमा परिवर्तनका स्वरहरूलाई सार्वजनिकीकरण गरेको देखिन्छ । साथै विभिन्न कविता प्रतियोगितामा सहभागी भई सङ्कुचित परिवेशलाई चिरेर राष्ट्रिय भावनाको अभिव्यक्ति प्रदान गरेको पाइन्छ । न्यौपानेको प्रथम चरणमा सामाजिक, आर्थिक र राजनीतिक असमानताको भर्त्सना गर्दै व्यङ्ग्य र विद्रोहको स्वरलाई आफ्ना रचनाहरूमा प्रस्तुत गरेका छन् । तापनि यस चरणले सिङ्गा सिर्जनात्मक सँगालाहरूमा प्रकट हुने अवसर प्रदान गरेको छैन ।

(ग) **द्वितीय चरण (वि.सं. २०३६-२०६२)**

साहित्यकार न्यौपानेको दोस्रो चरण वि.सं. २०३६ सालबाट सुरु हुन्छ । सो चरणमा उनले प्रजातान्त्रिक हक अधिकार अवरुद्ध भएको अवस्थालाई नियाल्दै परिवर्तनका साङ्केतिक अभिव्यक्ति दिने सिर्जनाहरूको लेखन प्रकाशन गरेको पाइन्छ । राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित हुने माधुर्य, मधुपर्क, मिर्मिरे लगायत विभिन्न तत्कालीन साहित्यिक पत्र पत्रिकामा रचनाहरू प्रकाशित भएको देखिन्छ भने केही कृतिहरू उनले आफैँ आफ्नो डायरीमा सीमित राखेका छन् । न्यौपानेको यस चरणमा पनि छुट्टै कृतिहरू प्रकाशित हुन नसके पनि पूर्ववत् पत्रिकाहरूमा कविताहरू प्रकाशित भएका छन् । प्रथम चरणको तुलनामा न्यौपानेको साहित्यिक यात्राको दोस्रो चरण समेत कमै उर्वर देखिन्छ ।

(घ) **तृतीय चरण (वि.सं. २०६२ देखिहालसम्म)**

साहित्यकार केदार न्यौपानेको तृतीय चरण वि.सं. २०६२ सालबाट सुरु हुन्छ यस समयमा राजनीतिक, सामाजिक, प्रशासनिक क्षेत्रमा देखा परेका अन्यौल र अराजकताको सन्दर्भलाई नै उनले आफ्ना रचनाहरूको प्रमुख विषयवस्तु बनाएका छन् । दोस्रो चरणको तुलनामा न्यौपानेको साहित्यिक यात्राको तृतीय चरण एवम्

परिमाणात्मक गुणात्मक दुवै दृष्टिले उर्वर मान्न सकिन्छ । यस चरणमा न्यौपानेको **समीक्षा-सुमन** (२०६२) भाग-१ प्रकाशनका दृष्टिले जेठो कृतिका रूपमा प्रकाशनमा आएको देखिन्छ त्यसपछि समीक्षा सुमन भाग २ (न्यौपाने, २०६२) । यस चरणमा साहित्यको गीति विधामा बढी सक्रिय रहेका न्यौपानेले **हिउँको छायाँमुनि** एक गीतसङ्ग्रह (सद्रीमा प्रकाशन, २०६४) प्रकाशित गरेका छन् भने कविता विधातर्फ **सपना देख्नेहरूका लागि** (२०६४), कविता सङ्ग्रह, यसै गरी **चिरन्तन** (२०६४) कविता सङ्ग्रह प्रकाशित भएका छन् । यसका अतिरिक्त सामूहिक लेखन पुस्तिका तथा अन्य पत्रपत्रिकाहरूमा कविता, लेख, रचना, समालोचना र गोष्ठीपत्र आदिको प्रकाशन भएको र कोश सङ्कलन र सम्पादन विशेष योगदान रहेको पाइन्छ ।

साहित्य यात्राको यस चरणमा उनको सृजनात्मक लेखन तीव्र गतिमा अगाडि बढेको देखिन्छ । यस चरणको छोटो अवधिमा नै एउटा गीत सङ्ग्रह, समीक्षा भाग १ र २, दुई वटा कविता सङ्ग्रह प्रकाशित गर्न सफल न्यौपानेको लेखन यात्रा सशक्त रूपमा निरन्तर अगाडि बढिरहेको छ । अर्को वर्ष विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रूपमा छरिएर रहेका कविताहरूलाई एकत्रित गरी एक कविता सङ्ग्रह प्रकाशित गर्ने तयारीमा जुटेका न्यौपानेको साहित्यिक कृतिहरूमा तत्कालीन शासकहरूप्रति विद्रोहात्मक अभिव्यक्ति, सामाजिक-सांस्कृतिक विकृति एवम् विसङ्गतिहरूको चित्रण त्यस्तै निराशाभित्र आदर्शको खोजी गर्दै नयाँ मूल्य र मान्यताको स्थापना गर्ने अभिलाशाले आफ्नो साहित्यिक प्रतिभालाई उच्च बनाएको पाइन्छ । त्यसैगरी राजनीतिक स्वार्थ, एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति, समाजमा व्याप्त रहेको कुप्रथा र हत्या हिंसा अनि वर्वरतालाई व्यङ्ग्य प्रहार गरेका छन् ।

न्यौपानेको यस चरणमा मौलाएको सिर्जनात्मक क्षेत्र गीति विधा पनि हो । गीति यात्राको छोटो समयमा नै सफल गीतकार व्यक्तित्वको रूपमा ख्याति कमाउन सफल न्यौपानेका गीतहरूमा प्रेम, देशप्रेम, जीवनदृष्टि, गरिब दुःखीहरूप्रति सद्भाव प्रेमका संयोग तथा वियोग दुवै विषयवस्तु प्रयोग भएका छन् । यसैगरी कविता विधामा पनि देशप्रेम, युगीन समस्या, सामाजिक विकृति तथा विसङ्गतिजस्ता प्रश्नहरूलाई यथार्थ रूपमा चित्रण गरेका छन् ।

यसरी प्रथम, द्वितीय चरणका सिर्जनाहरू भन्दा यस चरणमा उनका साहित्यिक रचनाहरू परिष्कृत छन् भने साहित्यिक यात्राको यस चरणमा उत्कर्ष प्राप्त गर्न उनको कलम निरन्तर अघि बढिरहेको देखिन्छ ।

### ४.१.१ चरण विभाजनको औचित्य र आधार

साहित्यकारको साहित्यिक यात्रामा विभिन्न मोडहरू आउँछन् । यस्तो मोडहरूले स्रष्टाका सिर्जना र प्रवृत्तिमा परिवर्तन गर्न सक्छ । ती मोड अर्थात् घुम्तीहरूलाई छुट्याएर वर्गीकरण गरी प्रत्येकले साहित्यकारको रचनात्मक दृष्टिकोणमा के कति अन्तर ल्याएको छ ? भनी हेरिन्छ भने परिवर्तनका आधारभूत कारणहरूसँग विभिन्न समयमा लेखिएका कृतिहरूको अन्तः सम्बन्ध केलाएर साहित्यकारहरूको मूल्याङ्कन गर्न सकिन्छ ।

साहित्यकारका साहित्यिक यात्रामा फरक मोडहरू देखिनुमा विभिन्न कारणहरू हुन सक्छन् । यसमा साहित्यकारको वरिपरिको वातावरण, राजनीतिक स्थिति, जीवन भोगाइका महत्वपूर्ण क्षणहरूको प्रमुख भूमिका रहन्छ । साहित्यिक यात्रामा प्रायः सबै साहित्यकारहरूको सुरुका र प्रौढावस्थाका साहित्यिक दृष्टिकोणमा पनि परिवर्तन आयो भने उनका साहित्यिक कृतिहरूको विश्लेषण गर्न चरण विभाजनले सजिलो पार्दछ । यसैगरी कृतिहरूको परिणाम, तिनको प्रकाशन समय, गुणस्तरमा परिवर्तन, साहित्यिक धारणागत प्रवृत्तिहरूको अन्तर्विकास आदिको आधारमा समेत चरण विभाजन गर्न सकिन्छ ।

यस प्रकार न्यौपानेको साहित्यिक यात्रालाई विभाजन गर्न पनि उल्लिखित विभिन्न कारणहरूलाई नै आधार मानिएको छ किनकि तिनै कारणहरू नै उनका साहित्यिक यात्राको चरण विभाजनमा उपर्युक्त पक्ष देखिन्छ ।

## ४.२ 'चिरन्तन' कविता सङ्ग्रहका कविताहरूको अध्ययन

### ४.२.१ परिचय

**चिरन्तन** कवि केदार न्यौपानेको पद्य कविता सङ्ग्रह हो । कविता सबैले लेख्छन् तर पद्यकविता प्रतिभा सम्पन्न मेहनती कविले मात्र लेख्न सक्छन् । वास्तवमा कविता भन्नुको स्वाद वा पहिचान नै पद्यमा हुन्छ । पढ्दा सुन्दा मात्र नभएर कवितै नबुझ्ने मान्छेले थाहा पाउँदा पनि कविता पद्य नै हुन्छ । यस्तो कविताको वास्तविक मूल्य पहिचान गरेर कलम चलाउनु कवि न्यौपानेको कवि हुनुको ठूलो दक्षता हो । वास्तवमा कवि न्यौपानेलाई आफ्ना पिताले पढ्ने गरेका धर्म ग्रन्थका मन छुने श्लोकहरू र सहोदर दाजु कवि दैवज्ञराज न्यौपानेको पद्य कविता लेखन र गायनले नै

कवितातर्फ आकर्षित गरेको थियो (केदार न्यौपाने 'चिरन्तन' कविता सङ्ग्रह, २०६४, ठाकुर पराजुली, पृ. भूमिका, काठमाडौँ) । न्यौपानेलाई कवि बनाउने प्रेरणाका विविध स्रोतहरूमध्ये कवि दैवज्ञराज न्यौपानेको सिर्जनशीलता र साहित्यिक व्यक्तित्व प्रमुख रहेको छ । यसरी विविधतर्फबाट पद्यमा लठ्ठिएका कवि न्यौपानेले गीत, गद्य कविता लेख्नु भन्दा पद्य कविता लेख्नु र यसमा बढी पोखिन सक्नु स्वभाविक लाग्छ । **चिरन्तन** कविता सङ्ग्रहमा कवि न्यौपाने गीति र गद्य कवितामा जस्तै अझ सशक्त रूपमा प्रस्तुत भएका छन् ।

**चिरन्तन** नाम लिनै पर्ने थोरै पद्य कविताहरू मध्येको एउटा सफल सङ्ग्रहका रूपमा देखापरेको छ । यस सङ्ग्रहमा छोटा लामा आकारका विभिन्न बान्की र शैलीका ३६ वटा कविताहरू सङ्कलित छन् । गीतिकविता र गद्य कविताभन्दा पनि पद्य कविताको विषय क्षेत्र फराकिलो बनेको छ र कवि अझै सरल ढङ्गले पोखिएका छन् । पद्यमा सरल ढङ्गले पोखिन सक्नु कविको प्रमुख दक्षता हो । गद्य कविता लेख्न पनि त्यति सरल छैन तर त्यहाँ पद्यमा जति धेरै कुरा अपेक्षित हुँदैनन् । विषयवस्तु अनुरूपकै छन्द छनोट गर्नु त्यो विषय अनुरूपको भाव प्रतिपादन गर्नु र भावानुकूल रस र अलङ्कारको तालमेल गराउन सानोतिनो धैर्यले सम्भव छैन् । यहाँ सङ्कलित कतिपय कविताहरू रस अलङकार र छन्द मात्र होइन विम्बचयनका दृष्टिले पनि उदाहरणीय छन् । त्यस्ता उदाहरणमध्ये एउटा अंश यस्तो छ :

राखौं देश खुला दुवै नयनमा बिभ्दै नबिभ्ने गरी
माटोभित्र लगेर यो मुटु पनि सारूँ कि सर्ने गरी ?

**(निर्माणको सपना, पृ.६)**

यो एउटा देशभक्त कविको उच्च कवित्व हो । चिरन्तनभित्र यस्ता अनेकौं उदाहरणहरू छन् । यहाँ समेटिएका कविताको विषयवस्तुगत विविधताले पुस्तक पढ्न थालेपछि पढिरहुँ लाग्ने बनाएको छ । कविले आफ्नो आत्मप्रकाशनदेखि सांस्कृतिक महिमा, पसिनाको मूल्य, प्राकृतिक सौन्दर्य, महत्वपूर्ण महिना ऋतु र समयबोधदेखि शिक्षक पेसा र विद्यार्थी जीवनजस्ता पक्षहरूले कवितामा स्थान पाएका छन् । एकातिर आमाको ममतादेखि दाम्पत्य जीवन हुँदै नातीलाई दिइने वात्सल्यसम्मका अनुभूति

कवितामा बुनिएका छन् भने अर्कातिर उज्यालोको खोजी, क्रान्तिको आत्मसात् र सहिदहरूमा सम्मानभाव व्यक्त गरिएका छन् । कवि सिद्धिचरण श्रेष्ठ, ब्रह्मचारी षडानन्द, आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्टजस्ता शिक्षा र साहित्यमा लागि पर्ने महान् विभूतिहरूप्रति कवितामै श्रद्धासुमन अपर्ण गरिएको छ । कतिपय कविताहरू यात्रासँग सम्बन्धित छन् भने कतिपय स्मृतिसँग सम्बन्धित छन् । यस अर्थमा सङ्कलित कविताले व्यापक क्षेत्र र विषयवस्तुलाई आत्मासात् गरेको पुष्टि हुन्छ ।

भाषाशैलीका दृष्टिले हेर्दा कतिपय कवितामा तत्सम शब्दको बाक्लो प्रयोगले साधारण पाठकलाई ठेस लगाउने अवस्था रहे पनि अन्य दोष देखिदैनन् । यस कविता सङ्ग्रहमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, स्रग्धरा, पञ्चचामर, अनुष्टुप, उपजाति, तोटक, वियोगिनी आदि वार्णिक र केही मात्रिक गरी झण्डै दर्जन जति छन्द प्रयोग भएको देखिन्छ । कतै कतै कवि लेखनाथ पौडेल, माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली, दैवज्ञराज न्यौपाने, वासुदेव त्रिपाठी आदि पद्य कविहरूका प्रभाव बिम्बहरू भेटिए पनि धेरै हदसम्म कविले आफूलाई प्रभावमुक्त राख्ने प्रयास गरेका छन् । कवि न्यौपानेले गद्य, गीत र पद्य तीनवटै कवितासङ्ग्रह निकालेका अर्थमा पद्य शैलीका कविताको यो पहिलो सङ्ग्रह हो । यस सङ्ग्रहको भूमिकामा प्राध्यापक ठाकुरप्रसाद पराजुलीले लेखेका छन् -कवि न्यौपानेका सिर्जनामा उर्वरता छ, खँदिलोपना छ साथै कोमलता र मिठास उहाँका कविता वाचनका वैशिष्ट्य हुन् (शुभेच्छु, रमेश २०६४ पृ. ९२/९३) । यसैगरी एक पाठकीय आलेखमा रमेश शुभेच्छु कृतिका बारेमा लेख्दछन्- द्वन्द्वविधान, अलङ्कारविधान वा रसविधानका दृष्टिले उदाहरणीय मान्न सकिने यी कविताले नेपाल एकीकरणको प्रसङ्गदेखि हिजो आजसम्मलाई आफूभित्र समेटेर आएका छन् । तैपनि सहज ढङ्गले छन्दोबद्ध कविता रचना गर्न सक्ने कलमको प्रकाशन यति ढिलो हुनुले हाम्रो लागि त अन्याय भयो भयो, यहाँ आफैँले आफैँ माथि पनि अन्याय गर्नुभएको छ । वि.सं.२०२०-०२२ सालतिरै पत्रिकामा देखिन थालेका यी रचनाहरू साढेचार दशकसम्म सिरानी लाएर सुत्नुहुने थिएन, समयमै प्रकाशित गर्नुपर्थ्यो भनी उनी आफ्नो गुनासो पोख्दछन् ।

यस सङ्ग्रहमा कवि न्यौपानेले कतै लेखनाथको भाकामा अनिष्टका आशंकादेखि सर्तक रहने सन्देश दिंदै 'सत्य सन्देश' को नवरूप दिएको देखिन्छ भने उहाँलाई कतै

माधव घिमिरेको बोलीसँग लोली मिलाउँदै वैशाखका आँकुरा र पालुवासँग प्रीतिका भावना साट्दै निर्माण र सङ्कल्पका बाँसुरी बजाउँदै रहेको पाउन सकिन्छ । ओखलढुङ्गाको सिको गर्दै जन्मभूमिको स्मृतिमा भाव विव्हल बनेका सिद्धिचरणको शब्दचित्र उनकै मात्रालयमा प्रस्तुत गरेको देखिन्छ ('चिरन्तन' कविता सङ्ग्रह, २०६४, ठाकुर पराजुली, पृ. भूमिका) । न्यौपाने कवि साथै संगीतका साधक भएकाले उनका कविताहरूमा लयात्मकता तथा रागात्मकता पाइन्छ । उनका कवितामा ऐतिहासिक र समसामयिक विषयवस्तुमा कला  तथा शिल्पको लेप लगाइएको पाइन्छ ।

**शुभकामना** देखि **आमा**सम्मका कविताभित्र कविले आफूलाई विविध रूप र माध्यममा प्रस्तुत गर्दै आफ्नो सशक्त अभिव्यक्ति दिएका छन् । कतै जीवनयात्री, कतै सहिद, कतै राष्ट्रनिर्माता, कतै कला शिल्प, कतै पितापुत्र, कतै ज्वाइँ-ससुरा, कतै पति-पत्नी, कतै शिक्षकविद्यार्थी आदिको अनुभव संगाल्दै समाजको, आफ्नो माटोको र राष्ट्रको सर्वाङ्गीण पक्षप्रति रहेको आस्था कविले आख्यानको भाषामा तृतीय पुरुष दृष्टिबिन्दुमा उभिएर व्यक्त गर्नुभएको छ । यसर्थः न्यौपानेको '**चिरन्तन'** कविता सङ्ग्रह समकालीन काव्य धरातलमा सर्वाधिक लोकप्रिय र प्रतिनिधिमूलक सावित भएको छ ।

**शुभकामना कविताको अध्ययन**

कवि केदार न्यौपानेको यस 'शुभकामना' कविताको शीर्षक बिम्बात्मक र प्रतीकात्मक रहेको पाइन्छ । कविले कविताको शीर्षक 'शुभकामना' राखेर आफ्नो अभिन्न मित्रलाई सुखी दाम्पत्य जीवनको शुभेच्छा व्यक्त गर्ने क्रममा जीवनको सौन्दर्यपरक अनुभूति प्रकट गरेका छन् । यस कवितामा प्रतीकात्मक साङ्केतिक शब्द र शैलीको प्रयोग भएको छ ।

अभिधामूलक शैलीमा लेखिएको यस कवितामा लाक्षणिक भाव प्रकट हुन्छ । यस कविताको परिवेशमा शाश्वताको झलक पाइन्छ । उनको यो कविता पनि पद्यलयमा रचिएको पाइन्छ । पद्यलयमा रचिएको यस कविताको संरचनालाई हेर्दा पूरै कविता जम्मा चार भागमा विभाजित गरिएको छ । यस कवितामा छन्दोबद्ध, शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ भने विभिन्न बिम्ब-प्रतीकको प्रयोगले कवितालाई रोचक बनाएका छन् । कविताको भाषाशैली सरल र सहज छ । त्यसैले कविता सजिलै

बुझ्न सकिन्छ । न्यौपानेको यस 'शुभकामना' कविता साथीका विवाहको बधाइमा लेखिएको कविता हो । उनको यस कविताको केही अंश यस्तो छ :

तिम्रो जीवन कल्पना सरि फुलोस् वास्ना सधैं फैलियोस्
बत्तीझैं अझ दिप्तिपूर्ण दिलहोस् व्यक्तित्व चम्की रहोस्
सादा होस् सब जिन्दगी अब कुनै उन्माद पैदा नहोस्
साथीको ममता पवित्र दिलको जीवन्त मैलो नहोस् ।

तिम्रो लायक वस्तु के छ र दिने यो निर्धनीका सँग
जे होस् तैपनि अर्पदैछु दिलको आत्मीय आस्था सब
जसको मन्दिर पुज्दछ्यौ प्रिय सखा त्यो होस् सधैं सुन्दर
सच्चा हृदयको उदार वर होस् जस्तो छ तिम्रो दिल ।

('**चिरन्तन**' पृ. १)

## आशङ्का कविताको अध्ययन

केदार न्यौपानेको यस 'आशङ्का' कविताको शीर्षक विम्बात्मक र व्यङ्ग्यात्मक रहेको पाइन्छ । यस कविताको मूलभाव वर्तमान सामाजिक परिवेश र विश्वमा व्यापक हुँदै गएको स्वार्थी प्रवृतिले मान्छे-मान्छे सँग नै नडराउने र उसका क्रियाकलापबाट प्रत्येक घटनामा प्रत्येक पाइलामा तर्सने अवस्थाप्रतिको व्यङ्ग्य नै यसको सार हो । यस कवितामा वार्णिक छन्द मध्येको श्रग्धरा छन्दको प्रयोग भएको छ ।

आशङ्का कवितामा अलङ्कृत शैलीको प्रयोग गरिएको छ । श्रद्धाको लागि तुलसीको मठ,आमाका काखभित्र आँधीवेरी जस्ता बिम्बको प्रयोग भएको पाइन्छ । भाषाशैली सरल भइकन पनि तत्सम शब्दको उपयुक्त प्रयोग भएको छ । पद्यलयमा रचिएको यस कविताको संरचनालाई हेर्दा पूरै कविता जम्मा छ भागमा विभाजित गरिएको पाइन्छ । यस कवितामा श्रग्धरा छन्दको प्रयोग भएको छ भने बिम्बात्मक प्रस्तुतिकरणका माध्यमले व्यङ्ग्यात्मक प्रयोगले कवितालाई रोचक बनाएको छन् । उनको यस कविताको एउटा अंश हेरौं :

आस्थाको केन्द्र श्रद्धामय मठ तुलसी रोप्न तर्सन्छ हात
माटाको स्नेह खोज्ने मुटु पनि ममतामुक्त भैदिन्छ या,त
छैनन् विश्वास बोक्ने वरपर सबका मित्र आफन्त सारा
एक्लै भोर्भैं छ मान्छे सब वन छहरा लाग्छ नौलो निराला ।

पड्कन्छन् खस्रु सल्ला डुङडुङ बमले भस्म गर्दो छ गोठ
बर्सन्छन् अश्रुधारा अझ पनि कहिले खोल्न पाइन्छ ओठ
पुस्तौँका स्वप्न गाँस्तै सतसत चुलिई उठ्न खोज्ने अनेक
आशङ्का रूप माटो लहलह रचना जिन्दगानी अशेष ।

(चिरन्तन, पृ.३)

**यात्रा कविताको अध्ययन**

कवि केदार न्यौपानेको यस 'यात्रा' कविताको शीर्षक जीवनवादी रहेको पाइन्छ । यात्रा कुनै पनि कार्यको अनुष्ठान नै एउटा यात्रा हो, त्यसमा सुख दुःख जे सुकै भए पनि आनन्ददायक हुन्छ त्यसले जीवनमा नयाँ नयाँ अनुभव र अनुभूति प्रदान गर्दछ । यसमा कसैले कसैको कुभलो गर्न खोज्नु हुँदैन आफ्नो कर्तव्यमा सधैँ दृढ भएर रहनुपर्छ भन्ने सन्देश दिएको छ । यस कविताको भाषाशैली परिष्कृत भइकन पनि स्पष्ट र सरल पाइन्छ :

फर्की आउँछ बार बार महिना बित्दो छ सारा पल
बिर्सी बिर्सिसकिन्न स्नेह ममता दूर्भावना वा छल
रोपेको फल मिल्छ कर्म जसले जे-जे गऱ्यो सो भने
मान्छेको अधिकार छल्न नउठौँ मान्छे हुने हो भने ।

तिम्रो शक्ति छँदा सधै हरघडी आफ्नै बनी आउने
के गर्लान् पछि मत्लवी छ दुनियाँ निस्वार्थ खैको हुने?
बाँचेको पनि हुन्न सार सबले रोई सराप्ने भए
आफ्नो स्वार्थ समर्पिने गर अझै जीवन्त बन्ने भए ।

(**'चिरन्तन'** पृ. ५)

**निर्माणको सपना कविताको अध्ययन**

कवि केदार न्यौपानेको प्रस्तुत कवितामा मानिसभित्रको कला चेतनाले निर्माणको सन्देश दिन खोजेको छ । निर्माणको आनन्दमा मान्छे आफैं आत्मविभोर हुने कुरा देखाइएको छ । शार्दूलविक्रीडित छन्दमा लेखिएको यस कविताको भाव सरल र सहज छ । यसमा लाक्षणिक शैली र व्यञ्जनात्मक भाव प्रकट गरिएको छ साथै देशभक्तिको बेजोड नमुना पनि यस कवितामा पाइन्छ :

राम्रो स्वप्न सधैंसधैं हृदयमा जागा बनी आउँछ
नौलो विश्व बनाउने रहरले अज्ञात बोलाउँछ
हिंड्दा साँझ बिहान नित्य मुटुमा दिन्छन् नयाँ प्रेरणा
मेरो देश मभित्र फुल्छ सहजै एकान्त संसारमा ।

बग्छन् सल्बल निर्झरीसित सँगै मेरा मिही भावना
बन्छन् याद पहाडको सबलता बोकेर निर्माणमा
ब्यूँझी उढ्छ समाधि निर्भय बनी ज्यूँदो कलाकारको
ब्यूँझी उठ्छ सहस्र पर्वत अनि नेपाल नेपालीको ।

('**चिरन्तन**', पृ. ६, ७)

**म कविताको अध्ययन**

केदार न्यौपानेको 'म' कविता पञ्चचामर छन्दमा लेखिएको कविता हो । यसमा मानवतावादी सिर्जनशील भावनालाई व्यक्त गरिएको छ । यस कवितामा प्राकृतिक विशेषता र आध्यात्मिक चिन्तन पाइन्छ । यसमा प्रकृतिसँग आफूलाई आरोपित गर्दै नवीन कलात्मक बान्की दिएको देखिन्छ । सरल भाषामा लेखिएको यस कवितामा प्राकृतिक मानवीय परिवेशमा नै आध्यात्मिक चिन्तनको छटा छचल्किएको देखिन्छ ।

उनको यस कविताको केही अंश यस्तो छ :

म बीज हूँ जगाउने अनन्त विश्व सिर्जना
म फूल हूँ नजीकको ममा छ दिव्यभावना
मभित्र फुल्छ यो धरा र फुल्छु मै धराभरि
सधैं सधैं बिहानमा नवीन सिर्जना गरी ।

मलाई भन्छ ब्यूँझ हे,बिहान सूर्यलालिमा
मलाई चुम्छ साँझमा सुधा लिएर चन्द्रमा
म धर्ती मै फिजाउँछु कुँदेर रूप शिल्पको
म सृष्टीगत गाउँछु नयाँनयाँ वसन्तको ।

(**'चिरन्तन'**, पृ. ८)

**आफ्नै संस्कृति आफ्नै गीत कविताको अध्ययन**

कवि न्यौपानेको यस कविताले नेपाली संस्कार र संस्कृतिमा नेपाली जीवन रतिएको अभिव्यक्ति दिन्छ । नेपाली घामछाँया संस्कार संस्कृतिको एउटा छाल यस कविताको उपलब्धि हो । यस कवितामा उपजाति छन्द देखिन्छ । यस कविता सामाजिक,राष्ट्रिय परिवेशमा लेखिएको पाइन्छ भने भाषाशैली परिष्कृत तथा सहज देखिन्छ :

म सभ्यताको पहिलो मुहान
मुस्काउँदैछु दिनहुँ बिहान
उनै खुलेका सपना फुलाई
म उठ्छु फेरि पनि वेद गाई ।

बँसी तराई अनि लेक लेक
निर्माणका शङ्ख फुकी अनेक
मेरा यिनै हातहरू बढाई
शृङ्गार गर्छु म त देशलाई ।

(**'चिरन्तन'**, पृ.१०)

**मुटु र पसिनाका कविताको अध्ययन**

उपजाति छन्दमा लेखिएको यस कविताले देश निर्माणको लागि हार्दिकतापूर्वक परिश्रम व्यक्त गर्नुपर्छ भन्ने सन्देश दिएको छ । सरल भाषामा लेखिएको यस कवितामा विभिन्न नेपालीहरू बीच एकता र सद्भावना राखी नेपाललाई पौरख गरी उन्नत राष्ट्रको रूपमा विकसित गराउने चाहना व्यक्त गरिएको छ । यस कविताको

केही अंश यस्तो छः

संसारको सुन्दर फूलबारी
भित्रै बनाइकन मेची काली
यो सृष्टिलाई परिधान देऊ
निर्माणको उन्नत शिल्प देऊ ।

धर्तीभरि जीवन फुल्छ तिम्रो
तिम्रै छ छाती भर धर्ती सिङ्गो
सुवर्णमा सुन्दर फूल तुल्य
बहाऊ आफ्नै पसिना अमूल्य ।

(**'चिरन्तन'**, पृ.११)

**विधि रेखा र फल कविताको अध्ययन**

प्रस्तुत कविता सामाजिक विषमतालाई लक्ष्य गरी लेखिएको कविता हो । अनुष्टुप छन्दमा लेखिएको यस कवितामा समाजका धनी गरिबको भेदभाव हामी आफैंले सृजना गरेका हौं । भाग्य,कर्म भन्ने कुरा काल्पनिक हुन् र त्यसलाई निरन्तरता दिनु अर्थात् त्यसमा विश्वास गरेर आफूलाई निष्क्रिय राख्नु ठीक हुँदैन भन्ने कुरा देखाइएको छ । सरल र सहज भाषामा लेखिएको यस कवितामा भेदभावले समाजको सर्वोत्तममुखी विकास हुँदैन भन्ने कुरा व्यक्त भएको पाइन्छ ।

कवि न्यौपानेमा राष्ट्रिय पुन निर्माणको संकल्पसँग आफ्ना पुर्खाहरूले आर्जन गरेको सीप, सिर्जना र पौरखको कुनै मूल्याङ्कन नभएकोमा पनि पीडाबोधको उत्तिकै गहिरो मर्म व्यक्त भएको छ । उनको कविताको अंश यस्तो छ :

कुँदोस् जति कलाकार बोल्ने छैन यहाँ कला ?
नबजी बाँसुरी सित्तै जाँदैछन् यी पलापला

मान्छेकै भरमा सारा स्वर्ग मर्त्य छ सञ्चित
विधि आफैं छ यो मान्छे फेरि आफैं छ बञ्चित

यहाँ भोगिन्छ रे रेखा मान्छेका सुख दुःखमा
जन्मदै दास झल्कन्छ मान्छेका अनुहारमा ।

(**'चिरन्तन'**, पृ. १२)

**बैशाख आफ्नै अनुभूतिमा कविताको अध्ययन**

प्रस्तुत कवितामा प्रकृति र जीवनको सुन्दर सम्बन्ध देखाएको छ । वसन्तका सृजनाले मानव हृदयलाई संवेदनशील, सिर्जनशील पारेको कुरा कविताले स्पष्ट पारेको छ । प्रकृतिले नै मान्छेलाई अमर सिर्जनामा उत्प्रेरित हुने प्रेरणा दिन्छ भन्ने कुराको संकेत यस कविताको निष्कर्ष हो । शार्दूलविक्रीडित छन्दमा लेखिएको यस कविताको भाषाशैली सरल देखिन्छ :

निद्राको क्षण ब्यूँझदैछु सपना बोकी स्वयम् सुन्दर
लाग्छन् स्वर्ग समान आज सुखका सम्पूर्ण गाउँघर
छोई चुम्न म खोज्छु रे किन त्यसै यो बैंसको बाँसुरी ?
लाग्यो क्यार कि कुत्कुत्याइरहने बैशाखको माधुरी ?

टाढाबाट उडेर एक पुतली आई ममा बस्तछ
छातीकै ममता उठेर धरती आकाशमा व्याप्त छ
आँखाले अब छुन्छ छुन्छ हिउँका अग्ला चुली टाकुरा
माटो भै मुटु चुम्न खोज्छ रसले वैशाखको आँकुरा ।

(**'चिरन्तन'**, पृ. १४)

**सहिदको सम्झनामा कविताको अध्ययन**

कवि न्यौपानेको प्रस्तुत कवितामा सहिद प्रतिको सम्मान गरिएको छ । सहिदका त्याग, तपस्या, बलिदानले स्वतन्त्रता, उन्नति र प्रगतिका ढोकाहरू खुलेका छन् । यसको लागि सहिदले ठूलो योगदान दिएको कुरो कविताले अलङ्कृत भाषामा प्रस्तुत गरेको पाइन्छ । वार्णिक छन्दभित्र पर्ने शार्दूलविक्रीडित छन्दमा लेखिएको यस कवितामा १९ अक्षर छन् । उपमा, रूपक र दृष्टान्त जस्ता अलङ्कारहरूको प्रयोग गर्दै लाक्षणिक शैलीमा कविले मुलुकको स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्ने शहीदहरूको योगदानको सम्झना गरेको कुरा उल्लेख भएको छ :

हाम्रो अर्जुन भाव विश्वरूपले उक्साउने कृष्ण हे ¤
हाम्रो चेतनालाई चुम्बन गरी सल्काउने दीप हे ¤
तिम्रो साहस फुल्छ आज हिउँका सम्पूर्ण कैलासमा
तिम्रो जीवन बाँच्छ सुन्दर बनी नेपाल संसारमा ।

मान्छेको इतिहास जीवित हुने उस्कै ठूलो साहस
मान्छे मै युगपूर्ण हुन्छ युगमा अट्दैन रे मानिस
भन्ने लक्ष्य लिएर हर्दम तिमी उत्साहले बढ्दथ्यौं
मान्छेकै अधिकार निम्ति मुटुको माया सबै पोख्तथ्यौ ।

(**'चिरन्तन'**, पृ. १६)

**तिम्रो प्यारो ओखलढुङ्गा कविताको अध्ययन**

कवि न्यौपानेको यस कविता मात्रा छन्दमा लेखिएको कविता हो । प्रस्तुत कवितामा युग कवि सिद्धिचरण श्रेष्ठको प्रसिद्ध ओखलढुङ्गा कविताले दिएको योगदान र महत्व लाई संस्मरण गर्दै सोही शैलीमा कविको सम्मान गरिएको छ । कवि श्रेष्ठको योगदानले सम्पूर्ण नेपालीलाई प्रेरणा दिएको कुरा कवि न्यौपानेले यस कविता मार्फत सार्वजनिक गरेका छन् । कविताको माध्यमबाट सिर्जन श्रेष्ठ र सृजनात्मक विशेषताप्रति श्रद्धाञ्जलीको भाव व्यक्त गरिएको छ । भाषाशैली सरलता, सहजता छ र अनुप्रयासमय विन्यासले कवितालाई उत्कृष्ट बनाएको पाइन्छ :

जुन माटामा जन्म्यौं कविजी !
त्यो माटो कृतकृत्य भयो ?
बालापनका स्मृतिले ढाक्यो
जीवन सारा धन्य अहो !
जुन आस्थामा लेख्यौ तिमीले
त्यो आस्था अनमोल बन्यो ?
जीवन चङ्गा चुँडियो तिम्रो
ख्याति लता ढकमक्क फुल्यो ....

(**'चिरन्तन'**, पृ.१७)

### कोशीसित कविताको अध्ययन

प्रस्तुत कवितामा कविले कोशीसँग आफ्नो जीवनलाई दाँजेर तुलनात्मक ढंगले कोशीको उर्वरता, आवेग, संवेग, उपलब्धि र आफ्ना संवेदनशील भावलाई स्पष्ट पार्दै आफ्ना प्राप्ति र असमर्थता सुन्दर ढङ्गले आत्म विश्लेषण गरेका छन् । यो प्रकृतिपरक कविता हो । यसमा मिथकीय बिम्बहरू पनि समावेशी छन् । यसले मान्छेको अपूर्णतालाई शब्दचित्रमा उतारेको छ । कोशीको जीवनयात्रा र मान्छेका जीवनयात्रामा समानता रहे पनि मान्छे उसका अगाडि सधैं नै अपूर्ण र अधूरो छ भन्ने चिरन्तन सत्यलाई यस कविताले उद्घाटन गरेको छ । भाषा शैली अलङ्कृत, सौन्दर्यपूर्ण र प्रतिकात्मक देखिन्छ । शार्दूलविक्रीडित छन्दमा लेखिएको यस कवितामा उपमा, दृष्टान्त, रूपक जस्ता अलङ्कारिक प्रयोग र प्रतीकात्मक अभिव्यञ्जनाको लागि प्रकृतिको उपयोग यहाँ भएको छ :

पैलो भेट हुँदा थियौं चुलबुले सानी तिमी कुल्कुले
नाना ताल कुवा अनेक जरुवा भुल्का तिनै भुल्भुले
बामे सर्न छिटै सिक्यौं टुकटुके ताते सबै पूर्ण भो
बिस्तारै गतिशील यौवन-थुँगो गम्भीरतामा फुल्यो ।

यात्रा पूर्ण गरेर आज वयको दोसाँध टेक्दैछु म
तिम्रो स्वर्णिम जिन्दगीसँग अझै सद्भाव गाँस्तै छु म
मेरा स्वप्न फिँजारिए सँगसँगै बग्दै गए सर्सर
तिम्रो रूप फराकिला म खिइएँ आफै भरि अल्मल ।

(**'चिरन्तन'**, पृ. १९)

### अबाला ब्रह्मचारी षडानन्द कविताको अध्ययन

कवि न्यौपानेको प्रस्तुत कवितामा राष्ट्रिय विभूति आबाल ब्रéाचारी षडानन्दप्रति श्रद्धा सम्मान गरिएको छ । नेपालमा शिक्षाको पहिलो प्रकाश छर्ने पूर्वी नेपालका उज्याला नक्षत्र आबाल ब्रहमचारी षडानन्दका योगदानबाट प्रभावित हुँदै मन्दाक्रान्ता छन्दमा लेखिएको यो कवितामा जन्मभूतिको महत्व र शिक्षाको विकासबारे प्रस्ट पारिएको छ । साथै पूर्वीय सनातन आस्थालाई अमर बनाउने षडानन्दका योगदानलाई मूल्याङ्कन गरिएको छ ।

यस क्रममा कविले सरल, सुन्दर प्रकृतिको चित्रण गर्दै अलङ्कारमय शैलीमा ब्रéचारीका विशेषतालाई देखाइएको छ । तत्सम शब्दको सरल सङ्गतीपूर्ण प्रयोग यस कविताको विशेषता हो :

दिङ्ला मेरो अति छ रसिलो नाम मीठो मलाई
त्यस्तै न्यानो तरल ममता दिन्छु संसारलाई
भन्दै आफ्ना सुख सयलको सम्झनालाई त्यागी
आफैँ रम्ने अपेर सुखमा धन्य हे ब्रह्मचारी

पैलेका ती ऋषिमुनि थिए विश्व विख्यात तारा
फैले जस्तै दिनमणि कलापूर्ण चन्द्रामिताभा
बाटो खोज्दै सतत तिनको जोगाए केही मिल्थ्यो
माटो फक्री सरस दिलका वृक्षको सृष्टि खुल्थ्यो ।

(**'चिरन्तन'**, पृ.२१)

**श्रद्धाञ्जलीका पत्रबाट कविताको अध्ययन**

साहित्यकार केदार न्यौपानेको 'श्रद्धाञ्जलीका पत्रबाट' शीर्षकभित्र आफ्ना आदरणीय अभिभावक र श्रद्देय व्यक्तित्वप्रति आदर भाव श्रद्धा प्रकट गरिएका तीन वटा कविताभित्र 'पिताजीको सम्भनामा', हरिभक्त भट्टराई' र 'मधुसुदन भट्टराई' शीर्षकका तीन वटा कविताहरू छन् । यी तीनवटै कविताले आफ्ना श्रद्देय पीता र अन्य आदरणीय व्यक्तित्वहरूप्रति आदरको भाव प्रकट गरिएको छ । त्यस क्रममा पीताजीको सम्झनामा कविता अनुष्टुप छन्दमा आबद्ध छ । यसले आफ्ना श्रद्देय पीताजीको आदर भाव प्रकट गर्दै उहाँमा रहेका अतुलनीय विशेषताको व्याख्या गरेको छ । साथै व्यवहारीक सामाजिक साँस्कृतिक मूल्य र मान्यताहरूको राम्रो उदाहरण कलात्मक ढंगमा दिएको पाइन्छ :

पिता पूज्य गुणाकेश मधुराकृति माधव
गणेश सबले चिन्ने श्रद्धा-सुमन सारथि
यी तीनै नाममा पैलो धर्मकर्मादि कार्यका
पंक्तिमा माधव दोस्रो स्नेह भाजक माथको .....

('**चिरन्तन**', पृ. २३)

यस्तै हरिभक्त भट्टराई शीर्षकको कविता वियोगिनी छन्दमा लेखिएको छ । यसले एउटा कर्मयोगी जीवनमुक्त व्यक्तित्वको आदर्श चरित्रलाई प्रस्तुत गरेको छ । खोटाङ हिलेखर्क निवासी स्वर्गीय हरिभक्त भट्टराईको सम्झनामा लेखिएको जसलाई केटाकेटीको पाण्डुरा बाकस र परिवार कुटुम्बको हितोपदेश रुपि जीवित पुस्तकको प्रतीकमा चिन्न सकिन्थ्यो :

अति निर्मल उच्च विचारका
शुभ सन्देश दिने स्वभावका
सब बाल, किशोर, प्रौढका
मनमोहन पात्र पूज्य बा !

रहने हरिभक्तको घर
अब शून्य छ मान केवल
सब बीज विलुप्त भैकन
जसरी बढ्दछ वृक्ष-जीवन ।

('**चिरन्तन**', पृ. २६)

यसै गरी मधुसूदन भट्टराई शीर्षकको कवितामा एउटा अतुलनीय समाजसेवी निष्ठावान राजनीतिज्ञ, निस्वार्थ जनसेवीको चरित्रलाई स्पष्ट पार्दै उनीसँगको सम्बन्धले आफ्नो जीवनमा पारेको प्रभावको व्याख्या गरेका छन् । मधुसूदन भट्टराई कवि न्यौपानेका ससुरा पनि हुन् । उनलाई निष्ठा र निस्वार्थ जनप्रतिनिधिको उदाहरण मानिन्छ । यस कविताको शैली अत्यन्त आकर्षक र प्रतीकात्मक बनेको छ :

मेरो जीवन वृक्षमा मधुदिने सच्चा मधु वृक्ष हे !
आफ्नै निश्चल साधनाव्रतधनी जाया पिता पूज्य हे !
के भो हत्पतमा गिऱ्यो दृढधरा वर्षा विना भेल भो
हाम्रो भौतिक चाहना विलिन भो खै अन्तमा मेल भो ?

('**चिरन्तन**', पृ.२८)

**पृथ्वी-चिन्तन कविताको अध्ययन**

कवि न्यौपानेको यस कविता मन्दाक्रान्ता छन्दमा लेखिएको कविता हो । यसमा नेपालको एकीकरणको सूत्र भावका रूपमा इतिहासले मानेको प्रख्यात व्यक्तित्व पृथ्वीनारायण शाहको चीन्तनलाई आधार बनाई कविले राष्ट्रिय एकता र अखण्डताको अभिव्यक्ति दिन खोजेको देखिन्छ । भविष्यमा राष्ट्रको अखण्ड अस्तित्व सुरक्षित हुने सपना छर्दै त्यस किसिमको भावनामा उठ्न सक्ने शंका आशंकाप्रति चिन्ता र चासो व्यक्त गरिएको भावलाई प्रभावकारी ढंगले यस कवितामा प्रस्तुत गरिएको छ । शब्द अनुकुलको विन्यास भाव प्रयोग गर्नमा कवि पोख्त देखिन्छ । यस कविताको केहि अंश यस्तो छ :

नेपालीका विविधपनको एकतामा रमेर
आफ्नै श्रद्धासुमन दिलको बाटिकामा बसेर
ज्यादै उच्चो प्रविधि र कला साधनाले समृद्ध
पार्ने इच्छा प्रबल मनको राष्ट्र निष्ठा अपूर्व

खेपी खेपी सकल खतरा राष्ट्र उद्दार गर्दै
भोका तिर्खा दुःखित जनमा स्नेह सद्भाव छर्दै
भोगी आफैं सकल जनको उग्रसङ्कष्ट सर्म
सेवा गर्ने अतिसय कडा कार्य हो राजधर्म ।

(**'चिरन्तन'**, पृ.३१)

**चुँदी-रम्घा कविताको अध्ययन**

प्रस्तुत कविता भानुभक्तको जन्मस्थल चुँदी-रम्घालाई आधार मानेर लेखिएको कविता हो । यसमा नेपाली भाषाका आदिकवि भानुभक्त आचार्य जन्मेको माटाको महिमा गाइँएको छ । यसको प्रभाव र प्रेरणाले सम्पूर्ण नेपालीलाई प्रेरित आल्लादित बनाएको छ । शार्दुल विक्रिडित छन्दमा लेखिएको यस कवितामा भाव, भाषा र शैलीको सौन्दर्य मिश्रित भएको पाइन्छ :

तिम्रो स्नेह अगाध बोकी दिलमा आएँ मिल्यो स्वागत
फक्रे झैँ छ विचार-पुष्प दिलको माटो चुमी शाश्वत

जाग्दो ज्योति अखण्ड वर्तन धरा सत्कर्म काव्याचित
आस्था-ग्राम अखण्ड रामरसले सम्प्रिक्त भावोन्नत

हेर्दै सुन्दर लाग्छ जाग्छ ममता छाती भरि सल्वल
श्रद्दाको स्थल मूल काव्यरसको संजीवनी पल्लव
साभ्का सुन्दर स्नेह सूत्र सबको भाषास्थली देशको
माटो हो सब एउटै तर यहाँ जीवन्त भै देखियो ।

(**'चिरन्तन'**, पृ.३२)

## फागुन कविताको अध्ययन

कवि न्यौपानेको 'फागुन' कविताले वसन्त ऋतुको विशेषतालाई अङ्गिकार गरेको छ । सो समयमा उपलब्ध हुने प्राकृतिक सौन्दर्य, खुलापन, स्वच्छ वातावरण सिर्जनासिलतालाई कविले कलात्मक भाषामा प्रस्तुत गरेका छन् । यसमा अलङ्कृत भाषाशैली र सरल, सहज तत्सम शब्दहरूको विन्यास पाइन्छ । यस कविताको केहि अंश यस्तो छ :

बाक्लो शीत गयो गयो सब कडा मैलो चड्यो माधुरी
जाँदैछन् अब लोकमा कठिनता छोडी सनै सुस्तरी
रोप्यो बीज वसन्तले मृदुमुना लागे तुसारो गयो
धर्तीको ममता अनन्त सुखको सन्देशमा फैलियो ।

मैलो अंश बतासको अतिकडा चिसो र खस्रोपन
बिस्तारै अब पाउलोमय भयो बाँभ्को सुख मौसम
हर्के पुण्य प्रभातमा हंसमुखी लागे चरी गाउन
धर्तीको परिधान गर्नुछ भनी आयो मिठो फागनु ।

(**'चिरन्तन'**, पृ.३३)

## अमर सौन्दर्य कविताको अध्ययन

कवि न्यौपानेको प्रस्तुत कविता उपजाती छन्दमा लेखिएको कविता हो । यसले राष्ट्रिय गौरव र साँस्कृतिक महत्वलाई उजागर गर्दै नेपालको सुन्दरतम विशेषतालाई

प्रकट गरेको छ । कोमल पदावलीहरूले भावलाई गतिशिल बनाउन साथ दिएको पाइन्छ :

बिर्सन्न मेरो प्रिय घाम-छाया
हराभरा स्वच्छ पवित्र माया
हिमालको संस्कृति रूपरङ्ग
सुसभ्यताको रमणीय अङ्ग ।

छ भित्र आफैँ परिपूर्ण माधुरी
मर्दैन सौन्दर्य जहाँ सधैंभरि
झर्ना नदी लेक तराई पाखा
सद्भावले सुस्मित स्निग्ध आँखा ।

(**'चिरन्तन'**, पृ.३५)

**मोती कविताको अध्ययन**

कवि न्यौपानेको **मोती** शीर्षक कविता युवा कवि मोतीराम भट्टलाई आधार मानेर लेखिएको कविता हो । यसमा मोतीराम भट्टका योगदानको उल्लेख गर्दै कविले उनको महिमा वर्णन गरेका छन् । त्यसक्रममा निःस्वार्थ साहित्यसेवी मोतीराम भट्टको उदार, परोपकारी र सामुदायिक भावनालाई प्रस्तुत गरेका छन् । यस कविता उपजाती छन्दमा लेखिएको कविता हो । यस कविताको भाषा कलात्मक, सुन्दर शैलीमा व्यक्त भएको छ :

मोती युवा जोस विवेक जागृति
मोती समाजोन्मुख सभ्य संस्कृति ?
सद्भावना मौलिक ? मूल रूप
साहित्य, सङ्गीत कला स्वरूप

मोती खुला पुस्तक काव्यकानन
सचेतनासूचक सुस्मितानन
विश्वासको उन्नत टाकुरोसरि
मोती सबैको दिल-दीप माधुरी ।

(**'चिरन्तन'**, पृ.३६)

### कवि समालोचक सम्बाद कविताको अध्ययन

कवि समालोचक सम्बाद सम्बादात्मक कविताको नमूना हो । यसले कवि र समालोचकको सवाल जवाफको माध्यमबाट कवि तथा समालोचकको गहिराइमा नपुगी आफूलाई अंहकार गर्ने दुवै प्रति व्यङ्ग्य प्रहार गरेको छ ।

वर्तमान अवस्थामा कवि र समालोचक दुवैलाई स्वार्थले प्रभाव पारेको कुरा यस कवितामा देखाइएको छ । अनुष्टुप छन्दमा लेखिएको यस कविताको भाषा सजिलो र स्पष्ट छ :

**कवि -** बुझे यी ऊ सबै सुन्छु भोलिपर्सि कुनै दिन
अहिले लेख्नुहोस् झट्टै समीक्षा लौन सज्जन !
हो ! ईर्ष्याले यिनी दिन्नन् छाप्न हाम्रा
आफैँ हामी उठौँ भन्छु एक अर्को जुटी-जुटी ।

**समालोचक -** हुन्छ लौ म गएँ मित्र भोलि पर्सि पुनः
गरौँला आपसी जुट्ने योजनाको निमन्त्रण
बरू केही भए हुन्थ्यो अर्थको स्रोत रित्तियो
कसरी म गरुँ झुटो प्रशंसा व्यर्थैमा अहो !

(**'चिरन्तन'**, पृ.४०)

### आफैँले गर निर्माण कविताको अध्ययन

कवि न्यौपानेको प्रस्तुत कविता अनुष्टुप् छन्दमा लेखिएको कविता हो । यस कविताको मूल भाव आत्मविश्वासलाई जगाउनुपर्छ, मान्छेभित्रका अज्ज्यय शक्ति र अदम्य साहसलाई देखाउँदै मानवीय हित र राष्ट्रिय गौरवको लागि आफैँले विवेकको उपयोग गर्न सक्नुपर्छ भन्ने हो । यहाँ अनुप्रासको राम्रो सङ्गति पाईन्छ । भाषा शैली सरल र सहज देखिन्छ । बिम्बात्मक दृष्टान्त भेटिन्छ :

आस्थाको मूल सुक्दैन
मर्दैन मानवी स्वर

मान्छेकै दिलमा फुल्छ
सृष्टि -सौन्दर्य सुन्दर ।

साँचो स्वप्न संगालेर
छोई अन्तरले जिमी

गर निर्णय आफैंले
आफ्नै आधारमा तिमी ।

(**'चिरन्तन'**, पृ.४१)

**विकास र शान्ति कविताको अध्ययन**

प्रस्तुत कविताले राष्ट्रियताको भावलाई जगाउँदै र शान्ति विकासमा आधारित भएको कुरा प्रस्ट पारेको छ । अनुष्टुप छन्दमा लेखिएको यस कविताले प्राकृतिक सौन्दर्यमूलक बिम्बहरूलाई समेट्दै नेपाल नेपालीको स्वाभिमानी भावना ऐतिहासिक विरतालाई सांस्कृतिक बिम्बद्वारा प्रस्तुत गरेको पाइन्छ । सौन्दर्यका सुक्ष्म सङ्केतहरूले भरिएको यो कविता भित्र एकताको महत्व दर्शाएको छ । साथै यस कवितामा राष्ट्रिय अखण्डता भित्र विकास र शान्ति मौलाउने भावना प्रस्तुत गरिएको छ । भाषा शैली सहज, सरल र परिष्कृत छ :

पग्ली हिमाल ढल्दैन आँट मर्दैन मर्दको
कसैको हाँक धम्कीले पानी गल्दैन राष्ट्रको

चिम्नीका धूप ध्वाँएर ज्योतिको आरती गरौं
विकास शान्तिका सेता परेवा प्रीतिले छरौं ।

(**'चिरन्तन'**, पृ.४२)

**स्मृतिको थुँगो कविताको अध्ययन**

प्रस्तुत कविता भित्र एक आदरणीय व्यक्तित्वप्रति श्रद्धा गरिएको छ । यस क्रममा पूर्वीय दर्शनका विशिष्ट ज्ञाता कर्मयोगी समाज सुधारक छविलाल पोखरेलको त्याग, तपस्यालाई दर्शाउने सस्मरणात्मक लेख हराएको गुनासो व्यक्त गर्ने यस कवितामा आफ्नो श्रद्धा, सम्मानलाई कलात्मक ढंगले व्यक्त गर्दै असावधानीप्रति हल्का व्यङ्ग्यको भाव व्यक्त गरिएको छ । अनुष्टुप छन्दमा लेखिएको यस कवितामा भाषाशैली सरल, सहज र परिष्कृत छ :

हरायो रचना मेरो श्रद्धा-सुमनको थुँगो
फूलेको पुष्पको एक फक्रँदो कोपिला गिऱ्यो
आँधी हैन, हुरी हैन, हैन वर्ष पनि ठूलो
बेहोसी हात हो कस्तो, त्यसमा सृजना ढल्यो । (ऐजन, पृ.४३)

**असारमा भानु कविताको अध्ययन**

प्रस्तुत कविता उपजाति छन्दमा लेखिएको कविता हो । यस कवितामा भानुभक्तको **महत्व** देखाइएको छ । सृजनात्मक उर्वरताको प्राकृतिक परिवेश र भानुभक्तको सृजनसिलतालाई दाज्दै राष्ट्रको वास्तविक एकीकरण भाषिक, साँस्कृतिक एवं साहित्यिक योगदानमा अडेको हुन्छ । भौगोलिक एकीकरण भन्दा पनि राष्ट्रिय एकीकरण दिगो हुन्छ भन्ने कुरा यस कवितामा व्यक्त गरिएको छ । अलङ्कृत पदावली, अनुप्रासमय शैली, कोमल पदावलीहरूले कवितालाई मार्मिक बनाएको छ :

असार हो सिर्जनाको मुहान
स्वप्नील आशाततरु युक्त याम ।

उत्साहका अङ्कुर र पत्र-पत्रमा
मोटो स्वयम् चल्मल गर्छ लोकमा ।

भानु उनै हुन् दिलबाट झुल्के
छाया नपर्ने छविमा छचल्के ।

(**'चिरन्तन'**, पृ.४४)

**दीप्तिको अभ्यर्थना कविताको अध्ययन**

कवि न्यौपाने यस कवितामा लक्ष्मी पूजाको महत्वलाई दर्शाउदै सुअवसरमा नेपाली साहित्यको दियो बनेर प्रकट भएका महाकवि देवकोटाको महत्व दर्शाइएको छ । सुखरात्रीको रूपमा चिनिने लक्ष्मी पूजाको क्षणलाई देवकोटा सरहको प्रतिभा पटक पटक नेपाली समाजले पाओस् भन्ने प्राथना गरिएको छ । यो कविता शार्दुल विक्रिडित छन्दमा लेखिएको कविता हो । यसमा भाषा शैली, अनुप्रासमय, प्रतिकात्मक भाव, प्रकृति र मावन जीवनसँग सम्बन्धित बिम्बहरूले राम्रो स्थान पाएको छ :

शालीग्राम तिमी भयौ सुन हुने ज्योति छ अभ्यान्तर ?
यद्वा सागर हौ र रत्न मुटुकै राख्यौ कुनै अन्तर ?
के छैनन् तिमी भित्रका सगरमा नौलाख तारा गण ?
लाग्दैनन् अब के र निष्ठुर कुनै यी शून्यताका क्षण ?

(**'चिरन्तन'**, पृ.४६)

## क्रान्तिलाई आत्मसात गर्दा कविताको अध्ययन

प्रस्तुत कविता क्रान्तिकारी भावलाई अभिव्यक्त गर्ने कविता हो । यसमा मातृशक्तिले अर्थात् देशले विकृति विसंगति र अन्याय अत्याचारका विरूद्ध उठी परिवर्तन ल्याउन युवाहरूलाई आह्वान गरिएको छ । विर रस प्रधान यस कवितामा भष्ट्राचार, दुराचार आदीलाई समाप्त गर्न परिवर्तनको आँधी भएर उठी शान्ति र सुव्यवस्था ल्याउन वीरताको यज्ञमा हार नमानी जीवन अपर्ण गर्ने उत्प्रेरणा जगाइएको छ । अनुष्टुप छन्द, अनुप्रासमय शैली, कोमल पदावलीहरूले कवितालाई मार्मिक बनाएको छ :

आमा आह्वान गर्दैछु  पुत्र मेरा सयौँ उठ
दीन दुर्वलता छोडी रणताण्डवमा जुट

वात्सल्य ममता शून्य धर्ती बन्छ जहाँ जहाँ
बल्छ सङ्ग्रहको आगो ज्वाला छर्दै दिगन्तम

छैन काँतर भै बस्ने बेला अन्याय व्याप्त छ ।
छल छाम गरी धुत्ने ब्वाँसाको अधिकार छ ।

(**'चिरन्तन'**, पृ.४७)

## शिक्षक कविताको अध्ययन

प्रस्तुत कविता शिक्षकको कर्तव्यलाई कलात्मक ढंगले व्यक्त गरिएको कविता हो । यसमा मनोवैज्ञानिक पक्षको प्रस्तुति गरिएको छ । विद्यार्थीको भावनालाई आत्मसात गर्न शिक्षकले के कस्तो कर्तव्य पूरा गर्नु पर्छ र आफ्ना कमी कमजोरीको असर विद्यार्थीका कोमल भावनामा कसरी पर्दछ भन्ने कुरा यस कविताको मूल भाव

हो । अनुष्टुप छन्द, अनुप्रासमय शैली, कोमल पदावलीहरूले कवितालाई मार्मिक बनाएको छ :

गङ्गाको स्रोत झैं स्वच्छ, शुद्ध, शाश्वत निर्मल,
प्रज्ञालोचनको पुञ्ज उच्च आदर्शको जल

आफैंमा लाग्छ गाम्भीर्य गुरु शब्द रमाइलो
ज्ञानका ज्योतिमा जाग्ने जिन्दगानी घमाइलो

काँचो माटो पनि पाक्न हात चाहिन्छ सीपको
जीवन्त बन्छ सम्बन्ध शिष्य -शिक्षक प्रीतको ।

( 'चिरन्तन', पृ.४९, ५१)

**नागी कविताको अध्ययन**

कवि न्यौपानेको प्रस्तुत कवितामा प्राकृतिक सुन्दरता र शान्तिपूर्ण वातावरणमा रहेको उच्च पहाडी परिवेशको सुन्दरतालाई देखाइएको छ । मन्दाक्रान्ता छन्दमा लेखिएको यस कविता प्राकृतिक सौन्दर्यमा आधारित कविता हो । कविले पहाडी प्रकृतिको वर्णन गर्दै नागीको सौन्दर्यपूर्ण खुला परिवेशलाई छोएका छन् । स्वच्छ, शान्त वातावरणमा विस्तारित नागीले एकातिर त्यसमा रमाएका गाई, बाच्छाहरूको चित्रण गर्छ भने अर्कातिर नेपालीको स्वाभिमानपूर्ण स्वच्छ भावनालाई पनि समेटेको हुन्छ । उपमा, रूपकको सहज प्रयोग गर्दै कवितालाई सौन्दर्यपूर्ण वान्कि प्रधान गरिएको यस कविताले शान्ति प्रणय र सौन्दर्यको त्रिवेणीलाई संयोजित गरेको छ । भाषाशैली सरल, सहज र परिष्कृत छ :

खोल्सा खोल्सी वन बगरका सृष्टिको शीर्षबिन्दु
अग्ला अग्ला शिखर तलका वीचको पूर्ण इन्दु
खोली चारैतिर रहरिलो वन्यशोभा अशेष
मुस्काएको अनुपम धरा खण्ड नागी विशेष ।

गाई बाँच्छा चरणरत छन् स्वस्थ्य साकार वस्तु
हेर्दा हेर्दै नयन सुखको खुल्छ सानन्द सिन्धु

डुक्री डुक्री वृषम बलले गर्भको दिन्छ भान
उठ्दछन् हाम्रै तरुण वयमा ओज गाम्भींय सान ।
(**'चिरन्तन'**, पृ.५२)

**शम्भो करुणा गर कविताको अध्ययन**

कवि न्यौपानेको प्रस्तुत कविता आध्यात्मिक भावले प्रकट गरिएको कविता हो । यो कविता शार्दूलविक्रीडित छन्दमा लेखिएको कविता हो । यस कविताले करुणाका सागर भगवान् शंकर प्रति आस्था प्रकट गर्दै जीवनका कमीकमजोरिहरूमा सधै ईश्वरीय करुणा प्राप्त भइरहोस् भन्ने भाव दर्शाइएको छ । शब्द र सङ्गीत, लक्षणा, अनुप्रास, व्यञ्जना तथा परिष्कृत भाषाशैलीले कवितालाई सुन्दर बनाएको छ :

जस्तै उग्र तुफानको झपट होस् वा काल आफैं बढोस्
चर्को विघ्न विरोध ल्याई शठले उम्लेर उग्रै गरोस्
तिम्रो आशीष मात्रले शुभ हुने चाहिन्न अर्को वर
ठूलो शङ्कट दूर हुन्छ भगवन् शम्भो दया सागर !
(**'चिरन्तन'**, पृ.५३)

**हाम्रो दाम्पत्य कविताको अध्ययन**

कविता शार्दूलविक्रीडित छन्दमा लेखिएको कविता हो । यसमा पारिवारीक आदर्श, स्नेह, सद्भावलाई देखाइएको छ । दाम्पत्य जीवनमा देखा पर्ने सुख दुःखका उकालि ओरालीहरूबाट परिष्कृत जीवनको आदर्शलाई व्यक्त गरिएको छ । जीवनको यात्रामा साना तिना कमि कमजोरीले निराश हुने प्रवृत्ति ठीक होइन भन्ने कुरा कवितामा पाइन्छ । केहि असमझदारी भए पनि त्यसलाई विवेक र बुद्धिले सही निर्णय गर्नु पर्छ भन्ने सन्देशका साथै जीवनमा भएको प्राप्ती उपलब्धिलाई सन्तोष साथ स्विकार गर्ने भावना यस कवितामा व्यक्त गरिएको छ । उपमा, रूपक अलङ्कार, सहज, सरल भाषाशैलीले यसलाई सौन्दर्यपूर्ण बनाएको छ :

साना वाद विवादमा पनि यसै खिस्रिक्क पर्ने भए
आफ्नै आग्रह राखी तर्क बलमै विश्वास गर्ने भए
होला जीवन शुस्क स्निग्ध रसिलो पार्नु छ आपस्तमा
केही भूल भए क्षमा पनि गरौं सोहार्द्रका भावमा ।

हाम्रो स्नेह हिमाल तुल्य चुलिने दृष्टान्तमा अङ्कित
गङ्गा सागरको समान गहिरो सद्भावना सिञ्चित
गौरी शङ्कर झैँ अनन्यरसमा सानन्द बसी वय
जाऊँ उत्तर लोक शान्त सुखले मैलो नबन्दै हिय ।

(**'चिरन्तन'**, पृ.**५५**)

**विद्यार्थी कविताको अध्ययन**

कवि न्यौपानेको प्रस्तुत कविता स्रग्धारा छन्दमा लेखिएको कविता हो । प्रस्तुत कवितामा विद्यार्थी भनेका देशका कर्णधार हुन् भनि व्याख्या गरिएको छ । जीवनको सबैभन्दा उत्तम समय विद्यार्थी समय हो । विद्यार्थी कुनै पनि स्वार्थमा लागेको हुँदैन । कुनै मरमलाइका प्रलोभनमा लाग्नु हुँदैन विश्वको जुनसुकै समाजको परिवर्तनका संम्वाहन मुख्य केन्द्र विद्यार्थीमै आधारित देखिन्छ । तर विद्यार्थीले आफ्नो विवेक बुद्धि र प्रतिभालाई कुनै पनि सतहि प्रभावमा बहकिन दिनु हुँदैन । सस्ता प्रलोभन र उत्ताउला गतिविधिमा संलग्न हुनु हुँदैन भन्ने भाव यस कवितामा पाइन्छ । २१ अक्षरमा लेखिएको यस कविता भाव, विचार र कलाको समष्टि सौन्दर्यमा प्रस्फुटित भएको पाइन्छ । भाषाशैली सरल, सहज र परिष्कृत छ :

चर्को आँधी हुरीमा वा विकट घनघटा भेला सन्ताप फैलोस्
ज्यादै क्रोधी मिचाहा कलुषित शठको उग्र आदेश वैरोस्
विद्यार्थी खप्न सक्ने अनुपम खतरा चेतना आँकुरो हो
विद्यार्थी राष्ट्र बोक्ने अतिशय बलिया भावनाको चुरो हो ।

देखी फोर्ने छु भन्ला कुमति शठ कुनै तुब्छ दुस्वप्नवाला
आत्मा बेची अनौठो सुखसयल दिने लोभको निम्न प्याला
त्यस्ता स्वार्थी सढौते घृणिततम कुराबाट बन्दै सचेत
विद्यार्थी बन्छ सारा युगयुग जिउने विश्व तारा विशेष ।

(**'चिरन्तन'**, पृ.**५६, ५७**)

**नाति कविताको अध्ययन**

प्रस्तुत कवितामा कविले आफ्नो नाति जन्मेको खुसियाली प्रकट गरेका छन् ।

यस कविता नाति दुई वर्ष नाघेर तिन वर्षमा प्रवेश गरेपछिको समयमा लेखिएको कविता हो । यस अवस्थामा कविले आफ्नो जीवनको उत्तरार्धसम्मका अवस्थाको सामान्य स्थितिको संस्मरण गर्दै अरू शुभचिन्तकहरूले दिएको शुभकामना, बधाइलाई उल्लेख गरेका छन् । कविको व्यक्तिगत जीवनमा मात्र होइन परिवारमा नै प्राप्त भएको नयाँ चहल पहलका साथै बाल स्वभावका सहजता, सरलता, चञ्चलता आदीको चीत्रण गर्दै त्यसले पारेको मनोबैज्ञानिक प्रभाव यस कवितामा व्यक्त भएको पाइन्छ । यस कविताको भाषाशैली सहज सरल र परिष्कृत छ । अलंकृत पदावलीहरूको प्रयोगले कवितालाई सौन्दर्यपूर्ण बनाएको पाइन्छ :

मानूँ संगीत बर्सियो घरभरी उत्पन्न भो नर्तन
गर्ने भो कति नाटकीय रचना गाली मिठो गर्जन
'पख्लास् भन्दछ तत्क्षणै अनि हजुर गैसिन्छ हो' भन्दछ
जिस्केको मृदु भान दिन्छ कहिले हाँसो छरी रम्दछ ।

एक्लै गर्छ कुरा र खेल्छ कहिले सम्झन्छ ठूलै सरी
सानैमा परिपक्व सुन्दर कला अन्तर्रहेको छ कि ?
राम्रै गर्दछ हाउ भाउ रसिलो अभ्यस्तको नक्कल
पस्केका कति श्रव्य दृश्य रसको पक्रन्छ भाका तक ॥

(**'चिरन्तन'**, पृ.**५९**)

**बत्ती बल्यो झल्मल कविताको अध्ययन**

प्रस्तुत कवितामा जीवनमा भएको सुखद अवस्थाको चित्रण गरिएको छ । यस कवितामा कविले दुलहीको रूपमा घरको स्वोभा बढाउन आउने बुहारी कृष्णकुमारी (दीपा) लाई गृहप्रवेश गराइएको समयलाई आधार मानेर कविताको चित्रण गर्नु भएको छ । दीपालाई गृह प्रवेश गराउँदा खेरी बेहुली भित्र्याउने चहल पहल खुसीको भावनात्मक अभिव्यक्ति यसमा पाइन्छ । रमाइला, कुराकानी, हासो, आनन्द, सद्भाव, आस्था आशीर्वाद आदिको अभिव्यक्तिले कवितालाई सौन्दर्यपूर्ण बनाएको छ । शार्दूलविक्रीडित छन्दमा लेखिएको यस कविताको भाषाशैली सहज सरल र परिष्कृत छ :

नाच्छन् अन्तर भावनासँग सबै हाँसो त्यसै खुल्दछ
राम्रो उन्नत कल्पनामय चरी आनन्दले डुल्दछ
न्यानो स्निग्ध सुगन्ध भाव सरिता उल्लास छल्का छुट्यो
फक्रेको अनुराग पल्लवलता आई त्यसैमा जुट्यो ।

पालै माफिक चाँदनी मुख खुल्यो सम्पन्न भो उत्सव
वर्षे स्वागतमा अनेक रसिला आशीष आस्थालव
हामी छौँ भरिपूर्ण आज घरमा लक्ष्मी पसिन् भारती
जाग्यो जीवन जग्मगाउन भनी उत्साहको आरती ॥

(**'चिरन्तन'**, पृ.६०)

**आमा कविताको अध्ययन**

कवि न्यौपानेको **आमा** कविता देशरूपी आमा र जन्मदातृ आमा दुवैलाई समेट्ने भावमा आधारित कविता हो । यस कविता शार्दूलविक्रीडीत छन्दमा आधारित छ । यसले आमाको महत्व स्रष्टाको समान छ भन्दै आमाका विशेषताहरू ममतामयी र महिमामहि स्वरूपहरू देखाएको छ । संसारका हरेक चीजहरूको महत्व भन्दा आमाको महत्व विशिष्ट छ । आफ्नो दुःख कष्ट भोग, तिर्खा, निद्रा भुलेर सन्तानको खातिर बाँच्ने आमा निस्वार्थ भावनाकी अनुपम उदाहरण हुन् । आमाको नमूना संसारको कुनै वस्तु सँग दाजीन सक्दैन । आमा शब्द नै सबैभन्दा विशिष्ट छ भन्दै यस कवितामा कविले आमाको सर्वोपरि महत्वलाई दर्शाएको पाइन्छ । उपमा, दृष्टान्त, अनुप्रासका साथै विम्ब र प्रतीक विधानले कवितालाई सौन्दर्यपूर्ण बनाउन सहयोग पुऱ्याएको देखिन्छ :

धर्तीको अनमोल रत्न म भनूँ जीवन्तता छुट्दछ
फक्रेको मधुपुण्य हो यदि भनौँ सौन्दर्य नै सुक्दछ
ढुङ्गो हो घृतिको भनूँ त उनको संवेदना नासिने
ढुङ्गो हैन भनूँ प्रतीक उनमा भेटिन्न खै ! दाँजिने

आमाको ममता र प्यार रसिलो तौलिन्न तौले पनि
आमाको उपमा हुँदैन दुनिया संसार खोजे पनि
मिठो लाग्दछ जे सुकै रस कुनै छुटिन्न भै निश्चित
आमाको मृदु हातबाट छर्किंदै जिभ्रो हुने विस्मित ।

(**'चिरन्तन'**, पृ.६२)

## ४.३. सपना देख्नेहरूका लागि (कविता सङ्ग्रह, २०६४) को अध्ययन

सपना देख्नेहरूका लागि (२०६४) कवि केदार न्यौपानेको गद्य कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा गद्य शैलीका समसामयिक विषयवस्तुमा आधारित ४२ ओटा कविताहरू सङ्कलित छन् । कविता गद्य शैलीमा संरचित छन् । तर अन्तरलयले निकै साङ्गीतिक पनि बनेका छन् । यी कविताहरूलाई पनि पूर्व प्रकाशित वा अप्रकाशित भनेर कुनै सङ्केत गरिएको छैन । रचना गरिएको मिति उल्लेख छैन तर लामो समयको प्रतिनिधित्व रहेको आत्मस्वीकृति भने कवि स्वयम्ले दिएका छन् । यस अर्थमा सङ्कलित कविताहरू पढ्दा लामो समय सीमालाई पनि सम्झन र बुझ्न आवश्यक छ । कवि न्यौपाने प्रकाशन र चर्चा परिचर्चामा अनाशक्त छन् (कृष्णचन्द्रसिंह प्रधान, केदार न्यौपाने र उनको गद्य कविता, पृ. भूमिका) ।

सपना देख्नेहरूका लागि कविता सङ्ग्रहमा सङ्कलित कविता रचनाको समयसीमा निकै लामो भए पनि यहाँका कविताले नेपालमा विकसित पछिल्ला घटना क्रमलाई बढी लक्ष्य गरेका छन् । लोकतन्त्र प्राप्तिको खुसीलाई समेटेर लेखिएको कविता हो यो :

नास्पाती र आरुबखडाका फूलहरू
सँगसँगै हाम्रो आगमनमा
एउटा नयाँ बिहानले पाइला टेकेको छ
निर्माणका सपनाहरूलाई
मुटुका पत्रैपत्रमा राखेर
एउटा गृहस्थीले फेरि
आफ्नो घर सम्झेको छ
अथवा

म स्वयम् देश भएर बाँचेको छु
मेरो देश स्वयम् म भएर बाँचेको छ ।

**(सपना देख्नेहरूका लागि, पृ. ३१)**

न्यौपानेका कविता देशको महिमा सँगसँगै मानवीय मूल्य मान्यताका वरिपरि घुमिरहेका भेटिन्छन् । कवि नेपाली समाजलाई स्वस्थ्य र समुन्नत देख्न चाहन्छन् । राष्ट्रिय आदर्श र अस्मितालाई अरू सबै कुरा बिर्सिएर बारम्बार महत्वको चुलीमा उचाल्छन् । बढी आमाका छोरो घर नफर्किएका गुनासा, मानचित्रमा सिङ्गै गाउँहरू हराएका समस्या, आकाश फाटेको प्रसङ्ग आदिलाई बिम्बात्मक रूपमा अँगाल्दै नेपाली समाजले भोग्नु परेको बेथितिहरू उजागर गरिएको छ । प्रियतमाको पत्र, स्वदेशको माया जस्ता कविताहरू पनि यस्तै भावमा केन्द्रित छन् । कसैको जन्मदिनमा दिइने शुभकामना, भानुभक्त, लेखनाथ, मोतीराम आदि स्रष्टाहरूका जयन्तीका अवसरमा गरिने श्रद्धा, आफू पुगेका ठाउँ विशेषका स्मृति र पत्र पनि यहाँ संलग्न छन् तर सबै कविता सिर्जनाको मापदण्डमा आएका छन् । धेरै कवितामा नेपाली माटो र प्रकृतिलाई सर्लक्कै टिपेर सुन्दर कविता बनाइएको छ । सयपत्री र धानका वालालाई प्रतीकात्मक रूपमा लिएर कविले सिर्जनात्मक सहयात्रालाई जोड दिएका छन् कतै नेपाल र शान्ति क्षेत्र नेपाल भनेर आफ्नो देशको महिमा गायन गर्न र आफूभित्रको देशभक्तिका भावना व्यक्त गर्न उकुसमुकुस बनेका कवि कवि र कविता कवितामा कविताको परिचय दिन्छन् :

कविता अनुपम सौन्दर्य हो, मुस्कुराइरहन्छ
सयपत्री र सुनगाभा भएर
सत्य हो बाँचिरहन्छ सधैं
मान्छेको मुटु भएर

**(कवि र कविता, पृ. ५१)**

कविता पढ्दा लाग्छ- कवि न्यौपानेसँग लामो जीवन भोगाइको अनुभव छ, समाजका होचा अर्घेलाहरूसँग निकटतम परिचय छ, राजनीति चेतना पनि छ । उनीभित्र नेपालको माया छ, यसको प्रकृतिले अरू देश घुम्दा नपाएको आनन्द बाँडेको

अनुभूति छ । यहाँ देश र लोकतन्त्रप्रतिको आस्था छ, मानवता र प्राणीहरूप्रतिको ममता, दुःखी गरिबहरूप्रति सहानुभूति र उनीहरूका आवाजमा साथ, बेइमानी र झुट्टा आश्वासनहरूप्रति गहिरो असन्तुष्टि र प्रकृतिप्रति गहिरो प्रेमभाव तैरिरहेको पाइन्छ । कवि मानवीय भावनाका कोमल अनुभूतिमा नेपाली माटाको सुगन्ध गहकाउँछन् र कविता बनाउँछन् (पोखरेल प्रह्लाद, कवि केदार न्यौपानेका कवितात्मक प्रवृत्ति, पृ. ६९) । न्यौपानेका प्रायः कविताहरू उनको जीवनशैलीका निकट भेटिन्छन् । कवि न्यौपाने आफ्ना कवितामा अमर बनेका छन् ।

गीति र पद्य कवित्व समेत रहेका न्यौपानेको गद्य कवित्व समानान्तर उचाइमा देखिन्छ । पद्य कवितामा भाव सम्प्रेषण हुँदैन कविता गद्य मै लेख्नुपर्छ भनेर आफूलाई अध्ययन र साधना विनै ठूलो कवि बनाउन खोज्नेहरूलाई यो सङ्ग्रह एउटा गतिलो जवाफ पनि बनेको छ । न्यौपाने मूलत गीति र पद्य कविताका सफलसर्जक हुन् तर उनले उत्तिकै सफल ढङ्गले गद्य कविता पनि सिर्जना गर्न सफल भए ।

सरलभन्दा सरल विम्ब चयनबाट निकै गहन भावाभिव्यक्ति दिन सक्नु गद्य शैलीबाटै पद्य कविताको निकट ओज प्राप्त गर्न सक्नु र कविताका आकार र बुनोटमा समानान्तर शब्दावली र वाक्यांश प्रयोग गर्न सक्नुले कवि केदार न्यौपानेको गद्य कवित्व उच्च रहेको देखिन्छ । भाव अनुकूलका शीर्षक चयन र भाषिक वितरणले कतिपय कविता पढि सक्नाले स्मृतिमा रहिरहन सक्ने क्षमता राखेका छन् गद्य भइकन पनि यस्तो क्षमता राख्न सक्नु गद्य कविताको सफलता हो (शुभेच्छु, २०६४, पृ. ९२) ।

### ४.४. हिउँको छायामुनि (गीति सङ्ग्रह, २०६४) कविता सङ्ग्रहको अध्ययन

**हिउँको छायामुनि** (२०६४) गीति सङ्ग्रहभित्र अलग अलग भाव, विषवस्तु र शैलीका ६४ ओटा गीतहरू सङ्कलित छन् । २०६४ सालमा प्रकाशन हुनु र ६४ ओटै गीत, सङ.कलन हुनुमा कविले केही प्रतीकात्मक प्रयोग गरेझैँ लाग्छ । सङ्कलित गीतहरू कुन-कुन समयमा रचना भएका हुन् र यस अघि पत्रपत्रिकामा प्रकाशन भइसकेका छन् कि छैनन् भन्ने कुराको कुनै सङ्केत पाइँदैन । तर चार दशक बीचमा विभिन्न समयमा रचिएका गीतहरू यहाँ सङ्कलित रहेको कुरामा गीतकारको आत्म स्वीकृति रहेको छ । राष्ट्रकवि माधवप्रसाद घिमिरेको सङ्क्षिप्त शुभकामनात्मक भूमिका र लेखकीय सहित ७२ (६४+८) पृष्ठ रहेको सङ्ग्रह निकै मानक देखिन्छ र

यसमा सङ्कलित सामग्री पनि मानक रहेका छन् । यहाँ सङ्कलित गीतहरूको विषयवस्तु प्रणय, राष्ट्रिय अस्तित्व, जातीय स्वाभिमान र समसामयिक बेथितिहरूमा केन्द्रित रहेको पाइन्छ (माधव घिमिरे, सरल भैकन पनि मार्मिक, ऐजन, भूमिका) । मूलतः प्रेम प्रणयमा संयोगात्मक वियोगात्मक स्थितिको उद्घाटन, देशभक्ति साथै सामाजिक विसङ्गतिमा न्यौपानेको कलम दगुरेको छ । देशभक्ति र सामाजिक विसङ्गति दुवै पक्षलाई एउटै उदाहरणमा देखाउन सकिने गीति सङ्ग्रहकै शीर्षक गीतको एउटा अंशले समेटेको छः

युवतीको सिउँदो उड्यो टुहुरो भो शिशु
निसहाय वृद्ध भन्छन् के गरेर टिकूँ ?
कङ्गाल भो देश अझै के हुने हो कुन्नि
शान्ति त्यसै खल्बलियो हिउँको छायामुनि ।

**(हिउँको छायामुनि, पृ. ९)**

गीतकार समाजमा घट्ने साना साना घटनाहरूप्रति निकै सचेत देखिन्छन् । नेपाली समाजले गृहयुद्धताका भोग्नु परेका चोट, समाजमा व्याप्त विकृति विसङ्गति आदिप्रति चिन्तित भेटिन्छन् । कवि प्रकृति प्रेममा लठिइरहेका पाइन्छन् (रमेश शुभेच्छु, पृ. ८९) । नेपालमा दिन दिनै विकसित हुँदै आएको राजनैतिक चेतनासँगै आ-आफ्नो अस्तित्व खोज्ने क्रममा देशमा हुन सक्ने विखण्डनको सम्भावनालाई हेरी कवि नेपाली -नेपालीको एकतालाई अखण्ड राख्नु पर्ने भावना व्यक्त गर्छन् :

बाहुन, क्षेत्री, सेर्पा, थारु, कोचे मेचेसम्म
तराई, खोच, पहाडमा जे जति छौँ अन्य
सबै हामी नेपालीको नेपाल हो एउटै
रङ्गी चङ्गी फूलफूल्ने फूलबारी एउटै ।

**(एकभइ जुटूँ, पृ. १३)**

यस विधामा संयोग भन्दा वियोग र हाँसो भन्दा आँसुका भावना पोतिन्छन् । सायद यही प्रभावले अहिले गीतका नाममा छापिने रचनाहरू सामान्य अल्लारे केटाकेटीका छेडपेचमा सीमित हुन थालेका छन् । यसरी बौद्धिक पाठक र स्रोता

पाउन छाडिसकेको विधालाई सशक्त रूपमा एकातिर कविताको उचाइ र अर्कातिर गजलको स्वादसमेत दिने गरी रचना गर्नु गीतकार न्यौपानेको सफलतम प्रयास हो । यहाँ समेटिएका प्रायः सबै गीतहरू मूल्यवान् सिर्जनाका रूपमा प्रस्तुत छन् । केही केही गीति सिर्जना बालसिर्जना नजिक देखिएका छन् र केही गद्य पनि पाइएका छन् । भाषाशैली र गीति सिर्जना शील्प सरल र सम्प्रेण्य छ । गीतकारले जे जस्तो विषयमा हातहाले पनि प्रकृतिबाट सुहाउँदा विम्ब प्रतीकहरूको छनोट गरेर सिंगार्न सफल देखिन्छन् । कतिपय गीतमा पूर्ववर्ती गीतकारहरूका पितृविम्बलाई प्रष्टै देख्न सकिन्छ भने कतिपयमा न्यौपानेको स्वर्कीय शैलीले जलप बनेर ढोकेको छ । कवितामा जस्तै शीर्षक दिएका प्रस्तुत गीतहरू गीतकारको पहिलो गीति सङ्ग्रहमा समेटिए पनि प्रौढ गीतकारका गीतझैँ परिपक्व देखिन्छन् । यी सुन्दर गीतहरूमा कलाकार उत्तम खरेलका गीत अनुरूपमा चित्रले सङ्ग्रहलाई पढूँ पढूँ लाग्ने बनाएको छ । प्रस्तुत सङ्ग्रह समसामयिक गीतकारका नयाँ गीति सिर्जनाहरूसँग तुलनात्मक रूपमा अध्ययन गर्न सकिने मानकतामा आएको छ (शुभेच्छु रमेश, पृ. ९०)।

## ४.५. निष्कर्ष

वि.सं. २००६ साल मङ्सिर १८ गते भोजपुरको गोगनेमा जन्मिएका केदार न्यौपाने नेपाली साहित्यमा विशेष गरी कविता र गीत सिर्जनाका क्षेत्रमा चर्चित प्रतिभा हुन् । वि.सं. २०२० सालमा खोलाको भूत शीर्षकको कविता प्रकाशन गरी साहित्यमा ओर्लिएका न्यौपानेले वि.सं. २०६४ सालमा **चिरन्तन** कविता सङ्ग्रहबाट कृतिगत रूपमा साहित्यिक यात्राको थालनी गरेका हुन् । न्यौपानेले समीक्षा-सूमन (भाग १/२) -२०६२ समीक्षात्मक कृति, **सपना देख्नेहरूका लागि** कविता सङ्ग्रह-२०६४, **हिउँको छायामुनी** गीत सङ्ग्रह-२०६४, कृतिहरू प्रकाशित गरिसकेका छन् । वि.सं. २०६४ सालमा प्रकाशित **चिरन्तन** कविता सङ्ग्रह न्यौपानेको प्रकाशित रचनाक्रम वा आधारमा दोस्रो कृति हो । पद्य संरचनामा विभिन्न समयमा लेखिएका कतिपय अप्रकाशित र कतिपय प्रकाशित कविताहरूको पुञ्ज रहेको यस कविता सङ्ग्रहमा ३६ वटा कविताहरू सङ्ग्रहित छन् । पद्यात्मक शैलीमा लेखिएको यस सङ्ग्रहको भावभूमि राष्ट्रवाद, मानवतावाद र सौन्दर्य चेतमा केन्द्रित छ । पद्यमा सरल ढङ्गले पोखिन सक्नु कविको प्रमुख दक्षता हो । कविले आफ्नो आत्मप्रकाशनदेखि

साँस्कृतिक महिमा, पसिनाको मूल्य प्राकृतिक सौन्दर्य, महत्वपूर्ण महिना ऋतु र समयबोधदेखि शिक्षक पेसा र विद्यार्थी जीवनजस्ता पक्षहरूले कवितामा स्थान पाएका छन् । एकातिर आमाको ममतादेखि दाम्पत्य जीवन हुँदै नातिलाई दिइने वात्सल्यसम्मका अनुभूति कवितामा बुनिएका छन् भने अर्कातिर उज्यालोको खोजी क्रान्तिको आत्मसात् र सहिदहरूमा सम्मानभाव व्यक्त गरिएका छन् । कवि सिद्धिचरण श्रेष्ठ, ब्रह्मचारी षडानन्द, आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्टजस्ता शिक्षा र साहित्यमा लागि पर्ने महान् विभूतिहरूप्रति कवितामै श्रद्धासुमन अपर्ण गरिएको छ । कतिपय कविताहरू यात्रासँग सम्बन्धित छन् भने कतिपय स्मृतिसँग सम्बन्धित छन् । यसबाट हेर्दा कवि न्यौपानेको सिर्जना र सिर्जित रचनाको फाँट बृहत् देखिन्छ ।

अन्त्यमा २०२०-२०२२ सालदेखि नै पत्रपत्रिकामा देखा परेर पनि चार दशक अर्थात् २०६४ सालसम्म व्यक्तिगत ढङ्गले प्रकाशनमा नआई बस्नुले उनी अन्तर्मुखी हुन् भन्ने कुराको पुष्टि हुन्छ । गद्य, गीति र पद्य तीन ओटै शैलीमा समानान्तर ढङ्गले कविता रचना गर्न सकेका आधारमा उनी प्रतिभावान् कवि पनि हुन् । परिष्कारवादी शैली र स्वच्छन्दतावादी भावधारामा निकट रहेर कविता रचना गरिरहेका कवि न्यौपाने कतिपय कवितामा प्रगतिशील र क्रान्तिकारी कविझैँ अग्रगामी विकासका लागि बाधाव्यवधानहरूप्रति विद्रोह गर्दै कवितात्मक हुँकार गरिरहेका भेटिन्छन् ।

## अध्याय-पाँच

# साहित्यकार केदार न्यौपानेको काव्य प्रवृत्ति र प्राप्ति

### ५.१ केदार न्यौपानेका काव्य प्रवृत्तिहरू

साहित्यकार केदार न्यौपाने नेपाली काव्य संसारमा लोकप्रिय सहृदयी एवम् प्रतिभावान् कविका रूपमा परिचित छन् । उनको योगदान नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर जुटिरहेको छ । साहित्यका विभिन्न विधा कविता, गीत, समालोचना, बाल कविता र गीत आदि कृतिहरूको सृजना उनको काव्य साधनाको प्राप्ति हो । मधुर भाव, कोमल शब्दावली एवम् सरल, सुबोध्य प्रस्तुतिका आधारमा उनको कवित्वलाई देख्न सकिन्छ । जीवनवादी सौन्दर्यचेत र प्रकृति प्रेममा आधारित मानवतावादी दर्शनले भरिपूर्ण उनको काव्य प्रवृत्ति समग्रमा बेजोड बन्दै गइरहेको अनुभूत हुन्छ । कविता लेख्नकै लागि आफ्नो जन्म भएको विश्वास गर्ने न्यौपानेले आफू १३ वर्षको उमेरमा पुग्दा नपुग्दै साहित्य यात्रामा पाइला राखेको पाइन्छ ।

न्यौपानेको काव्य प्रवृत्तिलाई उनको काव्य वैशिष्ट्यको आधारमा विभिन्न उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

#### ५.१.१ विद्रोहीचेत

साहित्यकार केदार न्यौपानेका कविता, गीतहरूमा अधिकांश विद्रोही चेतना पाइन्छ । उनी एक राष्ट्रवादी, प्रकृतिप्रेमी कविका रूपमा चिनिन्छन् । उनका रचनाहरूमा आफ्नो देश र प्रकृतिप्रति अगाध माया प्रकट गरेको पाइन्छ । न्यौपाने आफ्नो देश र जनताका लागि विद्रोह गर्दछन् । उनको यस्तै विद्रोह पोखिएको कविताको अंश यस्तो छः

उल्का
अचानक
उत्पात मच्चाउँदै
एकैचोटि विस्फोट भएर
शान्तिको फूलबारीमा गर्ल्याम्म
ढालिन्छन् आस्थाका प्रतीकहरू

हरेक क्षण

एकपछि अर्को आशङ्का

यो कस्तो अनिष्ट ?

कस्तो उत्पात ?

प्रश्न स्वयम् अनुत्तरित छ ...

निरिह नेता, मन्त्री एवम् प्रधानमन्त्रीहरू

हेर्छन् टुलुटुलु मौन, विवश, व्याकुल

कुनै पूर्वानुमानविहीन

धुमकेतु विस्फोटका व्यथाहरू

अप्रत्याशित उल्काका

अकल्पनीय कथाहरू ।

(**सपना देख्नेहरूका लागि,** पृ. १६) ।

**५.१.२ मानवतावादी स्वर**

कवि केदार न्यौपानेका काव्य प्रवृत्तिहरूको अध्ययन गर्दा उनको वैचारिक धरातलका चार वटा पाटाहरू देखा पर्दछन् । राष्ट्रियता, प्रकृतिप्रेम, विकासवादी अवधारणा र मानवतालाई केन्द्रमा राखेर सिर्जनाको साधन गर्ने न्यौपाने मान्छेका दु:ख, दर्दलाई आफ्ना कवितामा भित्र्याउने र सत्कार्यमा अग्रसर गर्न अभिप्रेरित गर्दै समाजमा दु:ख पाएका र पिछडिएका जनजातिप्रति उत्थान गर्नुपर्ने आवश्यकताको महसुस गर्दै उनीहरूप्रति सहानुभूति समेत प्रकट गर्दछन् । उनका कवितामा जतातातै मानवताको भाव पाइन्छ । उनको कलम निर्दयी सर्वनाशी, दानवीय प्रवृत्तिलाई चिर्दै मानवीय अविनाशी सिर्जनातर्फ उन्मुख छ । जस्तैः

मान्छेकै भरमा सार स्वर्ग मर्त्य छ, सञ्चित

विधि आफैं छ यो मान्छे फेरि आफैं छ वञ्चित ।

यहाँ भोगिन्छ रे रेखा मान्छेका सुख दु:खमा

जन्मदै दास झल्कन्छ, मान्छेका अनुहारमा ।...

कुना काप्चा र यी नालीभित्र रात बिताउँछन्

बिहानै सभ्य भन्नेले यिनैलाई गिज्याउँछन् ।

(**चिरन्तन,** पृ. १२) ।

### ५.१.३ यथार्थताको अनुभूति

कवि केदार न्यौपानेको काव्य प्रवृत्तिमा यथार्थता एउटा महत्वपूर्ण प्रवृत्ति मान्न सकिन्छ । उनका प्रत्येक कविता गीतहरूमा कल्पना भन्दा बढी यथार्थ अनि बनावटी भन्दा बढी तथ्यलाई स्वीकार गरेको पाइन्छ । उनी आफ्ना रचनामा कल्पनाको उडान भर्न खोज्दैनन् बरु यथार्थलाई नै कलात्मकता दिएर प्रस्तुत गर्दछन् । उनका भनाइ अनुसार सत्य र न्याय नभएको साहित्यिक सिर्जनाको अस्तित्व नै के हुन्छ र ! सत्य र निर्भिकता नै सिर्जनाको प्राण हो ।

### ५.१.४ उत्तरआधुनिकता

साहित्यकार केदार न्यौपानेको काव्य प्रवृत्तिलाई नियाल्दा उनका कविताहरूमा उत्तर आधुनिकता पनि पाइन्छ । उत्तर आधुनिकताले कुनै एक पक्ष, पद्धति, प्रक्रिया, विचार, शैली आदिलाई महत्व नदिएर सबैलाई महत्व दिन्छ । त्यस्तै न्यौपानेले पनि साहित्यमा कुनै एक पक्षलाई मात्र जोड नदिई विभिन्न विचार, पक्ष, परिवेश, प्रक्रिया सबैलाई महत्व दिएका छन् साथै पर्यावरण, सामाजिक, सांस्कृतिक, प्रकृति, राष्ट्र, मानवतावादजस्ता विविध पक्षलाई जोड दिएका छन् । उनको भाषा प्रयोगमा पनि नवीनता पाइन्छ । उनी परम्परागत मान्यतामा मात्र केन्द्रित नरहेर सुधारवादी चाहना राख्छन् । त्यसैले उत्तर आधुनिकता पनि उनको काव्य प्रवृत्ति मान्न सकिन्छ ।

### ५.१.५ सामाजिक सांस्कृतिक अन्याय अत्याचार तथा विकृति विसङ्गतिप्रति विद्रोह

कवि केदार न्यौपाने राष्ट्रवादी, समसामयिक प्रयोगधर्मी, प्रगतिवादी साहित्यकार हुन् । उनका प्रत्येक कविताहरूमा सामाजिक अन्याय र अत्याचार तथा विकृति विसङ्गतिका ज्वारभाटाहरू छचल्किरहेका छन् । अन्यायका विरुद्ध स्वतन्त्रता, समानता र न्यायका आवाजहरू बुलन्द गरिएका छन्। उनका रचनाहरू हाम्रो समाजभन्दा एक इन्च पनि पर गएका छैनन् । उनका रचनाहरूमा समाजमा हुने गरेका अन्याय अत्याचारप्रति पनि विद्रोहको भाव देखिन्छन् । ठूला ठालुहरूले साना गरिब तथा निम्न वर्गप्रति गरेको अन्यायका विरुद्ध न्यौपाने आफ्ना रचनामा विद्रोह पोख्छन् । समाजमा हुने जातभात सम्बन्धी भेदभावप्रति उनी विद्रोह गर्दछन् । कवि न्यौपानेलाई सामाजिक असमानताले चिमोटेका छन्, विकृतिले लखेटेका छन् । उनी तिनैका पीडाले रन्थनिएर

कविताको पाउँ समात्न पुग्दछन् । कवि आफ्नो मौलिक परम्परा र पुनीत संस्कृतिप्रेमी पनि हुन् ।

### ५.१.६ जीवनवादी चेत

कवि केदार न्यौपाने जीवनवादी कवि पनि हुन् । जीवनका सबै खाले बचाइलाई सहज र स्वाभाविक ठान्ने न्यौपाने जीवनमा जस्तोसुकै असहज र दुःखपूर्ण परिस्थितिमा पनि संघर्ष गर्न थाक्दैनन् । जीवनप्रति सधै आशावादी रहेर दुःखीहरूलाई मद्दत गर्नु नै मानवको सबैभन्दा ठूलो मानवीय धर्म हो भन्ने ठान्दछन् । जीवनको सत्य नै दुःख हो, रोग, पीडा, आँसु त मान्छेका नितान्त साथी हुन् भन्दै कवि जीवनका यस्ता परिस्थितिलाई सहज रूपमा लिएर संघर्ष गर्नुपर्ने बताउँछन् ।

कवि न्यौपाने जीवनमुखी छन् । उनलाई मोक्ष होइन माया चाहिन्छ, सन्यास होइन सरगम चाहिन्छ । त्यसैले उनी भन्दछन् :

यात्रा जीवन हो निरन्तर नयाँ नौलोपनाको सुख
यात्रा कोमल कोपिलो मृदु मुना सौन्दर्य सारोन्मुख
यात्रा ज्ञान विशेष पुस्तक थुँगो विज्ञानको वासना
यात्रा हो अमरत्व जीवन सुधा सत्कार्यको साधना ।

यात्राको अवरोध गर्न जसले षड्यन्त्र फैलाउँला
आफैं ध्वस्त हुने कडा नियतिको सम्भावना आउँला ।
पर्ला बज्र कठोर हुन्हुन हुरी आएर हुत्याउँला
धर्तीको अनुहारमा समरको सङ्केतले छाउला ॥

(**चिरन्तन, पृ.** ४) ।

मानवीय जीवनका आरोह-अवरोहहरू सुख, दुःख, प्रेम, विछोड, माया, घृणा ती सबैलाई पनि उनले आफ्ना कवितामा समेटेका छन् । वास्तवमा उनी एक जीवनवादी कवि हुन् ।

### ५.१.७ आशावादी सोच

कवि केदार न्यौपाने आशावादी कवि पनि हुन् । जीवन जगत्मा जे-जति जटिलता देखे, भोगे, पचाँए पनि उनी निराश छैनन् । जीवन कसैले देखेजानेको जस्तो

हुँदैन, त्यसलाई सजाउने सुधार्ने हामी मानवकै कर्तव्य हो भन्दै कवि यिनै विचारबाट प्रभावित बनी आफ्ना रचनामा पनि आशावादी भाव व्यक्त गर्दछन् ।

परिश्रमको मीठो सङ्घर्षपछि
हामी पनि सँगसँगै
लेक, बेँसी र तराईमा ओर्लनु पर्छ
हेर त !
मौसमको पखेटा हालेर कऱ्याङ कुरुङले
आकाश ढाकिसके
अब छिट्टै सुगाको बथान हाम्रो पछि लाग्ने छ
आऊ, हामी पनि
सिर्जनाको मुटुलाई
आफ्नै माटामा रोप्ने हतार गरौं
बान्की परेको मकैको घोगो र
भाँती परेको धानको बाला भएर
ती साना सयपत्रीका बोटहरूलाई
अङ्कमाल गरौं ।

**(सपना देख्नेहरूका लागि, पृ. ३५-३६)** ।

### ५.१.८ प्रकृति चित्रण

साहित्यकार केदार न्यौपाने प्रकृतिप्रेमी कवि पनि हुन् । उनका रचनाहरूमा जतातते प्रकृति चित्रण पाइन्छ । उनले मानवता र प्रकृतिका बीच तादाम्य सम्बन्ध रहेको भाव प्रकट गरेका छन् । काव्य रसको प्रवाह प्राकृतिक परिवर्तन अनि सौन्दर्यबोध विना कहाँ सम्भव हुन्छ भन्ने भावना न्यौपानेमा रहेको पाइन्छ । त्यसै सन्दर्भमा प्रकृतिबाट अलगिन नसक्ने न्यौपाने कोमल अनि भावुक देखिन्छन् । त्यसैले उनी प्रकृतिलाई मानवीकरण गरेर कवितामा प्रस्तुत गर्दछन् :

आज वैशाख शुक्ल पूर्णिमाको दिन
म माटाका पालाहरू लिएर उभिएको छु
आफ्नै धुकधुकीमा आफूलाई छामेर उभिएको छु

यो उर्वरा माटो
शान्ति यहाँ जौका पाटाहरूमा लेखिएको छ
बुकी, गुराँस र सुनगाभाले ढाकेका
सुन्दर वनपाखाहरूलाई हेर
गाउँ सहरहरूलाई हेर
प्रत्येक साँझ बिहान हिउँचुलीको पानस बोकेर ....

**(सपना देख्नेहरूका लागि, पृ. ४६)** ।

### ५.१.९ प्रणय चेतना

कवि केदार न्यौपानेका कविता, गीतहरूमा जताततै प्रणय पाइन्छ । प्रणय र चुम्बन आदिलाई नवीन शैली र ढङ्गमा प्रस्तुत गरेका छन् । प्रणय भनेपछि नायक, नायिकाका कुरा आउँछन् तर न्यौपाने प्रकृतिसँग, राष्ट्रसँग, इन्द्रावती र मेलम्चीसँग मारुनी र सोरठीसँग आफ्ना प्रणय प्रस्तुत गर्दछन् । उनी प्रकृतिलाई औधी मन पराउँछन् यसर्थ प्राकृतिक सौन्दर्य उनको प्रेमको आलम्बन विभाग बनेको छ । उनी आफ्ना रचनाहरूमा प्रकृतिको मानवीकरण गरेर मानवीय संवेग र इन्द्रिय संवेदना प्रकृतिलाई दिएर जीवन्त प्रकृति चित्रण गरी प्रेमको प्रकटीकरण प्रस्तुत गर्दछन् । उनको सिर्जनाप्रतिको मोह यसरी प्रकट भएको छ :

देश ठोस माटामा परिकल्पित भए
म तरल पानीमा वास्पीकृत भएर बस्छु
देश स्वतन्त्रताले परिभाषित भए
म सार्वभौम अस्तित्वमा मुखरित भइरहेको हुन्छु
मलाई भञ्ज्याङको रापिलो घाम असाध्य मनपर्छ
सालघारीको सिरसिरे बतास अति नै मनपर्छ
सधैँसधैँ मेरो सगरमाथाले मलाई भन्छ
तिमी मेरो काँधमा चढ
कोशी, कर्णाली र गण्डकीहरूले भन्छन्
तिमी मेरो प्रवाहसँगसँगै अगाडि बढ
यो सुनगाभा र सयपत्रीको देश ....

**(सपना देख्नेहरूका लागि, पृ. ५६)**

### ५.१.१० व्यङ्ग्यात्मक प्रस्तुति

कवि न्यौपानेको काव्य प्रवृत्तिको अर्को प्राप्ति व्यङ्ग्य पनि हो । न्यौपाने आफ्ना रचनामा व्यङ्ग्यलाई कलात्मकताका साथ प्रस्तुत गर्दछन् । उनका रचनामा समसामयिक देशको परिस्थिति र राजनीतिकर्मीहरूमाथि निकै व्यङ्ग्य गरिएको छ । न्यौपाने आफ्ना असन्तुष्टिका स्वरहरूलाई संवेदनाले गुथी कलात्मक बनाएर व्यङ्ग्यवाण प्रस्तुत गर्दछन् । कवि न्यौपाने राष्ट्रवादी, प्रकृतिवादी र मानवतावादी कवि हुन् । त्यसैले उनले आफ्ना रचनामा राष्ट्रवाद र मानवतावादको भावभूमिलाई प्रस्तुत गर्दै विवेकहीन, चेतनहीन, नरसंहारक प्रकृतिका र विष-वृक्षहरूप्रति चोटिला व्यङ्ग्यवाण प्रहार गरेका छन् । आफ्नै मातृभूमिको छातीमा लात्ती हान्ने राष्ट्रघाती कपुतहरूप्रति पनि आक्रोशित हुँदै व्यङ्ग्य गरेका छन् :

फर्की आउँछ बाह्र बाह्र महिना बित्दो छ सारा पल
बिर्सी बिर्सि सकिन्न स्नेह ममता दुर्भावना वा छल
रोपेको फल मिल्छ कर्म जसले जे-जे गऱ्यो सो भने
मान्छेको अधिकार छल्न नउठौं मान्छे हुने हो भने ।

तिम्रो शक्ति छँदा सधैं हरघडी आफ्नै बनी आउने ?
के गर्लान् पछि मत्लबी छ दुनियाँ निस्वार्थ खै को हुने ?
बाँचेका पनि हुन्न सार सबले रोई सराप्ने भए
आफ्नो स्वार्थ समर्पिने गर अझै जीवन्त बन्ने भए ।

(**चिरन्तन**, पृ. ५) ।

### ५.१.११ राष्ट्रप्रेम/देशप्रेम

कवि केदार न्यौपाने राष्ट्रवादी र मानवतावादी कवि हुन् । उनका प्रत्येक कविताले एउटा सुन्दर, शान्त र उन्नतिशील राष्ट्रको सपना साँचेको देखिन्छ । कविको अन्तस्करणमा राष्ट्र नाचेको छ, राष्ट्र र राष्ट्रवासीका सुख, दुःख, हावाहुरीसँग उनी परिचित छन् । देशका लागि रगत दिने शहिदप्रति उनको श्रद्धा छ । राष्ट्र बनाउने जिम्मा लिएका तर कर्तव्यबाट विमुख नेतृत्वप्रति उनको तीव्र असन्तुष्टि छ । देशका पाखा पखेरा, हिमाल, पहाड, तराई सबै उनका उत्तिकै प्यारा छन् । उनका कवितामा जतातत्तै सस्तो होइन, गहन राष्ट्रवाद भेटिन्छ । उनका कविताहरू नेपाली

प्रकृति र सामाजिक स्थितिसँग हातेमालो गर्दै राष्ट्रिय धारको भाव गंगामा नुहाइरहेछन् :

रात्रो स्वप्न सधैँसधैँ हृदयमा जागा बनी आउँछ
नौलो विश्व बनाउने रहरले अज्ञात बोलाउँछ
हिँड्दा साँझ बिहान नित्य मुटुमा दिन्छन् नयाँ प्रेरणा
मेरो देश मभित्र फुल्छ सहजै एकान्त संसारमा ।......
यस्तै अर्को,
बग्छन् सल्बल निर्झरीसित सँगै मेरा मिहीभावना
बढ्छन् याद पहाडको सबलता बोकेर निर्माणमा
ब्यूँझी उठ्छ समाधि निर्भय बनी ज्यूँदो कलाकारको
ब्यूँझी उठ्छ सहस्र पर्वत अनि नेपाल नेपालीको ।

(**चिरन्तन**, पृ. ६-७)

### ५.१.१२ आत्मपीडा

साहित्यिकार केदार न्यौपाने जीवन भोगाइका क्रममा आफ्ना पीडा, वेदना, आक्रोश, विसङ्गति र नैराश्यताको भावहरूलाई कविता र गीतमा समेट्ने प्रतिभावान् कवि हुन् । उनका कविता गीतहरूमा आफ्ना व्यक्तिगत जीवन भोगाइका पीडा, वेदनाहरूलाई कलात्मकताका साथ प्रस्तुत गर्दछन् । आफ्ना मनका दुःख, दर्द, पीडा, चोट, असहमति एवम् असन्तुष्टिका भावनाहरू असरल्ल पोखेका छन् उनले । सार्वभौमसत्ता सम्पन्न राष्ट्रमाथि परेको आँचलाई उनी आफ्नै मुटुको आँच सम्झन्छन् र सबैले यसरी नै लिनुपर्ने मनसाय राख्दछन् । यस विषयमा कवि यसरी भन्छन् :

आज धेरै वर्षपछि
रामबहादुरलाई घरको सम्झना जागेको छ ....
विगतको ऐनामा
आफ्नो अनुहार नियाल्यो
आफ्ना गाउँघरको प्रकृतिलाई
आफ्नै आँखाको न्यानो स्पर्शले छाम्यो,
स्मृतिका कोमल हातहरूले सुमसुम्यायो,
अहिले पनि वरपर चारैतिर उस्तै देखिन्छ

उकाली-ओराली, गाउँ-बेँसी सबै उस्तै छन्
तर रामबहादुरले
कहीँ आफ्नो गाउँ पाएन
कतै शान्त, सुन्दर सहृदयी ठाउँ पाएन
उसको आफ्नै रमाइलो गाउँ पाएन......।

**(सपना देख्नेहरूका लागि, पृ. १३) ।**

### ५.१.१३ आध्यात्मिक चेत

साहित्यकार केदार न्यौपानेको काव्य प्रवृत्तिलाई हेर्दा कविता, गीतहरूमा अधिक मात्रामा आध्यात्मिक चेत पाइन्छ । उनका धेरैजसो कविताहरूको भावभूमि राष्ट्रवाद, मानवतावाद र सौन्दर्य चेतमा केन्द्रित छन् । भाषा आलङ्कारिक छ । उनका कविताहरूमा प्राकृतिक वस्तुहरूलाई देव देवता तथा मन्दिरहरूको सम्झना गरिएको छ । उनले विभिन्न पर्यावरणीय सौन्दर्यभित्र लुकेको आध्यात्मिक चेतनालाई सजिलोसँग समन्वय गरी प्रस्तुत गरेका छन् । उनी भन्दछन् :

गर्छौ त्याग अनन्त कोटिभवको उद्धारको खातिर
हर्छौ कष्ट अनेक विघ्न विधिको सच्चिन्छ लेखातक
हे गङ्गाधर विश्व शान्ति करुणा सद्भावका प्रेरक ?
हे शम्भो समता कला र लयका अर्धाङ्ग नारी स्वर ?
जस्तै उग्र तुफानको झपट होस् वा काल आफैँ बढोस्
चर्को विघ्न विरोध ल्याई शठले उम्लेर उग्रै गरोस्
तिम्रो आशीष मात्रले शुभ हुने चाहिन्न अर्को वर
ठूलो सङ्कट दूर हुन्छ भगवान् शम्भो दया सागर

**(चिरन्तन, पृ.५३) ।**

उनका रचनाहरूमा पाइने यिनै विविध आध्यात्मिक प्रसङ्गहरूलाई हेर्दा उनको काव्य प्रवृत्ति मध्ये आध्यात्मिक चेतलाई पनि उल्लेख्य मान्न सकिन्छ ।

### ५.१.१४ स्वच्छन्दतावाद

कवि केदार न्यौपाने स्वच्छन्दतावादी कवि पनि हुन् । उनका प्रत्येक कवितामा स्वच्छन्दतावादको महिमा झल्किएको पाइन्छ । स्वच्छन्दतावादभित्र प्रकृतिप्रेम, कल्पना,

अतीतको महिमा जस्ता भावहरू समेटिएको छ । यसैले स्वच्छन्दतावाद पनि उनको एक काव्यकृति अन्तर्गत पर्दछ ।

## ५.२. साहित्यकार केदार न्यौपानेका काव्यगत प्राप्ति

भोजपुरको सामान्य ग्रामीण परिवारमा जन्मिएका केदार न्यौपानेको समग्र व्यक्तित्वको मूल्याङ्कन गर्दा उनी बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । उनी कुनै एक विषय र क्षेत्रमा मात्र सीमित नभई विभिन्न विषय र क्षेत्रमा समर्पित प्रतिभावान् साहित्यकार हुन् । न्यौपानेको जन्मदेखि हालसम्मको जीवनी र व्यक्तित्वलाई केलाउँदा उनी बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । उनको मिहिनेत र समय यसरी धेरैतिर छरिनुको सट्टा कुनै एउटा विषयमा मात्र रहेको भए उनलाई त्यो विषयको धेरै महान् व्यक्ति भन्ने श्रीपेच लागि सक्थ्यो होला तर उनले आफ्नो मिहिनेत र समयलाई सबैतिर खर्चेर पनि निकै चर्चित र उपलब्धिमूलक नै छन् । उनले गरेका कार्यहरूको कदर गर्दै उनी थुप्रै संघसंस्थाबाट पुरस्कृत भएका थुप्रै उदाहरणहरू पनि प्राप्त गर्न सकिन्छ । न्यौपाने बहुमुखी व्यक्तित्वका धनी छन् । उनका झिना मसिना बाहेकका प्रमुख प्रतिभालाई हेर्दा उनी साहित्यको क्षेत्रमा बढी प्रतिभावान् व्यक्तित्वबाट चिनिन्छन् ।

केदार न्यौपानेले साहित्यका क्षेत्रमा ठूलो योगदान पुऱ्याएको पाइन्छ । उनी एक सफल साहित्यकार हुन् । उनले पाँच ओटा पुस्तकाकार कृति र थुप्रै फुटकर रचनाहरू प्रकाशित गरिसकेका छन् । त्यस्तै न्यौपानेले साहित्यका क्षेत्रमा बाहेक थुप्रै साना तिना कार्यहरू पनि गरेका छन् । तर पनि उनी सबै कार्यमा सफल रहेका छन् । उनले साहित्यमा बाहेक अन्य क्षेत्रमा गरेका योगदानहरू निम्न छन् :

### सम्पादक

घामछाया, देउराली, अङ्कुर, लगायतका साहित्यिक पत्रिका, प्राध्यापक सङ्घ र चि.शा.अ.सं. बुलेटिन, हाम्रो साथी, स्वास्थ्य सम्बन्धी पत्रिकाहरू र पुस्तकका रूपमा डाक्टर नभएमा, दुध खुवाउने आमालाई सहयोग, प्रमुखको भूमिका, बाल स्वास्थ्य, पोषण र स्वास्थ्य सम्बन्धी पुस्तकहरूका साथै प्रशस्तै म्यानुयल, परिचायिका आदिको सम्पादन ।

**समाजसेवा-** कवि न्यौपाने टोल छिमेकका अनेक सामाजिक संस्थामा सम्लग्न रहनुका साथै वानेश्वर क्याम्पसका संस्थापक क्याम्पस प्रमुख, वी.पी. स्मृति स्वास्थ्य प्रतिष्ठान, वी.पी. स्मृति अस्पताल, साहित्यिक पत्रकार सङ्घ, प्राध्यापक सङ्घजस्ता सामाजिक, साहित्यिक, स्वास्थ्य पेसा, शिक्षासँग सम्बन्धित पेसागत सङ्घ-संस्थाहरूको केन्द्रीय तथा एकाइस्तरमा अध्यक्ष, महासचिव एवम् सदस्य भई कार्यका साथै र विभिन्न सङ्घ-संस्था र शैक्षिक प्रतिष्ठानमा संस्थापक, संरक्षक, सञ्चालक, अध्यक्ष, उपाध्यक्ष एवम् सदस्य भई काम गर्दै आइरहेका छन् । विद्यार्थी अवस्थादेखि नै समाजको हक हितको निम्ति कार्य गर्दै आएका न्यौपानेले केही साहित्यिक पत्र पत्रिकाका साथै केही संस्थाहरूमा सल्लाहकारका रूपमा पनि कार्य गरेका छन् । न्यौपाने विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ, संस्था, रोटरी क्लब तथा लायन्स क्लबहरूमा आबद्ध भई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा समाज सेवा र मानव सेवा गरिरहेका छन् । यसरी उनी सफल समाजसेवी व्यक्तित्वको रूपमा परिचित छन् ।

यी सम्पूर्ण कार्यहरूबाट पनि उनको व्यक्तित्वलाई हेर्दा उनी ज्यादै ओजपूर्ण देखिन्छन् । कुनै ठाउँमा कुनै कार्यक्रम संचालन गर्नुपर्दा तुरुन्तै कार्यक्रम संचालनको भूमिका निर्वाह गर्न सक्ने, कुनै ठाउँमा भाषण गर्नु पर्‍यो भने तुरुन्तै विषयवस्तुमा आधारित भएर भावपूर्ण भाषण पनि गरिदिने, उनी जे काम गर्न पनि पछि नपर्ने, जहाँ जे पर्‍यो तुरुन्तै काम गर्न तत्परता देखाउने र अरूको सहयोग गर्न रमाउने, समयको महत्व बुझेका प्रतिभावान् व्यक्ति हुन् । आफूले गरेको काम नवीन बनाउन चाहने अरूभन्दा फरक रहने बानीले उनलाई झनै उच्च स्थान दिएको छ । न्यौपाने बहुआयामिक, बहुप्रतिभा तथा बहुमुखी व्यक्ति हुन् भन्ने कुरा अध्याय तीनमा उनको आन्तरिक एवम् बाह्य तथा साहित्यिक र साहित्येतर लेखक व्यक्तित्वबाट पनि स्पष्ट भइसकेको छ ।

कवि न्यौपानेको क्षमता पनि निकै उत्कृष्ट मान्नुपर्दछ । उनले सृजनात्मक साहित्य त सिर्जना गरे अर्को तर्फ उनी अरूले लेखेका वा सिर्जना गरेका साहित्यको गुण र दोष छुट्याउने समीक्षा लेखनमा स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी, अस्तित्ववादी, समसामयिक विभिन्न रूपमा प्रस्तुत भएका छन् । उनले जीवनमा हालसम्म गरेका योगदानमा ठूलो स्थान साहित्यमा ओगटेका छन् । त्यस्तै उनले

जीवनमा गरेका अन्य थुप्रै कार्यहरूबाट उल्लेख्य योगदान राष्ट्र विकास र उत्थानका लागि भएको छ भने अनुकरणीय उन्नति उनको नितान्त निजी जीवनमा भएको छ । एक व्यक्तिको उन्नतिमा परिवार, समाज, राष्ट्रले पनि केही पाएको हुन्छ । तसर्थ, उनको उन्नति पनि राष्ट्रकै उन्नतिको एउटा अंश मान्नु पर्दछ ।

न्यौपानेले समाजसेवा, राष्ट्रसेवा गरेका छन् । उनका अन्य योगदान र व्यक्तित्वलाई नियाल्दा उनले विभिन्न पत्रपत्रिकामा स्तम्भकार, लेखक भएर कार्य गरेका छन् भने सम्पादक भएर पनि कार्य गरेका छन् । विभिन्न संघसंस्थाहरूमा सक्रिय संलग्नता जनाएका छन् भने विभिन्न काव्य गोष्ठीहरूमा निर्णायक मण्डलको भूमिका पनि निभाएका छन् । उनले वि.सं. २०३०/०३२ सालदेखि नै सेवा गरेका न्यौपानेले चिकित्साशास्त्र महाराजगञ्जमा पनि सेवा गरे । साथै विभिन्न प्रोजेक्ट र अस्पतालको बेलफेयर सेन्टरमा पनि उनले सेवा गरे । हाल पाटन संयुक्त क्याम्पसको नेपाली विभागमा विभागीय प्रमुख भई सेवा गरिरहेका छन् ।

## ५.३. केदार न्यौपानेको समग्र कृतिगत प्राप्ति

साहित्यकार केदार न्यौपानेका कृतिहरूको मूल्याङ्कन गर्दा मूलतः उनले साहित्यमा कुन प्रवृत्ति र विशेषताका आधारमा कृतिहरू सिर्जना गरेका छन् त्यसैका आधारमा मूल्याङ्कन गर्न सकिन्छ । वि.सं. २००६ साल मङ्सिर १८ गते भोजपुरको सामान्य ग्रामीण परिवारमा जन्मिएका न्यौपानेले १२/१३ वर्षको उमेरदेखि नै साहित्यमा पाइला टेकेका हुन् । उनले वि.सं. २०२० सालदेखि नै विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना रचनाहरू प्रकाशित गर्दै आएका हुन् । साहित्यको क्षेत्रमा रुचि देखाउने न्यौपानेले प्रौढ साहित्यका साथै बाल साहित्यमा पनि आफ्ना रचनाहरू सिर्जना गरेका छन् । न्यौपानेले समीक्षा, समालोचना, गीत, बाल गीत, बाल कविता, कविता जस्ता साहित्यका विविध विधामा कलम चलाए तापनि उनको मूल साहित्यिक कर्म भनेको कविता नै हो ।

न्यौपानेले वि.सं. २०६२ सालदेखि निरन्तर रूपमा आफ्ना कृतिहरू प्रकाशित गर्दै आइरहेका छन् । न्यौपाने राष्ट्रवादी, प्रकृतिप्रेमी, विकासवादी र मानवतावादी कवि हुन् । उनका कविताहरूले पनि उनको परिचय यसै कोटिमा गराएका छन् । न्यौपानेका रचनाहरूमा नेपाली समाजले भोग्नु परेका सामाजिक, राजनीतिक

स्थितिका साथै प्रेम, प्रणय, राष्ट्रियताको भाव, धार्मिक, आध्यात्मिक, साँस्कृतिक, प्राकृतिक पर्यावरण सौन्दर्यचेत आदि विषयवस्तु प्रस्तुत भएका छन् । न्यौपानेका सम्पूर्ण कृतिहरूलाई केलाउँदा उनका रचनामा विद्रोही चेत, यथार्थ राष्ट्रवादी, मानवतावादी स्वर, सामाजिक, सांस्कृतिक, अन्याय, अत्याचार तथा विकृति विसङ्गतिप्रति विद्रोह, आध्यात्मिक, व्यङ्ग्य जस्ता प्रवृत्तिहरू रहेका पाइन्छन् ।

कवि केदार न्यौपानेलाई आधुनिक नेपाली कविता धारामा समसामयिक धारा अन्तर्गत स्वच्छन्दतावादी कवि मान्न सकिन्छ । उनका रचनाहरूमा देवकोटा, भूपि शेरचन, दैवज्ञराज न्यौपाने, सिद्धिचरण श्रेष्ठका कविताहरूमा जस्तै प्राकृतिक हेराइ, प्रकृतिका विराटतामा रुचि गढेको देखिन्छ । उनका रचनामा आजको पर्यावरणीय विपन्नतातिर भन्दा पर्यावरणीय संरक्षण र सहयोगको आवश्यकता बुझाउनतिर प्रयत्न गर्दै कविताको जगत् बनाएको पाइन्छ । कवि प्रगतिवादी प्रयोगवादी, समसामयिक, प्रयोगधर्मी, अस्तित्ववादी कवि मानिन्छन् । उनका रचनाहरू केलाउँदा उनका कविता, गीतहरूमा समसामयिक देशका युगीन मान्यता, सामाजिक मान्यता, देशका सामाजिक, आर्थिक, राजनैतिक पक्षप्रति केन्द्रित रहेका पाइन्छन् । देशको सामाजिक, आर्थिक, राजनैतिक विषयप्रति व्यङ्ग्य गरिएको पाइन्छ । कविताहरूमा विकासवादी र मानवतावादी भाव व्यक्त गरिएको पाइन्छ । उनका कविताहरूमा समसामयिक रूपमा देश र समाजमा भइरहेका विकृति विसङ्गतिका ज्वारभाटाहरू छचल्किएका छन् ।

न्यौपानेले आफ्ना रचनाहरूलाई वि.सं. २०६२ सालदेखि कृतिगत रूपमा प्रकाशित गर्दै आएका छन् । उनको पहिलो कृति समीक्षा -सुमन भाग १/२ (वि.सं. २०६२) हो भने दोस्रो कृति **चिरन्तन** कविता सङ्ग्रह वि.सं. २०६४ सालमा प्रकाशित भएको कृति हो । उनको यस कविता सङ्ग्रहमा छोटा लामा आकारका विभिन्न बान्की र शैलीका ३६ ओटा कविताहरू सङ्कलित छन् । यस कविताभित्र कविले आफ्नो आत्मप्रकाशनदेखि साँस्कृतिक महिमा, पसिनाको मूल्य, प्राकृतिक सौन्दर्य, महत्वपूर्ण महिना, ऋतु र समयबोधदेखि शिक्षक पेसा र विद्यार्थी जीवनजस्ता पक्षहरूले कवितामा स्थान पाएका छन् । एकातिर आमाको ममतादेखि दाम्पत्य जीवन हुँदै नातिलाई दिइने वात्सल्यसम्मका अनुभूति कवितामा बुनिएका छन् भने अर्कातिर उज्यालोको खोजी, क्रान्तिको आत्मसात् र सहिदहरूमा सम्मानभाव व्यक्त गरिएका छन् । उनको यस कृतिमा देशप्रेम र राष्ट्रियताको भाव पाइन्छन् । यहाँ सङ्कलित

कतिपय कविताहरू रस, अलङ्कार र छन्द मात्र होइन विम्ब चयनका दृष्टिले पनि उदाहरणीय छन् :

राखौँ देश खुला दुवै नयनमा बिभ्दै नबिभ्ने गरी
माटोभित्र लगेर यो मुटु पनि साँरु कि सर्ने गरी ।

**(निर्माणको सपना, पृ.६)**

यो एउटा देशभक्त कविको उच्च कवित्व हो । चिरन्तनभित्र यस्ता अनेकौं उदाहरणहरू छन् । यस अर्थमा सङ्कलित कविताले व्यापक क्षेत्र र विषयवस्तुलाई आत्मसात् गरेको पुष्टि हुन्छ ।

कवि न्यौपानेको साहित्यिक यात्रामा वि.सं. २०६४ सालमा नै अर्को साहित्यिक कृति **सपना देख्नेहरूका लागि** कविता सङ्ग्रह प्रकाशित भएको छ । कवि न्यौपानेको यस कृतिभित्रका कविताहरूको अध्ययन मूल्याङ्कन गर्दा सङ्ग्रहको मूल विषयवस्तु देशप्रेम, प्रकृति चित्रण र मानवतावादी भाव प्रशस्त रूपमा पोखिएको देखिन्छ । यस सङ्ग्रहमा गद्य शैलीमा समसामयिक विषयवस्तुमा आधारित ४२ वटा कविताहरू सङ्कलित छन् ।

**सपना देख्नेहरूका लागि** कविता सङ्ग्रहमा सङ्कलित कविता रचनाको समयसीमा निकै लामो भए पनि यहाँका कविताले नेपालमा विकसित पछिल्ला घटनाक्रमलाई बढी लक्ष्य गरेका छन् :

नास्पाती र आरु बखडाका फूलहरूसँगसँगै हाम्रो आँगनमा
एउटा नयाँ बिहानले पाइला टेकेको छ
मुटुका पत्रैपत्रमा राखेर
एउटा गृहस्थीले फेरि
आफ्नो घर सम्झेको छ
अथवा
म स्वयम् देश भएर बाँचेको छु
मेरो देश स्वयम् म भएर बाँचेको छ ।

**(घर फर्कनेलाई, पृ.३१)**

न्यौपानेका कविता देशको महिमा सँगसँगै मानवीय मूल्य मान्यताका वरिपरि घुमिरहेका भेटिन्छन् । राष्ट्रिय आदर्श र अस्मितालाई अरू सबै कुरा बिर्सिएर बारम्बार महत्वको चुलीमा उचाल्छन् । कतै 'नेपाल' र 'शान्ति क्षेत्र नेपाल' भनेर आफ्नो देशको महिमा गायन गर्न र आफूभित्रको देशभक्तिका भावना व्यक्त गर्न उकुसमुकुस बनेका कवि कवि र कविता कवितामा कविताको परिचय यसरी दिन्छन् :

कविता स्रष्टाको अनुभूति हो
ऊ आफ्नै सौन्दर्यमा फक्रन सक्छ
ऊ आफ्नै हृदयमा पग्लन सक्छ
कविता अपरिमित सौन्दर्यको वसन्त हो
यसले लेक, बेँसी र गाउँहरूबाट मात्र होइन
कविको अम्लान हृदयबाट पल्लवित हुनु पर्छ ।

(**कवि र कविता, पृ.५०**)

त्यसैगरी कवि न्यौपानेको अर्को कृति **हिउँको छायामुनि** गीतसङ्ग्रह वि.सं. २०६४ सालमा प्रकाशित भएको हो । यहाँ सङ्कलित गीतहरूको विषयवस्तु प्रणय राष्ट्रिय अस्तित्व, जातीय स्वाभिमान र समसामयिक वेथितिहरूमा केन्द्रित रहेको पाइन्छ । देशभक्ति र सामाजिक विसङ्गति दुवै पक्षलाई एउटै उदाहरणमा देखाउन सकिने गीति सङ्ग्रहकै शीर्षक गीतको एउटा अंश यस प्रकार अगाडि सार्न सकिन्छ :

युवतीको सिउँदो उड्यो टुहुरो भो शिशु
निसहाय वृद्ध भन्छन् के गरेर टिकूँ ?
कङ्गाल भो देश अझै के हुने हो कुन्नि ?
शान्ति त्यसै खल्बलियो हिउँको छायामुनि ।

(**हिउँको छायामुनि, पृ.९**)

मूलतः प्रणयका संयोगात्मक, वियोगात्मक स्थितिको उद्घाटन, देशभक्ति साथै सामाजिक विसङ्गतिमा न्यौपानेको भावना समेटिएको पाइन्छ ।

यस कृतिहरूको समग्र अध्ययन विश्लेषण अध्याय पाँचमा गरिएकाले यहाँ सङ्क्षिप्त अध्ययन मूल्याङ्कन मात्र गरिएको छ ।

यसरी न्यौपानेका समग्र कृतिगत प्रवृत्तिका आधारमा मूल्याङ्कन गर्दा उनका कृतिहरूमा एक पक्ष क्षेत्र र पद्धतिमा मात्र रहने स्थिति छैन । न्यौपानेका विषय, क्षेत्र पद्धतिको फाँट फराकिलो रहेको छ । उनका कृतिहरूको अध्ययन गर्दा कृतिहरूमा राष्ट्रप्रेम, प्रकृति प्रेम, प्रणय, मानवतावाद आदि प्रवृत्तिहरू पाइन्छन् । त्यसैले कवि न्यौपानेलाई राष्ट्रवादी, मानवतावादी, प्रकृतिप्रेमी र सौन्दर्यचेतले युक्त कवि मान्न सकिन्छ ।

साहित्यकार केदार न्यौपाने नेपाली काव्य संसारमा लोकप्रिय, सहृदयी एवम् प्रतिभायुक्त कविका रूपमा परिचित छन् । उनको योगदान नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर जुटिरहेको छ । न्यौपानेका रचनाहरूमा आफ्नो छुट्टै र अलग पहिचान छ । उनी मौलिक प्रवृत्ति र स्वकीय अनुभूतिका रचनाहरू लेख्दछन् । उनका समग्र कृतिगत विशेषतालाई केलाउँदा उनी सहज प्रतिभाशाली साहित्यकार हुन् । उनका रचनामा भाव विचारको विविधता पाइन्छ । देशप्रेम, संस्कृतिप्रेम, विकासवाद र मानवताको गायन उनका गीत कविताहरूका त्रिवेणी हुन् । न्यौपानेका कविता गीतहरूमा परम्परागत छन्दका कविताको अन्तरश्रुतिमाधुर्य, मुक्तकीय प्रस्तुति र आन्तरिक लयबद्धता तथा आधुनिकताका प्रयोगवादी गद्य, नवीन बिम्ब निर्माण तथा नितान्त नयाँ ढङ्गको सम्प्रेषणीय पद्धतिको संयोजन भएको पाइन्छ । न्यौपानेको काव्य कृतिगत विशेषता भनेको नयाँ पद्धतिलाई अँगाल्नु र नवीन बिम्ब प्रतीकको प्रयोग गर्नु हो । उनका रचनामा शैलीगत कथन शिल्प पनि नवीन देखिन्छन् ।

न्यौपानेका रचनाहरूमा सौन्दर्यचेत यत्रतत्र पोखिएको पाइन्छ । त्यो उनको काव्य कृतिगत विशेषता हो । न्यौपानेका कविता गीतहरूमा एकातिर बिम्ब र लालित्यको प्राचुर्य पाइन्छ भने अर्कातिर नितान्त स्थानीय झर्रा शब्दहरू र ग्रामीण परिवेश आदिको प्रयोग कलात्मक ढङ्गले गरेको पाइन्छ । कविको अर्को काव्यकृतिगत विशेषता भनेको उनी आफ्ना रचनाहरूका शब्दमा जस्तो शब्द र अर्थमा पनि अभिव्यक्तिको कला भर्न सिपालु देखिन्छन् । उनका कविता गीतहरू बौद्धिक मात्र नभएर सरल र संवेद्य छन् भने गीति गुण अर्थात् सङ्गीत तत्व अत्यन्त प्रबल रूपमा पाइन्छ । न्यौपानेको अर्को विशेषता भनेको आफ्ना रचनामा सानो भनाइमा नै धेरै कुरा व्यक्त गर्ने मितव्ययी शैली हो । न्यौपानेको विशेषता भनेको प्रतीकात्मक शीर्षक चयन पनि हो । गद्य, गीति र पद्य तीन ओटै शैलीमा समानान्तर ढङ्गले कविता

रचना गर्न सकेका आधारमा उनी प्रतिभावान् कवि पनि हुन् । परिष्कारवादी शैली र स्वच्छन्दतावादी भावधारा निकट रहेर कविता रचना गरिरहेका कवि न्यौपाने कतिपय कवितामा प्रगतिशील र क्रान्तिकारी कविझैँ अग्रगामी विकासका लागि बाधा व्यवधानहरूप्रति विद्रोह गर्दै कवितात्मक हुँकार गरिरहेका भेटिन्छन् । उनी अन्तरमुखी स्वभावका कवि हुन् ।

कवि केदार न्यौपानेको क्षेत्र नितान्त परम्परागत लेखन होइन, यसर्थ नवनव प्रयोगमा उनी रमाउँछन् । उनका रचनाहरू शाब्दिक परम्परित अर्थबोध भन्दा समष्टिमा नवीनता लिएर अर्थिनमा रुचाउँछन् । त्यो न्यौपानेको आफ्नो काव्यकृतिगत मौलिक विशेषता हो । न्यौपानेले आफ्ना रचनाहरूमा परम्परित शैलीको प्रकृति चित्रणमा भन्दा फरक रूपमा प्रस्तुत गरेका छन् । उनले आफ्ना रचनाहरूमा ग्रामीण शब्दावलीदेखि सहरिया तत्सम, तद्भव एवम् आगन्तुक शब्दहरूको प्रयोग सहज रूपमा गरेका छन् भने हाम्रो समाजमा लोप हुँदै गइरहका शब्दहरूको पनि प्रयोग गरेर नवीनता दिएका छन् । त्यो उनको आफ्नो काव्यकृतिगत विशेषता हो । उनले आफ्ना रचनाहरूमा प्रचलित र अप्रचलित दुवै शब्दहरूको प्रयोग गरेका छन् । उनी आकारका दृष्टिले अत्यन्तै साना तथा लामा कविता गीतहरू पनि रचना गर्दछन् । विषयमा व्यापकता र शैलीमा मौलिकता न्यौपानेको काव्य कृतिगत विशेषता हो ।

न्यौपाने जीवन जगत्मा प्रचलित र समाजमा भोगिएका विषय र घटनालाई पनि नवीन ढङ्गले प्रस्तुत गर्दछन्, त्यो उनको शैली शील्पगत वैशिष्ट्य हो । उनले राष्ट्र र राष्ट्रियताको चोखो भावनालाई च्याप्प समातेर सुन्दर शैलीमा आफ्ना रचनाहरूमा अभिव्यक्त गरेका छन् । त्यो उनको आफ्नै मौलिक विशेषता हो ।

न्यौपानेले आफ्ना रचनाहरूमा साँस्कृतिक, ऐतिहासिक, पौराणिक एवम् मिथकीय बिम्ब प्रतीकको प्रयोग गरेर आफ्ना रचनालाई कलात्मक दिएका छन् । यसरी न्यौपानेका काव्य कृतिगत विशेषतालाई नियाल्दा उनले नेपाली काव्य धरातलमा आफ्नो छुट्टै पहिचान बनाएका छन् । यसरी उनका सम्पूर्ण विशेषताहरूलाई केलाउने उनका रचनाहरूलाई हेर्ने र काव्य प्रवृत्तिहरूलाई निछोट्ने हो भने उनलाई युवापुस्ताका सफल साहित्यकारका रूपमा चिन्न सकिन्छ साथै न्यौपानेलाई नेपाली वाङ्मयका तपस्वी पनि मान्न सकिन्छ ।

## ५.४ निष्कर्ष

औपचारिक रूपमा वि.सं. २०२० सालदेखि साहित्य लेखनमा लागेका साहित्यकार केदार न्यौपानेको चारदशक लामो साहित्य यात्रा सुरु सुरुमा केही अपरिपक्व र नियमसंगत नदेखिए तापनि अहिलेसम्म आइपुग्दा प्रौढ र परिपक्व भएको पाइन्छ । आफ्नो साहित्य यात्रामा लगभग १५/२० वर्षसम्म विभिन्न पत्रपत्रिकामा मात्र उनका रचनाहरू छापिएको पाइए तापनि वि.सं. २०६२ मा उनले पहिलो कृति समीक्षा सुमन प्रकाशित गरे, त्यसपछि हालसम्म पनि उनी लेखन तथा प्रकाशन कार्यमा पछाडि हटेका छैनन् । उनले साहित्य यात्रामा गीत, कविता, बालकविता, समीक्षा, बालगीतमा कलम चलाए तापनि उनलाई कवि र गीतकार नै भनेर चिन्न सकिन्छ । उनका कविताहरू पद्य शैलीमा लेखिएका छन् । उनी आफ्ना रचनाहरूमा राष्ट्रियता, प्रकृति, पर्यावरण, मानवतावाद र विकासवादलाई केन्द्रमा राखेर साहित्य सिर्जना गर्दछन् । उनी सामाजिक विसङ्गति र विकृतिप्रति विद्रोह एवम् व्यङ्ग्य गर्दै सांस्कृतिक सम्पदाप्रतिको तुषारापात भएको पीडाबोध गर्दछन् । उनका रचनाहरूका यिनै विविध विशेषताहरूलाई नियाल्दा तिनमा विद्रोही चेत, मानवतावादी स्वर, यथार्थताको चिन्तन पाइन्छ र सामाजिक, साँस्कृतिक धरातलमा देखिने अन्याय-अत्याचार तथा विकृति र विसङ्गतिप्रति विद्रोह व्यकुल गर्दै जीवनवादी चेत, आशावादी अवधारणा, प्रकृति चित्रण, प्रणयको प्रवृत्ति,व्यङ्ग्यात्मक शैली, राष्ट्रप्रेम, आत्मपीडा, आध्यात्मिक चेत जस्ता काव्य प्रवृत्ति पाइन्छन् । ती प्रवृत्तिहरूलाई बुँदागत रूपमा निम्न बमोजिम प्रस्तुत गर्न सकिन्छ :

- कमनीय भावनाका कोमल अनुभूतिमा नेपाली माटोको सुगन्ध महकाउने कवि केदार न्यौपानेको कवितात्मक विशेषता हो ।
- युगीन अभिव्यक्तिको यथार्थपरक रङ्गमञ्चमा नेपाली सांस्कृति र कलाको मनमोहक झङ्कृति उनका कविताको रचनात्मक प्राप्ति हो ।
- कतै कोशीको भँगालो भएर भँगालिनु, कतै गण्डकीको छाल भएर छचल्किनु र कतै कर्णालीको छाँगो भएर छङ्छङ्गाउनु उनका कवितात्मक अक्षरहरूको मर्म हो ।
- लामा-छोटा हरफहरूमा सुकोमल शब्दहरूका माला उनेर नेपाली साहित्यको पूजा गर्नु उनको काव्यात्मक धर्म हो ।
- भाषा र भावको हातेमालो, शब्द र अर्थको आलिङ्गन तथा वाक्य र वाणीको

तालमेल न्यौपानेका कविताका कलात्मक बान्की हुन् ।

- देश र लोकतन्त्रप्रतिको गहिरो संवेदनशीलता, मानवता र प्राणीप्रतिको अपार ममता, दुःखी र पीडितप्रतिको मार्मिक सहानुभूति, प्रकृति र चराचर जगत्प्रतिको स्वाभाविक प्रेमका साथ इमानदारीको अटुट आराधना कवि केदार न्यौपानेका काव्य प्रवृत्ति हुन् ।
- साहित्यकार न्यौपाने सहज प्रतिभाशाली कवि हुन् त्यसैले उनका कवितामा भाव विचारको विविधता पाइन्छ ।
- देश र संस्कृतिप्रतिको प्रेम, विकासवाद र मानवताको गायन उनका कविताका त्रिवेणी हुन् ।
- सुख, दुःख, प्रेम, वियोग, व्यङ्ग्य, आक्रोश सबै किसिमका भावना उनका कवितामा पाइन्छ । युगजीवनका विकृति विसङ्गतिलाई उनले स्वर दिएका छन् ।
- ग्रामीण परिवेश, उखान टुक्का, थेगो आदिको प्रयोग केही मात्रामा भएको पाइन्छ ।
- कविताहरू जटिल नभएर सरल र सुबोध छन् ।
- कविताहरूमा गीति गुण अर्थात् संगीत तत्व अत्यन्त प्रबल रूपमा पाइन्छ ।
- निरन्तर साधना र साहित्यप्रतिको निष्ठाले उनलाई सफल कविको रूपमा उभ्याएको छ ।
- उनीबाट सम्भावनाका नव नव क्षितिजहरू उघ्रदै जानेछन् ।

अध्याय-छ

# उपसंहार

साहित्यकार केदार न्यौपाने वि.सं. २००६ साल मङ्सिर १८ गते भोजपुरको गोगनेमा जन्मेका हुन् । बाबु बाजेहरू परम्परागत खेतिपाती व्यवसायी र पण्डित भएकाले उनको परिवारले पसिना बगाएर खटेको खण्डमा आर्थिक समस्याको खासै सामाना गर्नु पर्ने परिस्थिति थिएन । दाइ दैवज्ञराज न्यौपानेका अनुसरण गर्दै प्रारम्भमा संस्कृत र पछि औपचारिक ढङ्गले स्थानीय विद्येश्वर मा.वि.बाट माध्यमिक शिक्षा प्राप्त गरे । शिक्षित परिवारमा जन्मिएका कारण अभिभावकहरूबाट शिक्षा, स्वास्थ्य, खानपान आदिमा न्यौपानेको विशेष ख्याल राखिन्थ्यो । आफ्ना अभिभावकहरूका रेखदेखमा हुर्किएका न्यौपाने सानै उमेरदेखि मिलनसार, तीक्ष्ण बुद्धि र सबै साथी-सङ्गीहरूलाई समान व्यवहार गर्ने भएका कारण सबै साथीहरूले उनलाई उत्तिकै मन पराउँथे । उनी आफ्ना माताका दोस्रा र पिताका काइँला सन्तान हुन् । तीन छोरा दीपक, मोहन, राजीवका पिता रहेका न्यौपानेकी श्रीमती घरको कुशल गृहिणीका रूपमा पोख्त छिन् । विद्यालयीय शिक्षापछि उच्च शिक्षाका लागि काठमाडौँ आई त्रि.वि.बाट आचार्य दोस्रो वर्षसम्मको अध्ययन गरी त्रि.वि. बाटै नेपाली विषयमा एम. ए. र भाषा सङ्कथन विषयमा विद्यावारिधि गरेका छन् । २०३० सालदेखि नै पेसागत संघ सङ्गठनमा संलग्न भई प्राध्यापक वर्गको हित संरक्षणमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आउनु भएको देखिन्छ । शारीरिक सुगठनमा निकै अगाडि देखिएका न्यौपानेले विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेका छन् । उनी शरीरलाई फुर्तिलो राख्दै लुगा मिलाएर लगाउने र चिटिक्क भएर हिँड्ने गर्दछन् ।

न्यौपाने विभिन्न विद्वान्हरूसँग निकट रहेका छन् । थुप्रै नेपाली र विश्व साहित्यका साहित्यकारबाट प्रभावित न्यौपानेले १२।१३ वर्षको उमेरमै कविता, गीत लेखेर २०२० सालमा 'खोलाको भूत' शीर्षकको कविता प्रकाशन गरी आफ्नो साहित्यिक यात्रालाई सार्वजनिक गरे । अहिलेसम्म न्यौपानेका पाँच वटा पुस्तकाकार कृति र धेरै फुटकर कृतिहरू प्रकाशित छन् भने २,३ वटा कृतिहरू प्रकाशनको तयारीमा छन् । उनका कृतिहरूमा कविता, बाल कविता, गीत, समीक्षा रहेका छन् ।

ती मध्ये पनि उनलाई कवि र गीतकार भनेर चिन्न सकिन्छ । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

कवि केदार न्यौपाने अन्तरमुखि स्वभावका कवि हुन् । २०२०/०२२ सालदेखि नै पत्रपत्रिकामा देखा परेर पनि चार दशक अर्थात् २०६४ सालसम्म व्यक्तिगत ढङ्गले प्रकाशनमा नआई बस्नुले उनी अन्तर्मुखी हुन् भन्ने कुराको पुष्टि हुन्छ । गद्य, गीति र पद्य तीन ओटै शैलीमा समानान्तर ढङ्गले कविता रचना गर्न सकेका आधारमा उनी प्रतिभावान् कवि पनि हुन् ।

न्यौपानेको आन्तरिक र बाह्य व्यक्तित्वलाई केलाउँदा उनको मनको र कामको सम्बन्ध मिल्दोजुल्दो छ । जस्तो बोल्दछन् त्यस्तै काम गर्ने उनी राम्रो नैतिक आचरण भएका हक्की, निडर, स्वावलम्बी र स्वाभिमानी अनि सङ्घर्षशील गुण भएका व्यक्ति हुन् । उनको साहित्यिक व्यक्तित्वलाई हेर्दा उनी कवि, गीतकार, बाल साहित्यकारका रूपमा रहेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै किसिमबाट उनलाई सफल मान्न सकिन्छ । उनको साहित्येतर व्यक्तित्वलाई हेर्दा उनी सम्पादक, समाजसेवक, स्तम्भकार, संस्था संचालक, एकाङ्कीकार, पत्रिका स्तम्भ, अनुसन्धाता तथा साहित्यिक संस्था परिचालक आदि व्यक्तिका रूपमा सफल छन् ।

कवि न्यौपानेले हालसम्म विभिन्न शीर्षकमा ५ ओटा पुस्तककार कृतिहरू प्रकाशित गरिसके पनि अझै अन्य थुप्रै पुस्तक प्रकाशनको तयारीमा निरन्तर लागिरहेका छन् । उनका ती प्रकाशित कृतिहरूको चरण विभाजन गर्ने क्रममा आभ्यासिक चरण, प्रथम चरण, द्वितीय चरण र तृतीय चरण गरेर छुट्याउँदा :

**आभ्यासिक चरण :** वि.सं. २०२० सालदेखि २०२३ साल मानिन्छ । उनको यस चरणमा प्रायः सबै जसो रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

**प्रथम चरण :** उनको प्रथम चरण वि.सं. २०२३-०३६ सालसम्म मानिन्छ । यस चरणमा उनले विभिन्न सामाजिक विकृति, राष्ट्रप्रेम, क्रान्तिकारी भावनालाई प्रस्फुटित पार्ने किसिमका सिर्जनाहरू गरेको पाइन्छ तापनि यिनले विविध कारणवश आफ्ना रचनाहरूको सङ्ग्रह सार्वजनिक रूपमा प्रकाशित गर्न सकेनन् । सो बिचमा कविता, माधुर्य, मधुपर्क लगायतका साहित्यिक पत्रिका र गोरखापत्र, बालक विभिन्न पत्र

पत्रिकामा प्रकाशित भएका छन् र विभिन्न विद्युतीय माध्यमबाट प्रसारणमा आएका छन् ।

**द्वितीय चरण :** त्यस्तै उनको द्वितीय चरण वि.सं. २०३६ देखि २०६२ सालसम्म मानिन्छ । यस चरणमा उनले प्रजातान्त्रिक हक अधिकार अवरूद्ध भएको अवस्थालाई नियाल्दै परिवर्तनका साङ्केतिक अभिव्यक्ति दिने सिर्जनाहरूको लेखन प्रकाशन गरेको पाइन्छ । प्रथम चरणको तुलनामा न्यौपानेको साहित्यिक यात्राको दोस्रो चरण कमै उर्वर देखिन्छ ।

**तृतीय चरण** : यसै गरी उनको तृतीय चरण वि.सं. २०६२ देखि हालसम्मको समयलाई मान्न सकिन्छ । यस चरणमा उनको थुप्रै पुस्तककार कृति प्रकाशित भएको छ । यस चरणमा न्यौपानेको **समीक्षा-सुमन भाग -१ (२०६२)** प्रकाशनका दृष्टिले जेठो कृतिको रूपमा प्रकाशनमा आएको छ । यसैगरी **समीक्षा-सुमन भाग-२**, **चिरन्तन** कविता सङ्ग्रह (२०६४), **सपना देख्नेहरूका लागि** कविता सङ्ग्रह (२०६४), **हिउँको छायाँमुनि** गीति सङ्ग्रह (२०६४) यसै समयका प्रकाशित कृतिहरू हुन् ।

कवि न्यौपानेको यस चरणमा लेखिएको उनको **चिरन्तन** कविता सङ्ग्रह समसामयिक काव्य धरातलमा सर्वाधिक लोकप्रिय मान्न सकिन्छ । यस कृतिमा उनले समाज, प्रकृति, राष्ट्र, मानवता, क्रान्ति, धार्मिक, आध्यात्मिक थुप्रै कुराहरूलाई एउटै कृतिमा विभिन्न शीर्षकमार्फत समावेश गराएका छन् ।

न्यौपानेका कृतिहरूमा यथार्थता, राष्ट्रियता, प्रकृतिप्रेम, राजनीतिक आक्रोश, व्यङ्ग्य, स्वच्छन्दतावाद, आध्यात्मिक चेत, धार्मिक आस्था आदि विविध प्रवृत्तिहरू पाइन्छन् ।

न्यौपाने आफ्ना रचनाहरूमा समाजभित्रका अन्याय, अत्याचार, विकृति र विसङ्गतिप्रति विद्रोह र व्यङ्ग्यात्मक स्वर प्रस्तुति दिएर राष्ट्रियता, मानवतावादी स्वर उजागर गर्न सफल रहेका छन् । उनका रचनामा काल्पनिक कुरा नभएर यथार्थ कुराहरू प्रस्तुत भएका छन् । मानवीय जीवनका आरोह-अवरोहहरू सुख दुःख, प्रेम, विछोड, माया, घृणा साथै राष्ट्रियताका भावहरू सबैलाई उनले आफ्ना कवितामा समेटेका छन् ।

केदार न्यौपानेका साहित्यिक कृतिहरूको अध्ययन उनी एक यस्ता साहित्यकार हुन् जो अरूभन्दा अलि भिन्न छन् । आधुनिक मान्यतालाई अँगाल्छन् र साहित्यलाई समाज परिवर्तन गर्ने साधन एवम् स्वतन्त्र अभिव्यक्तिको माध्यम बनाउन कटिबद्ध छन् ।

केदार न्यौपानेले साहित्य र साहित्येत्तर दुवै क्षेत्रमा दिएको योगदानलाई महान् कार्य र राष्ट्रसेवाको रूपमा लिनु पर्दछ । यस्तै महान् कार्यहरूले गर्दा नै देशको गौरव बढ्छ । न्यौपाने जस्ता थुप्रै नेपाली भएदेखि यो देशको सान उच्च हुने थियो । यस्ता व्यक्तिको खाँचो यो देशलाई अति छ । त्यसैले साहित्यकार न्यौपानेका बारेमा आगामी दिनहरूमा निम्न लिखित विषयमा शोधकार्य गर्न सकिन्छ :

- केदार न्यौपानेका कृतिहरूमा प्रकृति प्रेम
- केदार न्यौपानेको समीक्षात्मक कृतिको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


उपाध्याय, केशवप्रसाद, (२०५९), **साहित्य प्रकाशन,** ललितपुरः साझा प्रकाशन ।

ओझा, दशरथ, (ई. १९७५), **समीक्षा शास्त्र,** दिल्लीः राजपाल एण्ड सन्स ।

घिमिरे, माधव, (भूमिका, २०६४), **हिउँको छायामुनि,** काठमाडौंः सद्रीमा प्रकाशन ।

ढकाल, विमला, (२०६८), **कवि रामेश्वर राउत मातृदास र उनको ढुङ्गाको बीउ** कविता सङ्ग्रहको अध्ययन (स्नातकोत्तर अप्रकाशित शोधपत्र), त्रि.वि. पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति ।

त्रिपाठी, वासुदेव र अन्य, (२०६०) **नेपाली कविता** भाग ४, ललितपुरः साझा प्रकाशन ।

थापा, मोहन हिमांशु, (२०६६), **साहित्य परिचय,** ललितपुरः साझा प्रकाशन ।

न्यौपाने, केदार, (२०६२), **समीक्षा सुमन** (भाग १ र २), कविता सङ्ग्रह, काठमाडौंः आगम प्रकाशन ।

न्यौपाने, केदार, (२०६४), **कलमीको तर्फबाट हिउँको छायाँमुनि,** कविता सङ्ग्रह, काठमाडौंः सद्रीमा प्रकाशन ।

न्यौपाने, केदार, (२०६४), **सपना देख्नेहरूका लागि,** कविता सङ्ग्रह, काठमाडौंः सद्रीमा प्रकाशन ।

न्यौपाने, केदार, (२०६४), **चिरन्तन,** कविता सङ्ग्रह, काठमाडौंः सद्रीमा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद, (२०५५), **राम्रो रचना मीठो नेपाली,** काठमाडौंः सहयोगी प्रेस ।

पोखरेल, बालकृष्ण र अन्य, (२०५०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौंः ने.रा.प्र.प्र. ।

पोखरेल, प्रल्हाद, (भूमिका, २०६३), कवि केदार न्यौपानेका कवितात्मक प्रवृत्ति काठमाडौंः **सपना देख्नेहरूका लागि कविता सङ्ग्रह,** काठमाडौंः सद्रीमा प्रकाशन ।

पराजुली, ठाकुर, (२०६४), **चिरन्तन कविता सङ्ग्रह,** काठमाडौंः सद्रीमा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, (भूमिका, २०६४), **सपना देख्नेहरूका लागि** कविता सङ्ग्रह, काठमाडौंः सद्रीमा प्रकाशन ।

प्रसाई, कृष्ण, (२०४८), **नेपाली समसामयिक कविताहरू,** प्रकाशक भक्त राई, स्मृति मण्डप ।

प्रसाई, महेश, (भूमिका, २०६४), जीवन जस्तै कविता, कविता जस्तै जीवन, **सपना देख्नेहरूका लागि कविता सङ्ग्रह,** काठमाडौँः सद्रीमा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०६६), **माध्यामिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास,** काठमाडौँः तलेजु प्रकाशन ।

शर्मा, तारानाथ, (२०३९), **नेपाली साहित्यको इतिहास**, दो.सं., काठमाडौँः सयपत्री प्रकाशन ।

शर्मा, तारानाथ, (२०४८), **समसामयिक साझा कविता**, ललितपुरः साझा प्रकाशन ।

शुभेच्छु, रमेश, (भूमिका, २०६४), **एउटा पाठकीय आलेख, चिरन्तन कविता सङ्ग्रह**, काठमाडौँः सद्रीमा प्रकाशन ।

शुभेच्छु, रमेश, (२०६४), **कवि केदार न्यौपाने र उनका सिर्जनात्मक कृतिहरू,** काठमाडौँः जनभावना ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, (२०५९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन ।

# परिशिष्ट

# परिशिष्ट-१

## साहित्यकार केदार न्यौपानेसँग सम्बन्धित केही चित्रहरू



शोधनायक













## परिशिष्ट-२

# केदार न्यौपानेका सम्मान पत्रहरू

























साहित्यिक पत्रकार संघ

२०२६

प्रमाण-पत्र


त्रिभुवन विश्वविद्यालय

पाठ्यक्रम विकास केन्द्र

प्रमाण—पत्र


केन्द्रीय वृहत कवि सम्मेलन

२०४५

बांसबारी क्लब

प्रमाण-पत्र


श्री षडानन्द स्मृति प्रतिष्ठान

प्रमाण-पत्र


नेपाल संस्कृत विश्वविद्यालय

अनुसन्धान-केन्द्र

प्रमाणपत्र


श्री पञ्चकुमारी सामाजिक गुठी

प्रमाणपत्र


सिम्पल आर्टस् बानेश्वर द्वारा

प्रदान गरिएको

सिम्पल सम्मान २०६०


त्रिभुवन विश्वविद्यालय

दीर्घ सेवा पदक


नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
प्रमाणपत्र
श्री ... लाई शिक्षा/खेलकुद क्षेत्रमा प्रशंसनीय काम गरे बापत राष्ट्रिय शिक्षा दिवस २०६४ को उपलक्ष्यमा शिक्षा दिवस पदक सहित यो प्रमाणपत्र प्रदान गरिएको छ ।


श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
छब्बीसौं शिक्षा दिवस २०४७
श्री ... लाई शिक्षा क्षेत्रमा प्रशंसनीय काम गरे बापत २०४७ सालको शिक्षा दिवसको उपलक्ष्यमा पदकका साथै यो प्रमाण-पत्र प्रदान गरिएको छ ।


देउराली क्लब नयाँ बानेश्वरको ३० औं वार्षिकोत्सवका अवसरमा
वरिष्ठ शिक्षानुरागी तथा साहित्यप्रेमी
केदार न्यौपानेका सम्मानमा समर्पित
अभिनन्दनपत्र


AMBASSADOR FOR PEACE
UNIVERSAL PEACE FEDERATION
Interreligious and International Federation for World Peace
Mr. Kedar Neupane

# परिशिष्ट-३

## साहित्यकार  केदार न्यौपानेसँग गरिएको कुराकानी

**शोधकर्ता** : **तपाईको नाम केदार कसरी रहन गएको होला ?**

**उत्तर** : मेरो न्वारनमा राखेको नाम चाहिँ दुर्गा प्रसाद रहेछ तर बाबा आमा, हजुरबा, हजुर आमाहरूले केदार नै भनेर बोलाउनु भएको थाहा छ । कसले कसरी राख्यो मलाई थाहा भएन ।

**शोधकर्ता** : **तपाईको बाल्यकाल कसरी बित्यो होला ? तपाईलाई याद छ ?**

**उत्तर** : खेलवाड र आध्यात्मिक, पौराणिक आख्यान उपाख्यानले बढी म आकर्षित हुन्थेँ ।

**शोधकर्ता** : **तपाईको औपचारिक अध्ययन हालसम्म कति होला र कुन-कुन विषयमा विज्ञता प्राप्त गरेजस्तो लाग्छ ?**

**उत्तर** : संस्कृतमाा आचार्यसम्मको अध्ययन गरेको भए पनि अन्तिम वर्षको परीक्षा दिइन । नेपालीमा एम.ए. गरेर धेरै वर्ष त्यसैको आधारमा प्राध्यापन पेसामा आबद्ध रहेँ । हाल आएर विद्यावारिधि (पिएच.डी.) गरेको छु ।

**शोधकर्ता** : **आफ्नो जीविकोपार्जनको आधार के जस्तो लाग्छ ?**

**उत्तर** : प्राध्यापन पेसा मुख्य हो भने कहिले कहीँ स्वतन्त्र लेखनलाई पनि अर्को पार्जनको सहारा बनाएको छु ।

**शोधकर्ता** : **तपाईको पारिवारिक जीवन हाल कस्तो छ ?**

**उत्तर** : सामान्य सुखद नै छ ।

**शोधकर्ता** : **साहित्यिक रचनामा कसबाट प्रेरणा प्राप्त गर्नुभएको हो ?**

**उत्तर** : मुख्यतः दाजु दैवज्ञराज न्यौपानेबाट नै हो भने पछि माधव प्रसाद घिमिरे, लेखनाथ पौडेल, गोपाल प्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा आदि विशिष्ट साहित्यकारहरूको प्रेरणा र प्रभाव पर्‍यो ।

**शोधकर्ता :** **तपाईले कविता लेख्ने अभ्यास कहिलेदेखि गर्नु भएको थियो ?**

**उत्तर :** वि.सं. २०१८-२०२० देखि नै सुरु भएको हो ।

**शोधकर्ता :** **राजनैतिक झुकाव कुनै पार्टीप्रति छ कि ?**

**उत्तर :** लेखन, प्राध्यापन भनेको राजनैतिक चिन्तन भन्दा भिन्न विशिष्ट कुरा हो । जसलाई राजनीतिको सीमित रेखाले प्रभावित पार्न सक्दैन । तर सार्वजनिक, वैचारिक धरातलमा म विद्यार्थी अवस्थादेखि नै प्रजातान्त्रिक आस्थाको नजिक रहने नेपाली काङ्ग्रेसको भातृ संस्था र काङ्ग्रेस पार्टीको नजिक रहेको छु ।

**शोधकर्ता :** **तपाइलाई आफ्ना रचनाहरू मध्ये कुन बढी मन पर्छ ?**

**उत्तर :** प्रायः आफ्ना रचना सबै प्रिय नै हुने रहेछन् । परिस्थिति अनुसार कहिले कुनै रचनाले बढी प्रभाव पार्छ, मन आकर्षित गर्छ भने कहिले कुनै रचना राम्रो लाग्छ ।

**शोधकर्ता :** **तपाईको विचारमा साहित्य कस्तो हुनुपर्छ ?**

**उत्तर :** साहित्यले सजिलै सहृदयीको मन छुन सक्नुपर्छ । भाव विचार र शैलीको सन्तुलित सुन्दर संरचना नै साहित्य हो । यो सधै अग्रगामी, अम्लान र नित्य नवीनताको परिचायक हुनुपर्छ ।

# परिशिष्ट-४

## प्रा. डा. कृष्णप्रसाद दाहालसँग साहित्यकार केदार न्यौपानेको बारेमा गरिएको कुराकानी

**शोधकर्ता : साहित्यकार केदार न्यौपानेसँग परिचय भएको कति भयो ?**

**उत्तर** : केदार न्यौपानेलाई मैले २०२२ सालदेखि चिनेको हुँ । जुनबेला उहाँ पिण्डेश्वर महाविद्यालय धरानमा पढ्नु हुन्थ्यो । उहाँ माथिल्लो कक्षामा र मचाहिँ तल्लो कक्षा पढ्दथेँ । एउटा अनुशासित र मिलनसार व्यक्तिका रूपमा उहाँ त्यसबेला सबैका सामु लोकप्रिय हुनुहुन्थ्यो ।

**शोधकर्ता : तपाईको विचारमा न्यौपानेको व्यक्तित्व कस्तो लाग्छ ? उहाँलाई कुन रूपमा हेर्नुहुन्छ ?**

**उत्तर** : समग्रमा भन्नुपर्दा केदार न्यौपानेलाई म कविकै रूपमा स्वीकार गर्दछु । पेसाका रूपमा त उहाँ प्राध्यापक हुँदै हो । नेपाली काव्यिक क्षेत्रमा खासगरी कवि केदार न्यौपानेको योगदान वर्णमातृक कविताको विकासमा उल्लेख्य रहेको छ । वर्णमातृक कवितालाई नयाँ सीप र शैलीद्वारा अगाडि बढाउनेहरूमा उहाँको स्थान पनि अग्रपङ्क्तिमा पर्ने गर्दछ ।

**शोधकर्ता : न्यौपानेका कार्यक्षेत्र धेरै छन् । तपाईको विचारमा उहाँ कुन क्षेत्रमा बढी सफल हुनुहुन्छ ?**

**उत्तर** : यसको उत्तर त मैले माथि नै दिइसकेको छु । कवि र प्राध्यापकक अतिरिक्त केदार न्यौपानेको योगदान नेपालको प्रजातान्त्रिक आन्दोलनमा समेत जोडिन पुग्दछ । उहाँ विद्यार्थी अवस्थादेखि नै प्रजातान्त्रिक मूल्य र मान्यताप्रति कटिबद्ध हुनुहुन्थ्यो । सफलताको कुरा गर्ने हो भने चाहिँ उहाँ कवितामा सफल हुनुहुन्छ ।

**शोधकर्ता : केदार न्यौपानेले रचना गर्नु भएका पुस्तकहरू पढ्नु भएको छ ? कुन-कुन पुस्तक पढ्नु भएको छ ?**

**उत्तर** : उहाँका फुटकर र पुस्तकाकार कृतिहरू धेरै पढेको छु । यहाँ ती सबैको एक एक गरेर व्याख्या गरेर साध्य छैन । उहाँका कवितामा देशप्रेमको भावना, नेपाली जातित्वको पहिचान, नेपाली संस्कृतिको टङ्कारो प्रस्तुति नै मुख्य प्राप्तिका रूपमा देखा परेका छन् ।

**शोधकर्ता : तपाईलाई न्यौपानेको कृति मध्ये सबैभन्दा मन पर्ने कुन हो र किन ?**

**उत्तर** : एउटै कृतिलाई मात्र औंल्याउने हो भने उहाँप्रति अन्याय गरेको ठहर्दछ । उहाँ थोरै लेख्ने तर राम्रो लेख्ने भएका हुँदा प्रायः सबै नै कृति मलाई राम्रा लाग्दछन् ।

**शोधकर्ता : न्यौपानेका कविताभित्र मौलिकता के कस्तो रूपमा प्रस्तुत भएको पाइन्छ ?**

**उत्तर** : सबैभन्दा महत्वपूर्ण कुरा त उहाँका कवितामा माटोको सुवास आउँदछ । उहाँ कवितामा जे कुरा भन्नु हुन्छ त्यसलाई स्पष्ट पार्न सक्नु हुन्छ । नचाहिदा शब्दभण्डार उहाँका कवितामा हुँदैनन् । गहन भावलाई पनि उहाँ सरल किसिमले भन्न सक्नुहुन्छ । यो नै उहाँको मौलिकता हो ।

**शोधकर्ता : न्यौपानेको स्वभाव र सहपाठीहरूसँगको सम्बन्ध बारे केही जानकारी गराई दिनुहुन्छ की ?**

**उत्तर** : मृदुभाषी सबैसँग मित्रभाव प्रस्तुत गर्नु उहाँको विशेषता हो । दोहोरो चरित्र नदेखाई सबैको हित मात्रै चिताएर हिँड्ने मानिस कमै हुन्छन् । यस्तैमा पर्नुहुन्छ केदार न्यौपाने । उहाँको कमजोरी भन्नु नै यही हो कि कसैलाई पनि ठूलो स्वर गरेर हकार्न सक्नु हुन्न । यसैले गर्दा उहाँलाई सबैले मन पराउने गर्दछन् । शुत्रलाई पनि सानो स्वरमा सम्झाउनु उहाँको वैशिष्ट्य हो ।

**शोधकर्ता : न्यौपानेको आन्तरिक र बाह्य व्यक्तित्वमा केही फरक पाउनु भएको छ ?**

**उत्तर** : उहाँको आन्तरिक र बाह्य व्यक्तित्वमा समानता पाइन्छ । उहाँभित्र जस्तो हुनुहुन्छ बाहिर पनि त्यस्तै हुनुहुन्छ । दुवै व्यक्तित्वमा साधा र सफापन पाइन्छ ।

**शोधकर्ता : तपाई र न्यौपानेमा घनिष्ट मित्रताको सम्बन्ध छ तर पनि एक अर्कामा फरक के छ ?**

**उत्तर** : उहाँ मेरो आदरणीय मित्र दाजु हुनुहुन्छ । त्यस उसले गर्दा घनिष्ट सम्बन्ध हुने नै भयो । मेरा पिताजी हिमप्रसाद दाहालले उहाँलाई पढाउनु भएको हुनाले म उहाँको गुरूपुत्र पनि हुँ । हामीले एउटै महाविद्यालयमा पढेका हौं । दुवैले पढेको र पढाएको विषय नेपाली हो । उहाँ पनि कवि र म पनि कवि भएको हुनाले हामीमा धेरै नै समानता छ । असमानता एउटै कुरामा मात्रै छ उहाँ मभन्दा धेरै नै अग्रज र विद्वान् हुनुहुन्छ ।

**शोधकर्ता : न्यौपानेको बारेमा केही भन्न चाहनुहुन्छ कि ?**

**उत्तर** : कवि केदार न्यौपानेले नेपाली भाषा र साहित्यका माध्यमबाट राष्ट्रको जेजस्तो सेवा गरिरहनु भएको छ त्यसको सही मूल्याङ्कन कसैबाट भइराखेको छैन । उहाँलाई राज्यले मूल्याङ्कनका लागि सम्झेको छैन । यो दुःखको कुरा हो ।

# परिशिष्ट-५

## डा. विष्णु राईसँग साहित्यकार केदार न्यौपानेको बारेमा गरिएको कुराकानी

**शोधकर्ता : साहित्यकार केदार न्यौपानेसँग परिचय भएको कति भयो ?**

**उत्तर** : लगभग पच्चीस वर्ष ।

**शोधकर्ता : तपाईको विचारमा न्यौपानेको व्यक्तित्व कस्तो छ ? उहाँलाई कुन रूपमा हेर्नुहुन्छ ?**

**उत्तर** : सरल, सालिन, बौद्धिक, मिलनसार व्यक्तिको रूपमा मैले प्रारम्भदेखि नै चिन्दछु । मानवतावादी साहित्यकारको रूपमा वहाँ हुनुहुन्छ ।

**शोधकर्ता : न्यौपानेका कार्यक्षेत्र धेरै छन्, कुन क्षेत्रमा बढी सफल हुनुभएको जस्तो लाग्छ ?**

**उत्तर** : प्राध्यापक क्षेत्र साथै साहित्य क्षेत्र दुवै सफल उहाँका सबल कार्यक्षेत्रहरू हुन् ।

**शोधकर्ता : केदार न्यौपानेले रचना गर्नु भएका कुन-कुन पुस्तकहरू पढ्नु भएको छ ?**

**उत्तर** : कविता सङ्ग्रह 'सपना देख्नेहरूको लागि' र 'चिरन्तन', गीत सङ्ग्रह 'हिउँको छायाँमुनि' यी माथिका सबै पढेको छु ।

**शोधकर्ता : तपाईलाई सबैभन्दा मन पर्ने न्यौपानेको कृति कुन हो र किन ?**

**उत्तर** : 'सपना देख्नेहरूको लागि' कविता सङ्ग्रह मलाई मनपर्ने कृति हो । यस कविताभित्र मानवीय मूल्य छन् । विसङ्गतिका विरुद्धमा खरो आवाजहरू छन् ।

**शोधकर्ता** : **कविताभित्र न्यौपानेको मौलिकता के कस्तो रूपमा प्रस्तुत भएको छ ?**

**उत्तर** : यथार्थपरक, कविको मौलिकता हो । समाजमा भएका सत्य तथ्य विसङ्गति विरुद्धमा काव्यिक रूपमा प्रस्तुत गर्ने क्षमता उहाँका सबल पक्षहरू हुन् । प्रकृतिवाद कविताका अर्को मौलिक पक्षहरू हुन् ।

**शोधकर्ता** : **आफ्ना सहपाठीहरूसँग न्यौपानेको सम्बन्ध कस्तो पाउनुहुन्छ अर्थात् उहाँको स्वभाव कस्तो लाग्दछ ?**

**उत्तर** : अत्यन्त घनिष्ट मिलनसार उहाँको साथीहरूसँग व्यक्तित्व पाइन्छ । साथीहरूलाई सहयोगी भावना विकास अभिप्रेरित गर्ने शालिन विचारकको रूपमा उहाँलाई सधै पाइन्छ ।

**शोधकर्ता** : **तपाईले न्यौपानेको आन्तरिक र बाह्य व्यक्तित्वबीच कुनै भिन्नता पाउनु भएको छ ?**

**उत्तर** : खासै फरक मैले देखेको छैन । हरेक क्षेत्रमा उहाँ शालिन रूपमा सहभागी भएको मैले देखेको छु ।

**शोधकर्ता** : **तपाई र न्यौपानेमा घनिष्ट मित्रताको सम्बन्ध छ तर पनि फरक के छ ?**

**उत्तर** : साहित्य रुचि उहाँ र मेरो मिल्ने पक्ष हुन् । नमिल्ने पक्ष भनेको उहाँसँग अझ मैले सिक्नु पर्ने पक्षहरू धेरे छन् । यहाँका सफल पक्षहरूसँग मेरो सामान्य जीवन कल्पना गर्न मिल्दैन होला ।

**शोधकर्ता** : **अन्त्यमा न्यौपानेका बारेमा केही भन्न चाहनुहुन्छ कि ?**

**उत्तर** : उहाँको विषयमा छोटो समयमा म धेरै कुराहरू यहाँ समेट्न नसकौंला । तर भन्नुपर्दा विशिष्ट अनुशासित, जाँगर, हाम्रा लागि अनुकरणीय, शालिन व्यक्तित्व, मृदुभाषी, बौद्धिक उचाई, सहयोगी, सरल मानिस । प्राध्यापक क्षेत्रबाट हेर्दा एक अनुशासित असल प्राध्यापक । साहित्यको पाटोबाट हेर्दा मौलिक परम्परा, संस्कृति बोकेका सामाजिक विसङ्गतिविरुद्ध शालिन यथार्थपरक रूपमा बोलेका छन् । तसर्थ हरेक पक्षबाट हेर्दा समाजका लागि अनुकरणीय व्यक्तित्व हुनुहुन्छ ।

# परिशिष्ट-६

## डा. तुलसी भट्टराईसँग साहित्यकार केदार न्यौपानेको बारेमा गरिएको कुराकानी

शोधकर्ता : **साहित्यकार केदार न्यौपानेसँग परिचय भएको कति भयो ?**

**उत्तर** : वि.सं. २०३६ सालमा जनमत सङ्ग्रह अभियानमा भेट भएपछि यता निरन्तरता छ । वर्षमा भन्नुपर्दा ३५ पुग्यो ।

शोधकर्ता : **तपाईको विचारमा न्यौपानेको व्यक्तित्व कस्तो छ ? उहाँलाई कुन रूपमा हेर्नुहुन्छ ?**

**उत्तर** : सरल स्वभावका हुनुहुन्छ । सादा जीवन उच्च विचारका सच्चा पालक । साथीभाइसँग मिलनसार । आफ्नो काम बिताएर पनि सहयोग गर्न अग्रसर हुने । आदर्श, मूल्य मान्यताप्रति प्रतिबद्ध विद्यार्थीबेलादेखि नै प्रजातान्त्रिक विचार, चिन्तन, सिद्धान्त एवम् विश्वेश्वरप्रसाद कोइरालाद्वारा निर्दिष्ट प्रजातान्त्रिक समाजवादका अनुयायीका रूपमा मान्दै जान्दै आएको छु ।

शोधकर्ता : **न्यौपानेका कार्यक्षेत्र धेरै छन्, कुन क्षेत्रमा बढी सफल हुनुभएको जस्तो लाग्छ ?**

**उत्तर** : शिक्षा क्षेत्रमा सफलता छ । राम्रो योग्य प्राध्यापकका रूपमा चिनिनु हुन्छ । त्यसो त लेखन क्षेत्र पनि फराकिलै छ । सामाजिक क्षेत्रमा पनि योगदान छ तर पनि आदर्श र इमानदार प्राध्यापक भन्न पाउँदा बढी आनन्द लाग्छ ।

शोधकर्ता : **केदार न्यौपानेले रचना गर्नु भएका कुन-कुन पुस्तकहरू पढ्नु भएको छ ?**

**उत्तर** : सबै पुस्तकहरू पढेको छु -'सपना देख्नेहरूका लागि' (गद्य कविता सङ्ग्रह), 'चिरन्तन' (पद्य कविता सङ्ग्रह) र 'हिउँको छायामुनि' (गीत सङ्ग्रह) यी तीनवटै कृति एकै दिन विमोचन भएका थिए । भीएस निकेतनको सभाकक्षमा करिब तीनसय लेखक, समीक्षक र शुभेच्छुकको बीचमा पहिलो

पटक सार्वजनिक भएका मित्र केदारजीलाई बधाइ र शुभकामनाको ओइरो लागेको थियो । यी तीनवटै कृति पढेको छु । समीक्षा सुमन, अनुवाद विज्ञान, चिकित्सा नेपालीका साथै अन्य विविध रचनाहरू पनि पढेको छु ।

**शोधकर्ता** : **तपाईलाई सबैभन्दा मन पर्ने न्यौपानेको कृति कुन हो र किन ?**

**उत्तर** : सबै कृति भिन्नभिन्न विषयका छन् । सबैको स्थान नाम फरक छ । एकै प्रकृतिका धेरै कृति पढेर एउटा छान्न सजिलो हुन्छ । न्यौपानेजीका आधा दर्जन कृति फरक विषयमा छन् तैपनि एउटा रोज्नु पर्दा पद्यतिर ‘चिरन्तन’ र गद्यतिर ‘अनुवाद विज्ञान’ लाई अगाडि राख्छु ।

**शोधकर्ता** : **कविताभित्र न्यौपानेको मौलिकता के कस्तो रूपमा प्रस्तुत भएको छ ?**

**उत्तर** : सरलता, सरसता, प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवअधिकार मानवीय स्वतन्त्रता जस्ता विषयहरू समेटिएका छन् । राष्ट्रप्रेम अग्रणी छ अन्य प्रसङ्गहरू पनि छन् ।

**शोधकर्ता** : **आफ्ना सहपाठीहरूसँग न्यौपानेको सम्बन्ध कस्तो पाउनुहुन्छ अर्थात् उहाँको स्वभाव कस्तो लाग्दछ ?**

**उत्तर** : सबैसँग मिल्ने, झर्को फर्को नगर्ने । हाँसेर, मीठो मुस्कानसाथ साथी भाइको स्वागत गर्ने स्वभाव अनुकरणीय छ । प्रायः उहाँसँग गाँसिएको मित्रता, भातृत्व हत्तपत्त टुट्दैन ।

**शोधकर्ता** : **तपाईले न्यौपानेको आन्तरिक र बाह्य व्यक्तित्वबीच कुनै भिन्नता पाउनु भएको छ ?**

**उत्तर** : मन, वचन र कर्ममा समरूप- एकरूप राख्ने व्यक्ति हजारौमा एक दुई भेटिएला । यस्तै एक दुई मध्येका हुनुहुन्छ न्यौपानेजी । मैले बुझेसम्म आन्तरिक र बाह्य दुवै स्तरमा एउटै स्वरूप छ उहाँको । अन्तर्मुखी व्यक्तित्वभित्र बाहिर समान रूपमा झल्किन्छ ।

**शोधकर्ता : तपाई र न्यौपानेमा घनिष्ट मित्रताको सम्बन्ध छ तर पनि फरक के छ ?**

**उत्तर** : ३५ वर्षको अवधिमा कहिल्यै मनमुटाव अथवा कुनै प्रकारको चर्को बोली दुवैबीच भएको छैन । शास्त्रमा भनिएको छ -मित्रमित्रका बीच राम्रा गुण, राम्रा चरित्र मात्र खोज्नु देख्नु र परस्पर ग्रहण गर्नु । राम्रैराम्रो मात्र छ हामीबीच ।

**शोधकर्ता : अन्त्यमा न्यौपानेका बारेमा केही भन्न चाहनुहुन्छ कि ?**

**उत्तर** : हामीबीच सँधै हार्दिकतापूर्वकको मित्रता रहिरहनेछ । कहिल्यै कुनै ग्रहण लाग्ने छैन ।

# परिशिष्ट-७

## सीताराम अधिकारीसँग साहित्यकार केदार न्यौपानेको बारेमा गरिएको कुराकानी

शोधकर्ता : **साहित्यकार केदार न्यौपानेसँग परिचय भएको कति भयो ?**

**उत्तर** : वि.स. २०३० सालदेखि निकट सम्बन्ध रहेको छ ।

शोधकर्ता : **तपाईको विचारमा न्यौपानेको व्यक्तित्व कस्तो छ ? उहाँलाई कुन रूपमा हेर्नुहुन्छ ?**

**उत्तर** : न्यौपानेको व्यक्तित्व राम्रो छ । उहाँका ३ किसिमका व्यक्तित्व छन्- प्राध्यापकीय, साहित्यिक र मित्रवत् । जो कोहीमा यी कुरा पाइँदैनन् । केदार न्यौपाने सामाजिक क्षेत्रमा पनि उत्तिकै चर्चित हुनुहुन्छ ।

शोधकर्ता : **न्यौपानेका कार्यक्षेत्र धेरै छन्, कुन क्षेत्रमा बढी सफल हुनुभएको जस्तो लाग्छ ?**

**उत्तर** : उहाँ निष्ठ तथा असल प्राध्यापक र सफल स्रष्टा हो ।

शोधकर्ता : **केदार न्यौपानेले रचना गर्नु भएका कुन-कुन पुस्तकहरू पढ्नु भएको छ ?**

**उत्तर** : स्रष्टा न्यौपानेका अहिले तीन वटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । प्रकाशित हुनका लागि पर्खिरहेका पनि थुप्रै छन् । चिरन्तन, हिउँको छायामुनि र सपना देख्नेहरूका लागि, साहित्येतरमा समीक्ष-सुमन, अनुवाद-विज्ञान, चिकित्सा नेपाली आदि-आदि प्रकाशित कृतिहरू हुन् । एक पटक यी तिनवटै हेरेको छु र आनन्द लिएको छु ।

शोधकर्ता : **तपाईलाई सबैभन्दा मन पर्ने न्यौपानेको कृति कुन हो र किन ?**

**उत्तर** : मलाई सबै राम्रा लाग्छन, तर पनि छन्दमा लेख्ने भएकोले र उहाँका कविताले जीवन जगत् र जगत्भित्र र मानव जीवनसित सम्बन्धित

विषयवस्तु जस्तै संस्कार, संस्कृति, कला, प्रकृति आदि उहाँका कविताका सशक्त भएर तिनको मूर्त रूप लिन सकेका कारणले चिरन्तनलाई बढी स्नेह पुगेको छ ।

**शोधकर्ता** : **कविताभित्र न्यौपानेको मौलिकता के कस्तो रूपमा प्रस्तुत भएको छ ?**

**उत्तर** : मौलिकताको बारेमा प्रश्न नै उठ्दैन । न्यौपाने सफल स्रष्टा भएकाले उहाँको विषयवस्तुको छनोट प्रस्तुति, शब्दहरूको प्रयोग र कविताको अन्य पक्षजस्तै रस, अलङ्कारका प्रयोगमा आफ्नैपन छन् ।

**शोधकर्ता** : **आफ्ना सहपाठीहरूसँग न्यौपानेको सम्बन्ध कस्तो पाउनुहुन्छ अर्थात् उहाँको स्वभाव कस्तो लाग्दछ ?**

**उत्तर** : सुमधुर सम्बन्ध राख्ने उहाँको स्वभाव, पठित तथा संस्कारयुक्त व्यक्तिका रूपमा सदैव देखिनु हुन्छ ।

**शोधकर्ता** : **तपाईले न्यौपानेको आन्तरिक र बाह्य व्यक्तित्वबीच कुनै भिन्नता पाउनु भएको छ ?**

**उत्तर** : सामान्य हेर्दा साधारण व्यक्ति देखिनुहुन्छ । तर भित्री व्यक्तित्व गहन छ, गहिरो ज्ञान र लामो अनुभवले खारिएको एउटा अनुयय व्यक्तित्व हो ।

**शोधकर्ता** : **तपाई र न्यौपानेमा घनिष्ट मित्रताको सम्बन्ध छ तर पनि फरक के छ ?**

**उत्तर** : हामी प्राध्यापन गर्छौं तर उहाँ नेपाली भाषा साहित्य र म अङ्ग्रेजी भाषा साहित्य पढाउँछु । हामी दुवै पातला (शारीरिक वनावट) छौँ । दुवै चिया खान्छौ धुम्रपान गर्दैनौं । हामी दुवै गीत कविता लेख्छौं । हाम्रा धरै कुरा मिल्दा छन् ।

**शोधकर्ता** : **अन्त्यमा न्यौपानेका बारेमा केही भन्न चाहनुहुन्छ कि ?**

**उत्तर** : एक वाक्यमा भन्दा श्री केदार न्यौपाने एक आदर्श नेपाली नागरिक, आदर्श प्राध्यापक, सफल स्रष्टा, असल मित्र र समाजसेवी हुनुहुन्छ ।

# परिशिष्ट-८

## महेश प्रसाईसँग साहित्यकार केदार न्यौपानेको बारेमा गरिएको कुराकानी

**शोधकर्ता : साहित्यकार केदार न्यौपानेसँग परिचय भएको कति भयो ?**

**उत्तर** : मैले उहाँलाई चिनेको चालीस वर्षभन्दा बढी भइसकेको छ । म किशोर हुँदा उहाँ युवावस्थामा हुनुहुन्थ्यो । उहाँले साहित्यिक र राजनीतिक व्यक्तित्वसित पनि म परिचित थिएँ । प्रारम्भदेखि नै उहाँ आफ्ना कर्मक्षेत्रमा सशक्त ढङ्गबाट अघि बढिरहनु भएको थियो ।

**शोधकर्ता : तपाईको विचारमा न्यौपानेको व्यक्तित्व कस्तो छ ? उहाँलाई कुन रूपमा हेर्नुहुन्छ ?**

**उत्तर** : उहाँ शालिन छविको व्यक्ति हुनुहुन्छ । उहाँको व्यक्तित्वमा ओजस्विता छ । सौष्ठवमय छ उहाँको प्रकृति पनि ।

**शोधकर्ता : न्यौपानेका कार्यक्षेत्र धेरै छन्, कुन क्षेत्रमा बढी सफल हुनुभएको जस्तो लाग्छ ?**

**उत्तर** : उहाँ प्राध्यापन क्षेत्रमा निकै सफल मानिनुहुन्छ । समाजसेवाका क्षेत्रमा पनि उहाँको योगदान उत्तिकै सराहनीय छ । तथापि उहाँको साहित्य साधनालाई पनि कम आकलन गर्न मिल्दैन ।

**शोधकर्ता : केदार न्यौपानेले रचना गर्नु भएका कुन-कुन पुस्तकहरू पढ्नु भएको छ ?**

**उत्तर** : 'सपना देख्नेहरूको लागि' कविता सङ्ग्रह र 'चिरन्तन', गीत सङ्ग्रह दुवै पढेको छु । चिरन्तन उत्कृष्ट भए पनि सपना देख्नेहरूका लागि विशेष मन परेको छ मलाई ।

**शोधकर्ता : तपाईलाई सबैभन्दा मन पर्ने न्यौपानेको कृति कुन हो र किन ?**

**उत्तर** : 'सपना देख्नेहरूका लागि' सबैभन्दा मन परेको कृति हो । यसमा काल चिन्तन छ । जीवनको सशक्त संवेदना छ ।

**शोधकर्ता : कविताभित्र न्यौपानेको मौलिकता के कस्तो रूपमा प्रस्तुत भएको छ ?**

**उत्तर :** जीवन चिन्तनका सबल दृष्टिकोणहरू नै उहाँका मौलिकताका आधारहरू हुन् । उहाँ यथार्थवादी कवि । मानव धरातलका सूक्ष्म पक्षहरूको उद्घाटन गर्ने चिन्तक ।

**शोधकर्ता : आफ्ना सहपाठीहरूसँग न्यौपानेको सम्बन्ध कस्तो पाउनुहुन्छ अर्थात् उहाँको स्वभाव कस्तो लाग्दछ ?**

**उत्तर :** उहाँ सहपाठीहरूका बिच एक यस्तो पुष्पकमल पुष्पराग हुनुहुन्छ उहाँसित अरु रिसविभोर भइरहँदा त्यहाँ उहाँको अवस्थितिचाहिँ तानसेननिसृत सुर भएर भङ्कृत हुँदै बहिरहेको हुन्छ, अनन्त गन्तव्यतिर ।

**शोधकर्ता : तपाईले न्यौपानेको आन्तरिक र बाह्य व्यक्तित्वबीच कुनै भिन्नता पाउनु भएको छ ?**

**उत्तर :** उहाँ अन्तर्मुखी व्यक्तिचेत भएको एउटा सर्जक, जो मृदुभाषी हुनुहन्छ । उहाँमा रहेको कोमल काञ्चनमाला रूप-स्कन्धलाई पृथक तुल्याएर हेर्न वा परीक्षण गर्न ब्रम्हाजीलाई पनि गाह्रो पर्ला । तथापि मेरो ठम्याइ उहाँको भित्र र बाहिर एउटै छ । एकै छ ।

**शोधकर्ता : तपाई र न्यौपानेमा घनिष्ट मित्रताको सम्बन्ध छ तर पनि फरक के छ ?**

**उत्तर :** उहाँ दाजु पुस्ता । म भाइ पुस्ता । उहाँको र मेरो घनिष्टता र आत्मीयतामा कुनै शङ्का छैन । उहाँको शालिनता र विनयशीलताका अगाडि हामी टिक्न सक्दैनौं । कमसे कम मचाहिँ टिक्न सक्दिनँ ।

**शोधकर्ता : अन्त्यमा न्यौपानेका बारेमा केही भन्न चाहनुहुन्छ कि ?**

**उत्तर :** उहाँको प्रतिभा, क्षमता, संभावना र ऊर्जा निकै आशलाग्दो छ । यी आशलाग्दा धरोहरहरूबाट राष्ट्र-राज्य लाभान्वित हुने कुरामा म विश्वस्त छु । तथापि यो परार्धकालीन तापमानमा आइपुग्दा उहाँले (आफूले) आफूलाई व्यवस्थित गर्न नसकेको हो कि !